जलवायु परिवर्तन र रेड् सम्बन्धमा
आदिवासी जनजातिका लागि

# प्रशिक्षण निर्देशिका

## Climate Change and REDD Training Manual for Indigenous Peoples

Published by:

NEFIN

**Climate Change-REDD Partnership Programme**

In partnership with:

IWGIA AIPP TEBTEBBA

With support from:

# विषयसूची


पृष्ठभूमि ४
को हुन् प्रशिक्षार्थीहरू ? ४
प्रशिक्षणको उद्देश्य ४
तालिम समय तालिका ५

## कार्ययोजना – १

जलवायु परिवर्तन र आदिवासी जनजाति ६

## कार्ययोजना – २

वन फडानी तथा वन विनासबाट हुने
कार्वन उत्सर्जनको कटौती (रेड) र
आदिवासी जनजाति १९

## कार्ययोजना – ३

आदिवासी जनजाति, भूमि र वन
जंगलसम्बन्धी संवैधानिक, कानुनी
र नीतिगत व्यवस्थाहरू ४५

## कार्ययोजना – ४

युएनड्रिप र आइएलओ महासन्धि नं १६९ ५०

## कार्ययोजना – ५

जन–वकालत ६८


आरम्भ

## पृष्ठभूमि

यो तालिम निर्देशिका आदिवासी जनजाति नेता तथा अगुवाहरूको लागि हो । यो तालिम निर्देशिका के हो वन फडानी तथा वन विनासबाट हुने कार्वन उत्सर्जनको कटौती (रेड) नामक पुस्तकलाई आधार मानेर बनाइएको छ ।

यसको उद्देश्य प्रशिक्षकहरूलाई आफ्नो प्रशिक्षणलाई व्यवस्थित बनाउन सकियोस् भन्ने हो । यसमा जलवायु परिवर्तन, रेड अवधारणा, आदिवासी जनजातिको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र, अन्तर्राष्ट्रिय श्रम संगठनको आदिवासी जनजातिसम्बन्धी महासन्धि नं. १६९ र जनवकालतको सम्बन्धमा उल्लेख गरिएको छ । साथै तालिमका लागि आवश्यक सामग्रीहरू तथा त्यसका लागि अपनाउन सकिने विभिन्न क्रियाकलापहरूको बारेमा पनि चर्चा गरिएको छ ।

## को हुन् प्रशिक्षार्थीहरू ?

प्रशिक्षार्थीहरू राष्ट्रिय तथा स्थानीय तहका आदिवासी जनजाति अगुवाहरू हुनेछन् । उनीहरूसँग आदिवासी जनजातिको अधिकार क्षेत्रमा काम गरेको अनुभव हुनेछ ।

## प्रशिक्षणको उद्देश्य

- जलवायु परिवर्तनका प्रभावहरूका बारेमा बुझ्ने क्षमताको अभिवृद्धि गराउने
- जलवायु परिवर्तनका प्रभावहरूका बारेमा अरूलाई बुझाउन सक्ने गरी जानकार बनाउने
- जलवायु परिवर्तनको प्रभाव न्यूनीकरणका लागि आएको रेड अवधारणाको बारेमा जानकार बनाउने
- जलवायु परिवर्तनको प्रभाव न्यूनीकरणका लागि आएको रेड अवधारणाको बारेमा अरूलाई बुझाउन सक्ने गरी जानकार बनाउने
- जलवायु परिवर्तन र रेड अवधारणाका सम्बन्धमा राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा भइरहेका गतिविधिहरूको सम्बन्धमा जानकारी दिने
- आदिवासी जनजातिको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र र अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि नं. १६९ ले प्रत्याभूत गरेको अधिकारलाई जलवायु परिवर्तन र रेड अवधारणाको सन्दर्भमा बुझ्ने
- जलवायु परिवर्तन र रेडसँग सम्बन्धित स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय कार्यक्रम तथा नीति निर्माणमा आदिवासी जनजाति नेताहरूलाई सहभागी हुन तथा आफ्नो अडानहरू प्रस्तुत गर्न सक्षम बनाउने ।
- जलवायु परिवर्तन र रेडले आदिवासी जनजाति समुदायमा पार्ने प्रभाव र त्यसको न्यूनीकरणको लागि अवलम्बन गर्नुपर्ने उपायहरूको बारेमा छलफल गर्ने ।
- प्रभावकारी जनवकालतका लागि आवश्यक ज्ञान दिने ।

## तालिम समय तालिका

| दिन | विषयबस्तु | कक्षा | समय |
|---|---|---|---|
| पहिलो दिन | जलवायु परिवर्तन | १ वटा कक्षा | १.३० घण्टा |
| पहिलो दिन | जलवायु परिवर्तन र आदिवासी जनजाति | १ वटा कक्षा | १.३० घण्टा |
| पहिलो दिन | जलवायु परिवर्तन, वन र रेड | १ वटा कक्षा | १.३० घण्टा |
| पहिलो दिन | रेड अवधारणा | १ वटा कक्षा | १.३० घण्टा |
| दोस्रो दिन | रेड अवधारणा (अघिल्लो दिन निरन्तर) | १ वटा कक्षा | १.३० घण्टा |
| दोस्रो दिन | रेड (समुह छलफल) | १ वटा कक्षा | १.३० घण्टा |
| दोस्रो दिन | रेड (नाटक) | १ वटा कक्षा | १.३० घण्टा |
| दोस्रो दिन | आदिवासी जनजाति, भूमि र वन जंगलसम्बन्धी संबैधानिक, कानुनी र नीतिगत व्यवस्थाहरू | १ वटा कक्षा | १.३० घण्टा |
| तेस्रो दिन | स्थलगत भ्रमण | | |
| चौथों दिन | आइएलओ नं. १६९ | १ कक्षा | १.३० घण्टा |
| चौथों दिन | यूएनड्रिप | १ कक्षा | १.३० घण्टा |
| चौथों दिन | जनवकालत | १ कक्षा | १.३० घण्टा |
| | तालिमको मुल्यांकन | | |



**कार्ययोजना - १**

# जलवायु परिवर्तन र आदिवासी जनजाति

## उद्देश्य

आदिवासी जनजाति समुदायका नेता तथा अगुवाहरूलाई जलवायु परिवर्तन र आदिवासी जनजातिहरूमा त्यसले पारेको र भविष्यमा पार्नसक्ने प्रभावको बारेमा गहिरो बुझाइका लागि सहयोग गर्ने ।

NEFIN

## आवश्यक सामग्रीहरू

- सेतो बोर्ड
- पोष्टर वा फ्लिप चार्ट
- रंगीन कार्ड
- मार्कर पेनहरू
- टेप
- पावर प्वाइन्ट प्रस्तुती गर्ने भए त्यस सम्बन्धी सामग्रीहरू (ल्यापटप, प्रोजेक्टरलगायतका सामग्रीहरू)
- विषयसँग सम्बन्धित छोटा वृत्तचित्र, पोष्टर तथा तस्वीरहरू

**कार्ययेजना १ अनुसार आवश्यक पाठ्य सामग्री**ः के हो वन फडानी

| समय | विषयबस्तु | क्रियाकलाप |
|---|---|---|
| कक्षा १<br>१.३० घण्टा | जलवायु परिवर्तन<br>• जलवायु परिवर्तन भनेको के हो ?<br>• जलवायु परिवर्तन र मौसम परिवर्तनमा के फरक छ ?<br>• तपाईले मौसमको स्वरूपमा के कस्तो परिवर्तनको अनुभूति गर्नु भएको छ ?<br>• जलवायु परिवर्तनका प्रभावहरू के-के हुन् ?<br>• जलवायु परिवर्तनका जिम्मेवार को-को हुन् ?<br>• हरितगृह ग्यास भनेको के हो ?<br>• हरितगृह ग्यासको उत्सर्जन कसरी हुन्छ ?<br>• भू-तापमान वृद्धि भनेको के हो ?<br>• भू-तापमानको वृद्धि के कारणले हुन्छ ?<br>• हरितगृह ग्यासको उत्सर्जन र भू-तापमान वृद्धिको जलवायु परिवर्तनसँग के सम्बन्ध छ ?<br>• जलवायु परिवर्तनका कारण परेको प्रभाव न्यूनीकरण भनेको के हो ?<br>• जलवायु परिवर्तनका कारण परेको प्रभाव अनुकूलनता भनेको के हो ?<br>• प्रभाव न्यूनीकरण र अनुकूलनताका लागि के-कस्ता कार्यहरू भइरहेका छन् ? | • सुरूमा विषय प्रवेश गराउने र जलवायु परिवर्तनका सम्बन्धमा पृष्ठभूमिलाई छोटो रूपमा प्रस्तुत गर्ने ।<br>• मौसम परिवर्तनले पारेका प्रभावहरूका बारे सहभागीहरूलाई भन्न लगाउने वा कार्डमा लेख्न लगाउने ।<br>• सहभागीहरूबाट आएको समस्या तथा प्रश्नहरूलाई विषय अनुसार मिलाएर टाँस्ने ।<br>• तिनै विषयलाई राखेर छलफलको सुरूवात गर्ने ।<br>• छलफलका क्रममा आएका कुराहरूलाई समेत समेटेर प्रशिक्षकले रेड बुकमा उल्लेख गरिएका अवधारणागत कुराहरूमा थप स्पष्ट पार्ने ।<br>• जलवायु परिवर्तनको प्रभावका बारेमा छोटो भिडियो वृत्तचित्र वा पोष्टर वा तस्वीरहरू देखाउने ।<br>• वृत्तचित्रले दिएको सन्देशबारे छोटो समीक्षा गर्ने । |

| समय | विषयबस्तु | क्रियाकलाप |
|---|---|---|
| कक्षा २<br>१.३० घण्टा | जलवायु परिवर्तन र आदिवासी जनजाति<br>• आदिवासी जनजाति समुदाय र जलवायु परिवर्तनबीच के सम्बन्ध छ ?<br>• आदिवासी जनजातिहरू जलवायु परिवर्तनमा दोषी छन् ?<br>• आदिवासी जनजातिहरूले नै किन सबैभन्दा बढी मार खेप्नु परेको छ ?<br>• तपाईंको समुदायलाई जलवायु परिवर्तनको कारणले पारेको त्यस्तो कुनै विशेष प्रभाव छ ? जसले तपाईंको समुदायको सामुदायिक जीवन पद्धतीसँग सम्बन्ध राख्छ ।<br>• जलवायु परिवर्तनको प्रभाव देखिन थालेपछि तपाईंको समुदायले के कस्ता अनुकूलनताका उपायहरू अपनाएका छन् ?<br><br>राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पहल<br>• के हो संयुक्त राष्ट्रसंघीय जलवायु परिवर्तनसम्बन्धी खाका महासन्धि ?<br>• क्योटो प्रोटोकल किन महत्वपूर्ण छ ?<br>• क्योटो प्रोटोकलपछि बिभिन्न सम्मेलनहरूमा उठेका विषयहरू के-के हुन् ?<br>• अन्तर्राष्ट्रिय तहमा जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण र अनुकूलनताका लागि के-कस्ता विकल्पहरूमा छलफल भइरहेको छ ?<br>• आदिवासी जनजातिहरूले यी विषयहरूमा किन चासो राख्नुपर्छ ?<br>• आदिवासी जनजातिहरूले अन्तर्राष्ट्रिय क्षेत्रमा के-कस्ता कामहरू गरिरेहका छन् ?<br>• अन्तर्राष्ट्रिय तहमा आदिवासी जनजातिहरूको अडान के-के हुन् ?<br>• राष्ट्रिय तहमा जलवायु परिवर्तनसम्बन्धी के-कस्ता कामहरू भइरहेका छन् ?<br>• जलवायु परिषद् भनेको हो ?<br>• जलवायु परिवर्तनसम्बन्धी राष्ट्रिय नीति निर्माण तथा कार्यक्रमहरूमा आदिवासी जनजातिहरूको सहभागिता कस्तो रहेको छ ?<br>• नेपाली आदिवासी जनजातिहरूले के-कस्ता अडानहरू अघि सारेका छन् ? | • जलवायु परिवर्तनका कारण आफ्नो समुदायलाई परेको विशेष असरका सम्बन्धमा केही प्रतिनिधि सहभागीहरूलाई आफ्नो धारणा राख्नका लागि समय दिने ।<br>• उनीहरूले राखेका विषयवस्तु र दृष्टिकोणमा सहभागीहरूबीच छोटो छलफल गराउने ।<br>• आदिवासी जनजातिको प्रकृतिसँगको अन्योन्याश्रित सम्बन्ध झल्किने खालको केही पोष्टर वा छोटो भिडियो क्लीप देखाउने ।<br>• पोष्टर वा भिडियो क्लिपले भनेको कुरा र सहभागीहरूले गर्दै आएको अनुभूतिको बारेमा कुरा राख्ने मौका दिने ।<br>• आदिवासी जनजातिहरूको जीवन पद्धतीले कम कार्वनडाइअक्साइड उत्सर्जन गर्दागर्दै पनि सबैभन्दा बढी उनीहरूले नै मार खेप्नु परिरहेको छ भन्ने कुराहरू स्पष्ट हुने गरी छाटो प्रस्तुती गर्ने र छलफल खुला गर्ने ।<br>• भविष्यमा पर्नसक्ने थप प्रभावहरूका बारेमा पनि प्रस्तुतीमा आंकलनहरू प्रस्तुत गर्ने ।<br>• प्रस्तुतीमा जलवायु परिवर्तनका सम्बन्धमा अन्तर्राष्ट्रिय तहमा भएको विभिन्न गतिविधि तथा आदिवासी जनजातिहरूले राखेका अडानहरू समेट्ने ।<br>• त्यसमा उठेका प्रश्न तथा टिप्पणीहरूमाथि छलफल गराउने ।<br>• अन्तर्राष्ट्रिय तहमा भएका गतिविधिहरूको केही तस्वीरहरू वा भिडियो देखाउने । |

तथा वन विनासबाट हुने उत्सर्जन कटौती (रेड्) पुस्तकको पेज नं. १० देखि ३२ सम्म पढ्नुहोला ।

## आजको मौसम कस्तो छ ?

आदिवासी जनजातिका लागि मौसम जीवन र संस्कृतिको अभिन्न अङ्ग हो । सूर्योदय र सूर्यास्त, हावाको दिशा, पानी परेका मात्रा र ऋतु परिवर्तन आदि सबै समुदायको जीवन के कसरी चलिरहेको छ भन्ने कुरासँग अर्थ र सम्बन्ध राख्छ । हालसालै, मौसम परिवर्तनको चाल छिटोछिटो भएको पाइएको छ । यी परिवर्तनले वन्यजन्तु वा वनस्पतिको वृद्धिको ढाँचामा परिवर्तन ल्याएको छ र यसले आदिवासी जनजातिको जीवनमा असर पारेको छ ।

## के भइरहेको छ ?

मौसम छोटो समयमा परिवर्तन भइरहन्छ । एकै दिनमा पनि बिहान घाम लाग्छ भने दिउँसो पानी पर्नसक्छ । लामो समयमा कुनै खास क्षेत्रमा मौसमको स्वरूप (Pattern) देखिन्छ । जस्तै ३० वर्षमा कुनै खास स्थानमा देखिएको मौसमको स्वरूप । यस किसिमको मौसमको स्वरूपलाई जलवायु भनिन्छ । जलवायु भनेको तपाईले के आशा राख्नु भएको छ भन्ने हो । जस्तैः ज्यादै गर्मी वर्षायाम । मौसम भनेको तपाईले के पाउनुभयो भन्ने हो । जस्तै, चट्यांग र हावाहुरीसहितको गर्मी दिन ।

अचेल जलवायुमा परिवर्तन भइराखेको छ । मूलतः मान्छेले गरेका कामहरूको कारणले यस्तो परिवर्तन भइराखेको छ । अझै भन्नुपर्दा, यो ज्यादै छिटो परिवर्तन भइराखेको छ ।

## जलवायु परिवर्तन भइराखेको छः भनेर हामीले कसरी थाहा पाउने ?

पृथ्वी सूर्यको वरिपरि घुम्छ भन्ने कुरा हामी सबैलाई थाहा छ । पृथ्वी वरिपरिको वायु (ग्यास) लाई सूर्यले तातो बनाउँछ । यसले गर्दा फरक ठाउँमा फरक जलवायु हुन्छ । पृथ्वीलाई वरिपरि विभिन्न प्रकारको वायुले घेरेको छ, जसलाई हामी वायुमण्डल भन्दछौं । वायुमण्डलमा रहेका वायुमध्ये केही वायुको प्रभाव कडा हुन्छ । यी वायुहरूको बारेमा हामीलाई विशेष चासो छ । यी वायुहरूलाई 'हरितगृह ग्यास' (Green-house Gases) भनिन्छ । किनभने, यसले हरितगृहमा भएको सिसाको भित्ताले जस्तै काम गर्छ । सूर्यको किरणलाई भित्र छिर्न दिन्छ । सूर्यबाट आउने खराब विकिरणहरूलाई फर्काइदिन्छ । पृथ्वीको नजिक न्यानो बनाइराख्छ र पृथ्वीमा जीवन सम्भव बनाउँछ ।

सूर्यबाट आउने तापमध्ये केही हरितगृह ग्यास र पृथ्वी दुवैले आकासमै फर्काइदिन्छ । सूर्यको केही तापलाई हरितगृह ग्यासले छेक्छ र वायुमण्डलमै राख्दछ । यसले गर्दा पृथ्वी न्यानो हुन्छ । यदि यस्तो नहुने भए पृथ्वी सार्‍है चिसो ठाउँ हुन्थ्यो । यति चिसो कि मान्छे बाँच्न सक्दैनथ्यो ।

यो प्राकृतिक प्रक्रियालाई हरितगृह प्रभाव भनिन्छ । मान्छेले गर्ने

NEFIN

क्रियाकलापले कार्वन डाइअक्साइड र अन्य हरितगृह ग्यासको उत्सर्जन गर्ने भएकोले हरितगृह प्रभाव झनै कडा हुन्छ । भू-तापमान वृद्धिको (Global Warming) कारण पनि यही हो ।

पानीको बाफ, कार्बन डाईअक्साइड, मिथेन र नाइट्रस अक्साइड जस्ता रासायनिक पदार्थहरूलाई हरितगृह ग्यास भनिन्छ । यी सबै वायुमण्डलको स्वभाविक अंग हुन् । मान्छेले कारखाना चलाउन, उर्जा उत्पादन गर्न र यातायातका लागि, जग्गा विकास वा सामान्य खेतीपाती जस्ता मान्छेले गर्ने कामहरूले समेत वायुमण्डलमा यस्ता हानिकारक ग्यास थप्ने गर्दछ । हरितगृहको मुख्य स्रोत कार्बन डाइअक्साइड हो । यसको पनि मुख्य स्रोत भनेको गाडी लगायतका मिसिन र उर्जा उत्पादन गर्ने जस्ता काममा प्रयोग गरिने तेल, ग्यास वा कोइला जस्ता उत्खनन् गरेर निकालिएका इन्धन हुन् । उत्खनन् गरेर निकालिएको इन्धनलाई यसो भन्नुको कारण यी लाखौ वर्षमा जमिनमा कुहिएको वनस्पति र समुद्रको पिंधमा सामुद्रिक प्राणीहरू कुहिएर, गाडिएर र खाँदिएर बन्ने गर्दछ । कार्वनको अर्को मुख्य स्रोत वनजंगलको बिनास वा क्षय हो । यस्ता कार्यहरू भन्नाले ठूलो परिमाणमा काठ काट्नु, खानी निकाल्नु, वनजंगलमा आगो लाग्नु र खेतीको लागि जमिन बिस्तार गर्नेलगायतका कामहरू समेट्छ । वास्तवमा वायुमण्डलमा उत्सर्जन हुने कार्वनको पाँच भागको एक भाग यिनै कामहरूबाट भएको अनुमान वैज्ञानिकहरूले गरेका छन् ।

## हामीले जलवायु परिवर्तनका केही प्रभावहरू अनुभव गर्न थालिसकेका छौं:

- पानी पर्ने, हिउँ पर्ने र असिना पर्ने ढाँचामा परिवर्तन आएको देखेका छौं । विश्वका केही भागमा पहिलेभन्दा धेरै पानी पर्ने, पानी पर्दा पनि पहिलेभन्दा धेरै पर्ने र अन्य ठाउँमा भने कम पानी पर्ने गरेको छ ।
- अति विषम मौसम जस्तै कडा आँधी, खडेरी, अत्याधिक गर्मी र वर्षाका घटना झन बढी हुन थालेका छन् ।
- उच्च हिमश्रृङ्खलामा हिउँको सतह घटेर गइसकेको छ भने हिमनदी ज्यादै छिटो पग्लन थालेको छ ।
- समुद्रको सतह बढ्दै गएकाले टापू देशहरू डुब्ने खतरा बढेर गएको छ । वायुमण्डलमा ताप बढेपछि पृथ्वीको ध्रुवमा भएका हिउँ पग्लन थालेर समुद्रको सतह बढ्न थालेको हो ।
- समुद्रको पानीमा तातो बढ्न गएकोले कोरल रिफहरू (सुमद्रभित्र भएको सिपी मुगा आदि) सुक्न थालेको छ र समुद्रको पानीमा अम्लको मात्रा बढ्न थालेको छ ।

## नेपालमा पनि हामीले जलवायु परिवर्तनका केही प्रभावहरू अनुभव गर्न थालिसकेका छौं:

- हिमालका हिउँ पग्लेर जाने, पग्लेका ठाउँहरू पातलो देखिने वा कालो देखिन थालेको छ । हिउँ पग्लेर हिमतालमा पानी बढेर फुट्ने खतरा बढेको छ ।

- मुस्ताङलगायतका हिमाली क्षेत्रका तल्लो भागहरूमा हिउँ पर्न छाडेको, हुस्सु लाग्न, गर्मी बढ्न र लामखुट्टे आउन थालेको छ । पहिलेको खोला बगरमा परिणत भएको, पानी पोखरी वरिपरि रूखहरू हुर्कन थालेको । साथै स्याउ बेमौसममा फुल्ने र स्याउको फसल लाग्न छाडेको छ ।
- विभिन्न मौसममा बाहिरबाट आउने आगन्तुक चराहरूमध्ये कतिपय आउन छाडेको र भएका स्थानीय चराहरूमध्ये कतिपय बाहिर जान थालेका छन् ।
- काफल बेमौसममा पाक्ने, लालीगुँरास बेमौसममा फुल्न थालेको छ ।
- केराउ जस्ता स्थानीय बालीहरूको खेती बिग्रन थालेको छ ।
- बेमौसममा वर्षा धेरै भएर बाढी पहिरो आउने गरेको छ ।
- सिंचाइ र खानेपानीका लागि समस्या बढेर गएको छ ।

## हरितगृह ग्यासहरू छिटो बढ्नुमा को जिम्मेवार छ ?

वायुमण्डलमा रहेको धेरैजसो हरितगृह ग्यास दुई ठाउँबाट आउँछ । एउटा उर्जाको लागि बाल्ने उत्खनन् गरेर निकालिएको इन्धनबाट र अर्को पेट्रोल प्रशोधन र सिमेण्ट निर्माण गर्ने जस्ता उद्योगबाट आउँछ । मान्छेले २ सय ५० वर्षजति अघिदेखि कल (मेशिन)को प्रयोग गर्न थालेको हो । त्यही बेलादेखि उद्योग र खेतीका लागि उत्खनन् गरेर निकालिएको इन्धन प्रयोग गर्न सुरू भएको हो । मान्छेले शहर, गाडी र अन्य कल निर्माण गर्न थालेपछि यी सबैका लागि उत्खनन् गरेर निकालिएको इन्धनको आवश्यकता परेको हो । त्यो समयलाई औद्योगिक क्रान्तिको युग भन्ने गरिएको छ । त्यो औद्योगिक क्रान्ति बेलायतबाट सुरू भएर युरोप हुँदै अमेरिकासम्म फैलियो । तिनै राष्ट्रहरूलाई 'औद्योगिक राष्ट्र' भन्ने गरिन्छ । ती राष्ट्रहरूमा एसिया र प्रशान्तक्षेत्रका किनारका केही राष्ट्रहरू पनि पर्दछन् ।

हरितगृह ग्यास वायुमण्डलमा फाल्नमा उर्जामा निर्भर र उत्खनन् गरेर निकालिएको इन्धनमा निर्भर अर्थ व्यवस्था भएका उत्तर अमेरिका, युरोप र अष्ट्रेलिया प्रमुख रूपमा जिम्मेवार रहेको कुरा स्पष्ट भइसकेको छ । तर, जलवायु परिवर्तनको पहिलो असर नाजुक वातावरण भएका साना देशहरू, टापु राष्ट्रहरू र आदिवासी जनजातिको पुर्ख्यौली भूमिमा महशुस हुन थालेको छ । यहाँनेर सम्झनुपर्ने कुरा, आदिवासी जनजातिले विगतमा यस्ता हानिकारक ग्यास उत्सर्जन गर्ने कार्यमा योगदान गरेको थिएन । जलवायु परिवर्तनले नकारात्मक असर सबैभन्दा पहिला तिनैलाई गर्दछ जसको जीवन पद्दती र व्यवहार भने दीगो छ । तर, कहिल्यै पनि गाडी र हवाईजहाज चढ्न सक्दैनन्, घर तताउन र वातानुकूलन राख्न सक्दैनन् ।

## यदि जलवायु परिवर्तन भयो भने के हुन्छ ?

यसको सबैभन्दा बढी असर हामी आदिवासी जनजातिलाई किन पर्दछ ?

हामी आदिवासी जनजातिहरू हजारौं वर्षसम्म भूमि र प्रकृतिसँग नजिक भएर जीवन बितायौं । हाम्रा भूमिमा भएका बिरूवा र जीवजन्तु

हाम्रा लागि खानेकुरा, औषधि र जीविकाका साधन हुन् । हामी जल र जमिनलाई उपयोगी मात्र नभएर पवित्र मान्ने गर्दछौं । हामी अझै पनि हामीलाई जति आवश्यक छ त्यतिमात्र उत्पादन गछौं र बाली भित्र्याउंछौं । तर, हामीले यसो गर्दा प्राकृतिक स्रोतहरू हाम्रा छोराछोरी र भावी पुस्ताका लागि पनि रहिरहोस्  भनेर सुनिश्चित गर्दछौं । यसैलाई आजकल स्रोतको दीगो उपयोग भन्ने गर्दछ ।

हामी र प्राकृतिक वातावरणबीच यही घनिष्ठ सम्बन्ध र निर्भरताका कारण जलवायु परिवर्तनले अरूलाईभन्दा हामीलाई बढी असर गर्दछ । पृथ्वीमा कम मात्राको तापक्रम वृद्धिले पनि हुने जलवायु परिवर्तनबाट हाम्रो जीवनलाई प्रत्यक्ष असर गर्दछ । उदाहरणका लागि, एक डिग्री सेन्टीग्रेड मात्र पनि तापक्रम बढ्यो भने वनजंगलमा बोटविरूवा कसरी हुर्कन्छ र समुद्रमा माछा कसरी जन्मन्छ भन्नेमा परिवर्तन ल्याउँछ । दुई डिग्री बढ्यो भने त भएका धेरै जसो बोटबिरूवा र जनावर हराउने छ र नयाँ प्रजातिको उत्पति हुनेछ । समुद्रभित्र रहेका प्रायजसो सिपीको प्रजाति अन्त्य हुनेछ । कल्पना गर्नुस् यो भन्दा बढी तातिए अझ के होला ? बाढी, खडेरी, रोगव्याधी, विषम मौसम र प्राणीको लोप हुने जस्ता कारणले बढीभन्दा बढी जनता प्रभावित हुनेछन् ।

हामी आदिवासी जनजातिहरू परम्परागत जीवन पद्दतीअनुसार चलिरहेकोले कल, इन्धन, मलखाद र अन्य औद्योगिक उत्पादन जस्ता बाहिरी कुराहरू प्रयोग गर्दैनौं । हामी आफूलाई चाहिने धेरैजसो वस्तु हामी आफै उत्पादन गर्दछौं र हामीले धेरै उपभोग पनि गर्दैनौं । यसको अर्थ हामीले हाम्रो जीवन पद्दतीको कारणले वायुमण्डलमा कार्वन वा अन्य हरितगृह ग्यास उत्सर्जन नगन्य मात्रामा गर्दछौं । हामीले वातावरणलाई माया र स्रोतलाई दिगोरूपमा उपयोग गर्ने भएकोले प्रकृतिमा कार्वनलाई समात्न अथवा रोक्न मद्दत गर्दछौं । वैज्ञानिकहरूको भनाइमा हाम्रा जीवनका धेरै पाटाहरू 'कार्वन तटस्थ' छन् । यसको अर्थ,  हामीले जेजति कार्वन उत्सर्जन गर्दछौं ती सबै हामीले गरेको स्रोत व्यवस्थापनका माध्यमबाट वनजंगलले नै लिने गर्दछ । स्रोतको दिगो व्यवस्थापनबाट हामी आदिवासी जनजातिले हाम्रो पुर्ख्यौली भूमिमा भएका जैविक विविधतालाई संरक्षण गर्न सकेका छौं । तर, हामी आदिवासी जनजातिले जलवायु परिवर्तनमा न्यूनतमरूपमा योगदान दिएको भएपनि यसको नराम्रो असर भने सबैभन्दा बढी हामीले नै भोग्नु परिरहेको छ ।

हजारौं वर्षको अवधिमा आदिवासी जनजातिहरू धेरै तरिकाबाट र कहिलेकाही अतिविषम परिस्थितिमा फैलँदै आएका छौं । उनीहरू अचेल निम्न तरिकाले जीविकोपार्जन गर्दछन्:

- ध्रुवीय र उप-ध्रुवीय क्षेत्रमा शिकार खेलेर र माछा मारेर,
- घाँसे चौर र मरूभूमि जस्ता सुख्खा वा उप-आद्र वा चिसो वातावरणमा पशुपालन (बाख्रा, गाईवस्तु आदि पाल्ने) वा शिकार गरेर तथा कन्दमूल बटुलेर,
- उष्ण प्रदेशीय (ट्रपिकल) र उप-उष्णप्रदेशीय (सबट्रपिकल), शीतोष्ण वा ठिकैको तापमान भएको र उत्तरी वा तुण्द्रा वनजंगलको वातावरणमा शिकार खेलेर, कन्दमूल बटुलेर, खोरिया फाँड्नेदेखि खेतीपातीका विभिन्न तरिकाहरू अपनाएर,

- उच्च हिमाली क्षेत्रमा पशुपालनदेखि खेतीपातीसम्म गरेर,
- समुद्री इलाका र तल्लो क्षेत्र, साना टापु, सिमसार र मानग्रोभ (पानीमा हुर्कने वृक्ष) वातावरणमा माछा मार्नेदेखि खेतीपातीसम्म गरेर ।

## जलवायु परिवर्तनले हामीलाई ठ्याक्कै कसरी असर गर्दछ ?

जलवायु परिवर्तनले हामी आदिवासी जनजातिहरूको जीवनको सबै क्षेत्रमा असर पार्न सुरू गरिसकेको छ :

- अत्याधिक बाढी, कडा आँधिबेरी, चक्रवात र समुद्री महाहुरी (टाइफुन) र हावाहुरीले पूर्वाधार (घर, पुल, सडक, बिजुलीबत्ती आदि), खेतीयोग्य जमिन, बाली, पशु, वनजंगल, सुमद्री र समुद्र किनारका स्रोतहरूमा व्यापक विनास गर्दछ । पछिल्लो उदहारणको रूपमा २०६५ सालमा कोसीमा आएको बाढीलाई लिन सक्छौं । बाढीले बाँध भत्काउँदा नेपालको पूर्वी तराई र भारतको ठूलो जनधनको क्षति भएको थियो ।
- यस्ता विनासले ताजा पानीको आपूर्तीमा कमी ल्याउने र पानीजन्य कीटाणुको वृद्धिले हामीलाई बिरामी बनाउँछ । यस्तो हुंदा विशेष गरेर आदिवासी जनजाति महिला र बालबालिकाहरूका स्वास्थ्य खराव हुने र कतिपयले जीवन गुमाउनुपर्ने हुन्छ ।
- छिटोछिटो तर, लामो समय रहने खडेरी र बाढीले हाम्रो चाडपर्व र उत्सवका लागि अत्यावश्यक वा खाद्यान्न स्रोतका बोटविरूवा र जनावर लोप भएर जाने गरेको छ ।
- विषम र अपर्झट देखा पर्ने शितलहर र लामो अवधिसम्म पर्ने पानी र गर्मीले निमोनीया, खोकी, चिसो जस्ता स्वास्थ्य समसस्याहरू खास गरेर बृद्धबृद्धा र बालबालिकाले बढी भोग्नुपरेको छ । बिरामी परिवारको स्वास्थ्यको रेखदेखको भार सोझै महिलालाई पर्ने गरेको छ । यसले उनीहरूलाई सामाजिक राजनीतिक अवसर लिन र व्यक्तिगत विकासका लागि ध्यान दिनबाट बञ्चित गरेको छ ।
- पानीको घट्दो सतह, लामो खडेरी र यसबाट हुने मरूभूमिकरण र समुद्री तटीय इलाकामा बढ्दो नूनपानी मिसिने क्रमले खेतीयोग्य जमिनको क्षति हुन्छ । यसले बढी भोकमरी र विपन्नता ल्याउँछ । पानी र खाद्य सुरक्षाको स्थिति बिग्रदो छ । पानी लिन जाने काम महिलाको भएकाले दूर्लभ पानीका स्रोतका लागि आदिवासी जनजाति महिलाले दु:ख खेप्नैपर्ने अवस्था छ ।
- जलवायु परिवर्तनले गर्दा खेतीपाती मात्र नभएर शिकार र कन्दमूल बटुल्ने, पशुपालन, माछा मार्ने, जंगली बोटविरूवा संकलन गर्ने वा कृषिजन्यलगायतका पेशाहरूमा नकारात्मक प्रभाव परेको छ ।
- आदिवासी जनजातिले व्यवहारमा प्रयोग गरेको परम्परागत जीवन पद्दती र वातावरणमा परेको नकारात्मक असरले ती जिवन पद्दती र वातावरणसँग गाँसिएका परम्परागत ज्ञान, आविष्कार र व्यवहारमा क्षति पुगेको छ । यसले गर्दा आदिवासी महिलाले निर्वाह गर्ने गरेको

बिउविजनको संरक्षक, संस्कृति र भाषालगायतको संवाहकको भूमिकामा समेत आँच आएको छ ।

- हाम्रा पुर्ख्यौली भूमिमा आम्दानीको स्रोत र आर्थिक अवसरमा पारेको क्षतिले गर्दा तिनीहरूसँग सम्वद्ध परम्परागत साँस्कृतिक व्यवहारको समेत क्षति भइ हाम्रा समुदायलाई अत्यन्त नराम्रोसँग कमजोर बनाएको छ । यसको परिणाम, हाम्रा समुदायका सदस्यमध्ये धेरैले आर्थिक अवसर खोज्न अन्तै जानुपर्ने बाध्यात्मक अवस्था सिर्जना भएको छ । युवा र पुरूष विशेष गरेर घरमूलीको आप्रवासनले जलवायु परिवर्तनको प्रभावबाट अनुकूलन गर्ने हाम्रो अवसर र क्षमतालाई सीमित गरिदिएको छ । यसले आदिवासी जनजातिको अर्थतन्त्रमा क्षति पुऱ्याइरहेको छ र संस्कृति लोप हुनेछ । आदिवासी जनजाति महिलाले परिवारलाई पाल्ने दायित्वको बढी भार व्यहोर्नुपर्ने अवस्था सिर्जना भएको छ ।
- हामीमध्ये धेरैजसो वातावरणीय शरणार्थी बन्न पुग्नेछौं किनभने हामीले उपभोग गर्दै आएको जमिन कि त पानी भित्र पुग्ने छ कि त पहिरोले बगाइदिनेछ ।

## जलवायु परिवर्तनको समस्यालाई सम्बोधन गर्न हाम्रा सरकारहरूले के गर्दैछन् ?

जलवायु परिवर्तनलाई सम्वोधन गर्न विश्वका प्रायः सबै देशहरूले गरेको अन्तर्राष्ट्रिय सहमतिको अंशियार हाम्रा सरकारहरू पनि हुन् । यो सहमतिलाई जलवायु परिवर्तनको संयुक्त राष्ट्रसंघीय खाका महासन्धि (UNFCCC) भनिन्छ । यो महासन्धि २०५०/०५१ साल (सन् १९९४) देखि लागू भएको हो ।

यो खाका महासन्धिमा सहमति जनाएर हस्ताक्षर गर्ने राष्ट्रलाई 'जलवायु परिवर्तनको संयुक्त राष्ट्रसंघीय खाका महासन्धिको पक्षहरू' भन्ने गरिन्छ । हस्ताक्षरकारी राष्ट्रहरूले विश्वमा हरितगृह ग्यासको उत्सर्जनको मात्रा बढेर गएको महशुस गरेकोले 'उत्सर्जन घटाउन विकसित राष्ट्रहरूले दृढनिश्चयी र बाध्यात्मक प्रतिबद्धता' जनाउने उद्देश्यले सहमति गर्ने प्रयास गरेको छ । यस्तो सहमति जापानको क्योटो भन्ने ठाउँमा भएकोले यसलाई 'क्योटो प्रोटोकल' भन्ने गरिन्छ । क्योटो प्रोटोकलले २०६४/०६५ देखि २०६८/०६९ (सन् २००८ देखि सन् २०१२) सम्मका लागि औद्योगिक राष्ट्रहरूले उनीहरू आफूले उत्पादन गरेको प्रदूषण घटाउने लक्ष निर्धारण गरेको छ । यसले उनीहरूको लक्ष प्राप्तिका लागि लचकता पनि प्रदान गरेको छ । अर्थात, उनीहरूले आफ्नो लक्ष हासिल गर्न विभिन्न उपाय गर्न सक्दछन् । यी लक्षमा प्रतिवद्धता जनाएका र अब यी लक्ष हासिल गर्ने दायित्व भएका औद्योगिक (विकसित) राष्ट्रहरूलाई क्योटो प्रोटोकलको अनुसुची १ मा सुचीकृत गरिएको छ । जलवायु परिवर्तनसम्वन्धी संयुक्त राष्ट्रसंघीय खाका महासन्धि र क्योटो प्रोटोकलमा उनीहरूलाई 'अनुसुची १ का पक्षहरू' भनिएको छ ।

हरितगृह ग्यासको उत्सर्जन कटौती गर्ने सबैभन्दा बढी जिम्मेवारी औद्योगिक राष्ट्रहरूलाई नै दिइएको छ । उनीहरू उत्सर्जन कटौती गर्न

लाग्ने खर्च तिर्न सक्षम छन् भने यिनीहरूले विगतदेखि नै हरितगृह ग्यासको मात्रा विकासशील राष्ट्रको तुलनामा धेरै उत्सर्जन गर्दै आएकाले यसलाई न्यायोचित मानिएको छ । यसैलाई 'साझा तर फरक जिम्मेवारीसहितको उत्तरदायित्व' भन्ने गरिन्छ ।

क्योटो प्रोटोकलले राखेको लक्षले जलवायु परिवर्तनलाई आवश्यक मात्रामा रोक्न नसक्ने कुरा थाहा पाउनु महत्वपूर्ण हुन्छ । त्यसैले वि.सं. २०६९/०७० (सन् २०१३) पछि अझ उच्च लक्ष निर्धारण गरी प्रतिवद्धता जनाउन जरूरी छ ।

## जलवायु परिवर्तनलाई सम्वोधन गर्न ठ्याक्कै के गरिरहेका छन् ?

जलवायु परिवर्तनको प्रभावसँग जुझ्न विभिन्न व्यक्तिले फरकफरक उपाय अपनाउँछन् । हरितगृह ग्यासको उत्सर्जनलाई कटौती गर्न मान्छेले गर्ने प्रयास वा वनस्पतिले कार्बन डाईअक्साइड बढी लिने उपायलाई न्यूनीकरण भनिन्छ । गाडीको प्रभावकारिता बढाउने, सार्वजनिक यातायातको पहुँच र प्रयोग बढाउने, उत्खनन् गरेर निकालिएका इन्धनको सट्टा हावा वा सौर्य उर्जा प्रयोग गर्ने वा भवनलाई चिसोबाट अलग गर्ने (इन्सुलेशन) जस्ता कुराहरूमा सुधार गर्नेलगायतका कामहरू हरितगृह ग्यासको उत्सर्जन कटौती गर्ने न्यूनीकरणको उदाहरण हुन् ।

अहिले भोगिरहेको जलवायु परिवर्तनका असरसँग जुझ्दै गरेका समुदायहरू, मानिस वा राष्ट्रहरूको मानवीय हस्तक्षेपलाई अनुकूलन (Adaptation) भनिन्छ ।

### न्यूनीकरण (Mitigation)

न्यूनीकरणको सबैभन्दा महत्वपूर्ण रूप हरितगृह ग्यासको उत्सर्जनलाई स्रोतमै कटौती गर्नु हो । यस्तो काम सबैभन्दा बढी औद्योगिक राष्ट्रहरूमा हुनुपर्दछ । यसको ठिक उल्टो तरिका हरितगृह ग्यास रोक्ने कार्यलाई वृद्धि गर्ने हो । यो भनेको यस्ता ग्यासहरूलाई विभिन्न विधि प्रयोग गरेर सञ्चिति गर्ने हो । उदाहरणका लागि वनस्पति हुर्काएर । वनस्पति बढ्ने क्रममा वायुमण्डलबाट कार्बन डाइअक्साइड लिने भएकोले थुप्रै कार्वन वनस्पतिमा सञ्चिति हुन्छ । त्यसैले, वनजंगल, घाँसे चौर वा समुद्रको लेऊ सबैले कार्वन सञ्चित गर्ने वस्तुका रूपमा लिइन्छ ।

क्योटो प्रोटोकलमा सरकारहरूले उत्सर्जन कटौती गर्नका लागि आफैले विभिन्न विकल्पहरू दिएका छन् । आफ्नो देशमा उत्सर्जन कटौती गर्ने उपाय मात्र नगरेर 'बजारमा आधारित न्यूनीकरणको संयन्त्र'लगायतका विभिन्न उपायहरू सुरु गरेका छन् । यसले व्यापार वा बजार व्यवस्था जस्तै कार्य गर्ने भएकोले यसलाई 'बजारमा आधारित न्यूनीकरणको संयन्त्र' भनिन्छ । यहाँ सम्झनुपर्ने कुरा क्योटो प्रोटोकलले विकसित देशहरूलाई हरितगृह ग्यास घटाउन स्पष्ट लक्ष्य दिएको छ ।

यदि कुनै देशले आफूलाई तोकिएभन्दा कम अर्थात लक्ष्यभन्दा बढी उत्सर्जनमा कटौती गर्दछ भने उनीहरूसँग उत्सर्जन जगेडा हुन्छ । त्यो जगेडा (कार्वन अनुमतीपत्र) ती देशहरूले आफ्नो कोटाभन्दा बढी

उत्सर्जन गर्ने देशहरूलाई बेच्न सक्दछ । यो सबै कुरा अति नै जटिल छ । साथै उत्सर्जनको सीमा नतोकिएका राष्ट्रहरूलाई पैसा तिरेर औद्योगिक राष्ट्रले झन बढी उत्सर्जन गर्ने सम्भावना हुन्छ । तर, यहाँ व्याख्या गर्न खोजिएको विषय भने 'बजारमा आधारित न्यूनीकरणको संयन्त्र' हो । बजार संयन्त्रले पनि रेड्मा आर्थिक सहयोगलगायतका प्रस्ताव राखेको छ । तर, त्यो अझै सहमतिमा पुग्न सकेको छैन । बजार संयन्त्रको प्रयोग हाललाई स्वयंसेवी कार्य हो ।

क्योटो प्रोटोकलमा समाहित बजारमा आधारित संयन्त्रमा समावेस भएका विषयहरू यस् प्रकार छन् : (१) स्वच्छ विकास संयन्त्र अर्थात् Clean Development Mechanism (CDM), (२) उत्सर्जन व्यापार (Emissions Tradding (ET)) र (३) संयुक्त कार्यान्वयन (Joint Implementation (JI) ।

यो बजार संयन्त्रले उत्सर्जनको लक्ष्य हासिल गर्न र खर्च कम गर्न मद्दत गर्ने आशा राखिएको छ । स्वच्छ विकास संयन्त्रले विकसित राष्ट्रहरूले विकासशील राष्ट्रहरूमा पैसा लगानी गरेर वायुमण्डलमा कार्वनको मात्रा घटाउने विश्वास गरिएको छ । जैविक इन्धनको उत्पादनका लागि ताडी (पाम) को बिरूवा रोपेर (हाल प्रयोग भएको इन्धनलाई ताडीको तेलले विस्थापन गर्ने), नविकरणीय उर्जाको उत्पादन (तेल वा कोइला प्रयोग गरेर उर्जा उत्पादन गर्ने पावर हाउस घटाउने) वा नयाँ वन बनाउन वृक्षारोपन वा नासिँदै गएको वनजंगल पुनः वृक्षारोपन गरेर कार्वन सञ्चिति परियोजना निर्माण गर्ने कुराहरू यसअन्तर्गत पर्दछन् ।

कार्वनको उत्सर्जन घटाउने वा कार्बनको सञ्चिति बढाउने दावीलाई मापन गरिन्छ र यस्ता परियोजनामा लगानी गर्ने राष्ट्रहरूलाई 'कार्वन श्रेय (क्रेडिट)' दिने गरिन्छ । यसैगरी संयुक्त कार्यान्वयनको माध्यम विकसित राष्ट्रहरूले अन्य विकासशील राष्ट्रहरूमा यस्ता परियोजनामा लगानी गरेर 'कार्वन श्रेय (क्रेडिट)' लिन सक्दछन् । यी दुई तरिकाबाट आर्जन गरेको कार्वन श्रेय (क्रेडिट)लाई विकसित देशहरूले आफूबीच खरिद बिक्री गर्न सक्दछन् ।

वास्तवमा, जलवायु परिवर्तनलाई न्यूनीकरण गर्ने सबैभन्दा राम्रो उपाय भनेको दिगो नभएको उत्पादन र उपभोगको मौजुदा पद्दतीलाई परिवर्तन गर्नु नै हो । न्यूनीकरणको सबैभन्दा राम्रो उपाय व्यक्तिगत र सामुहिक जीवनशैलीमा परिवर्तन हो र दिगो तथा उत्पादन र उपभोगको कम-कार्वन पद्दतीतर्फ विकासको धार परिवर्तन गर्नु हो ।

आदिवासी जनजातिले यस्ता 'बजारमा आधारित संयन्त्र'का बारेमा पुरा जानकारी राख्न अत्यावश्यक छ । आवश्यक जानकारी भएको खण्डमा हामीलाई उत्सर्जन बजारमा संलग्न हुने कि नहुने भनेर निर्णय गर्नका लागि खतरा र अवसरहरूको मूल्यांकन गर्न सजिलो हुन्छ । यी प्रश्नहरूमध्ये तपाई आफूले विचार गर्नुपर्ने प्रश्न के हो भने तपाईको भूमि, भू-क्षेत्र वा स्रोतको नजिक कार्वन व्यापार परियोजनाको प्रस्ताव राखिएको छ कि छैन ?

## अनुकूलनता (Adaptation)

जलवायु परिवर्तनसम्वन्धी संयुक्त राष्ट्रसंघीय खाका महासन्धि र क्योटो प्रोटोकलको मुख्य चासोमध्ये एउटा न्यूनीकरण हो भने अर्को अनुकूलनता । अनुकूलनता भनेको मान्छे र वातावरणलाई जलवायु परिवर्तनले पार्ने प्रभावलाई कटौती गर्ने उपाय हो ।

संसारभर जलवायु परिवर्तनसँग जुझ्न आदिवासी जनजातिले आफ्नो परम्परागत ज्ञानको आधारमा नयाँ अनुकूलनताको उपायहरू विकसित गरिसकेका छन् । विभिन्न प्रकारको बाली लगाउने र बाली विविधीकरण, खेत सार्ने र शिकारको रणनीति, वनस्पति संकलन र माछा मार्ने विधिमा परिवर्तन लगायतका उपायहरू यसअन्तर्गत पर्दछ ।

## न्यूनीकरणको उपायहरूमा आदिवासी जनजातिको किन चासो हुनुपर्ने ?

कहिलेकाहीं औद्योगिक देशहरूले राखेको समाधानको प्रस्ताव धेरै राम्रो नहुन सक्छ । यसले कम्तीमा पनि प्रत्येक व्यक्तिका लागि फाइदा गर्दैन । उत्खनन् गरेर निकालिएको इन्धन कम गर्नका लागि जैविक इन्धन बढी उत्पादन गर्ने प्रस्ताव यसको एउटा उदाहरण हो । आर्थिकरूपमा फाइदा पाउनका लागि यस्ता खालका खेती-प्रणालीको प्रस्ताव गरिएको हुन्छ । यसका लागि ठूलो मात्रामा जमिन आवश्यक पर्दछ । र, जमिन प्राप्त गर्नका लागि उष्ण प्रदेशमा बस्ने आदिवासी जनजातिहरूको वनजंगल ठूलो मात्रामा फडानी हुने गर्दछ । यस्तो खेती प्रणालीबाट एथेनोल जस्तो जैविक इन्धन वा जैविक डिजेल (ताडीको तेल र जाट्रोपा नामक वनस्पति) उत्पादन हुने गर्दछ । यसले परम्परागत उत्खनन् गरेर निकालिएको इन्धनलाई विस्थापित गर्दछ । यस्तो खेती प्रणालीका लागि गरिने वनविनास, जग्गा विकास, मल र किटनाशक औषधिको प्रयोग, कच्चा पदार्थका लागि प्रयोग हुने यातायात र प्रशोधनले वायुमण्डलमा धेरै मात्रामा कार्वन उत्सर्जन हुने गर्दछ ।


यो खेती प्रणालीले जैविक इन्धनबाट जति कार्वन श्रेय गर्दछ, त्योभन्दा अति धेरै मात्रामा कार्वन उत्सर्जन गर्दछ । यस्ता परियोजनाले गर्दा वनजंगलमा बस्ने आदिवासी जनजाति र अन्य समुदायहरू विस्थापित हुने गरेका छन् ।

जलवायु परिवर्तन न्यूनीकरणको सवाल हरितगृह ग्यासको उत्सर्जन कटौती गर्ने मात्र नभएर समता, सामाजिक न्याय, मानवअधिकार र दिगोपनको सवाल पनि हो । विश्वले हरितगृह ग्यासको उत्सर्जन कटौती गर्ने बोझ के कसरी घटाउला ? कसलाई केका लागि क्षतिपूर्ति दिनुपर्ने ? यस्ता उपायहरूले पानी, खाना, बास र स्वास्थ्यको अधिकारमा पार्ने प्रभावलाई कसरी असर गर्दछ ? जलवायु परिवर्तन र त्यसको न्यूनीकरणको उपायहरू प्रस्तावित गर्दा यस्ता प्रश्नहरू सोध्नैपर्ने हुन्छ । कम-कार्वन वा कार्वन-तटस्थ जीवनपद्दतीको कारणले आदिवासी जनजातिले हरितगृह ग्यासको उत्सर्जन कटौती गर्न महत्वपूर्ण तरिकाले विगतदेखि अहिलेसम्म योगदान दिंदै आएको छ । साथै, उनीहरूले आफ्ना भू-क्षेत्रबाट तेल, ग्यास र खनिज पदार्थ निकालेर लैजानबाट रोक लगाउन संघर्ष गर्दै आएको छ । वन फडानीविरूद्ध पनि लड्दै

आएका छन् । यी सबै संघर्षको परिणाम कार्वनजति जमिनमुनि वा रूखमा जम्मा भएर बसेको छ । दूर्भाग्यवस आदिवासी जनजातिहरूको यस्तो योगदानलाई कार्वन बजारमा पहिचान दिने काम भने गरेको पाइदैन । त्यसैले समता र दिगोपनको सिद्धान्तलाई हालसम्मका प्रस्तावहरूले सम्मान गरेको छैन ।

यसमा आदिवासी जनजातिको योगदानलाई पहिचान गर्ने, हिसाव गर्ने र सम्मिलित गर्ने संयन्त्र नै छैन । यो खराव पक्ष हो । अझ केही न्यूनीकरणका उपायहरूले आदिवासी जनजातिको आधारभूत मानवअधिकारको समेत उल्लंघन गरेको तथ्यहरू फेला परेको छ । आदिवासी जनजातिको भूमि, भू–क्षेत्र र स्रोतमाथिको अधिकारको उल्लंघन, खोरिया फाँडेर परम्परागत जीविकोपार्जन जस्तो व्यवहारको अपराधिकरण, खाद्यान्नको मूल्यवृद्धिका कारण सिर्जित खाद्यान्नको असुरक्षा लगायतका नकारात्मक प्रभावहरू केही न्यूनीकरणका उपायहरूले आदिवासी जनजातिमा पारेको छ । यसको उदाहरणको रूपमा यसअघि हामीले चर्चा गरेको आदिवासी जनजातिको भूमि बलपूर्वक खोस्ने र खेती–कमानका लागि प्रयोग गर्ने तरिकालाई लिन सकिन्छ ।

जलवायु परिवर्तनको न्यूनीकरणका उपायका लागि रेड् (वन फडानी र वनको विनासबाट हुने उत्सर्जन कटौती) लाई समावेस गर्दा आदिवासी जनजातिका लागि खतरा र अवसर दुवै छ । अहिले रेड्लाई २०६८/०६९ साल (सन् २०१२) पछिको जलवायु सहमतिमा पार्ने प्रस्ताव छ । यस्तो सहमति भएमा वनजंगलमा निर्भर भएका आदिवासी जनजातिहरूले केही वित्तीय र अन्य अवसरहरू पाउन सक्नेछन् । साथै, यसको अवधारणा र तौरतरिका जुन रूपमा आकार लिइरहेको छ र कार्यान्वयन भइरहेको छ त्यसले भने केही समस्या सिर्जना गरेको छ । विगतमा वनजंगल संरक्षण क्षेत्रहरूको स्थापनाले जस्तै यसले पनि हामी आदिवासी जनजातिको मनमा हाम्रो वनजंगलबाट हामीलाई नै बहिष्करणमा पार्ने हुन् कि भन्ने डर पलाएको छ । यदि हाम्रा वनजंगललाई कार्वन वनजंगलका रूपमा तोकिदिएर उत्सर्जन व्यापारका लागि प्रयोग भएको खण्डमा हामीलाई वन क्षेत्रमा प्रवेश गर्न प्रतिवन्ध लगाउने सम्भावना टड्कारो देखिन्छ । त्यसो भएमा हामीलाई हाम्रो आफ्नै परम्परागत वन व्यवस्थापनका प्रचलन र वनजंगललाई विभिन्न विधि विधानको उद्देश्यका लागि खोरिया फाड्न, काठ तथा गैर–काष्ठजन्य वन्य उत्पादन लगायत औषधिहरू र अन्य कृषि–वनजन्य कामका लागि उनीहरूले बन्देज लगाउने छन् ।



**कार्ययोजना - २**

# वन फडानी तथा वन विनासबाट हुने कार्वन उत्सर्जनको कटौती (रेड) र आदिवासी जनजाति

NEFIN

## उद्धेश्य

आदिवासी जनजाति समुदायका नेता तथा अगुवालाई जलवायु परिवर्तनको प्रभाव न्यूनीकरणको उपायका रूपमा आएको रेड अवधारणाका बारेमा गहन बुझाइका लागि सहयोग गर्ने । त्यसले आदिवासी जनजाति समुदायमाथि के कस्तो असर पार्नसक्छ भन्ने सम्बन्धमा जानकारी गराउने । रेडसम्बन्धी राष्ट्रिय नीति तथा कार्यक्रमहरूबाट आदिवासी जनजातिहरूलाई न्यायोचित लाभ सुनिश्चित गराउने सम्बन्धमा जानकारी गराउने ।

## आवश्यक सामग्रीहरू

- सेतो बोर्ड
- पोष्टर वा फि्लप चार्ट
- रंगीन कार्ड
- मार्कर पेनहरू
- टेप
- पावर प्वाइन्ट प्रस्तुती गर्ने भए त्यस सम्बन्धी सामग्रीहरू (ल्यापटप, प्रोजेक्टरलगायतका सामग्रीहरू)
- विषय र सन्दर्भसँग मिल्ने खालका वृत्तचित्र, तस्वीर तथा पोष्टरहरू

| समय | विषयबस्तु | क्रियाकलाप |
|---|---|---|
| कक्षा १<br>१.३० घण्टा | जलवायु परिवर्तनमा वन जंगलको भूमिका<br>• वन जंगल मासिंदै जानुका कारणहरू के-के हुन् ?<br>• वन जंगल मासिंदै जाँदा के-कस्ता समस्याहरू समुदायले व्यहोर्नु परेको छ ?<br>• वनजंगलमा तपाईको समुदायको स्वामित्व र अधिकार छ कि छैन ?<br>• जलवायु परिवर्तन वनजंगलले पार्ने असर के हुन् ?<br>• वन जंगल र जलवायु परिवर्तनबीचको अन्तरसम्बन्ध के छन् ?<br>• हरितगृह ग्यासको उत्सर्जनमा वन जंगलको योगदान कति छ ?<br>• जलवायु, वन र रेडबीचको अन्तरसम्बन्ध कस्तो छ ? | • सुरुमा सहभागीहरूसँग उनीहरू बसोवास गर्ने स्थानहरूमा वनको अवस्था, वनसँगको निर्भरता र समस्याका बारेमा प्रश्न राख्ने ।<br>• उनीहरूको भनाइ एक वाक्यमा रंगीन कार्डमा लेखाउन पनि सकिने छ वा प्रतिनिधि मुलक ढंगबाट मौखिक रूपमा उनीहरूको कुरा सुन्ने ।<br>• उनीहरूले उठाएका सवालहरूलाई समेत समेट्ने गरी ग्रीनहाउस ग्यासको उत्सर्जनमा वन जंगलको योगदान के कति छ भन्ने सम्बन्धमा स्पष्ट हुने गरी प्रस्तुती गर्ने ।<br>• प्रस्तुतीपछि छलफलका लागि समय दिने ।<br>• जलवायु परिवर्तन, वन र रेडबीचको अन्तरसम्बन्ध झल्किने खालको वृत्तचित्र, पोष्टर वा तस्वीर देखाउने र छलफल गर्ने । |

| समय | विषयबस्तु | क्रियाकलाप |
|---|---|---|
| कक्षा २<br>१.३० घण्टा | रेड अवधारणाका बारेमा<br>• रेड भनेको के हो ?<br>• रेड अवधारणा कसरी आयो ?<br>• रेडका सम्बन्धमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा के कस्ता कामहरू भइरहेका छन् ?<br>• रेडले कसरी काम गर्छ ?<br>• रेडका फाइदा र बेफाइदा के-के छन् ? रेडबाट आदिवासी जनजाति समुदायमा के-कस्ता सकारात्मक र नकारात्मक असरहरू पर्नसक्छ ?<br>• आदिवासी जनजाति समुदायहरूले रेडबारे जान्न किन आवश्यक छ ?<br>• आदिवासी जनजाति समुदायले रेडका सम्बन्धमा के-कस्ता कुराहरू बुझ्न आवश्यक छ ? | • रेड अवधारणाका बारेमा वृत्तचित्र, पोष्टर वा तस्वीर देखाउने ।<br>• वृत्तचित्र देखाएपछि त्यसमा देखाइएका विषयवस्तुमा सहभागीहरूको प्रतिक्रिया लिने र रेडबारे बुझेको कुरा भन्नका लागि उत्प्रेरित गर्ने ।<br>• सहभागीहरूले छलफल गरिसकेपछि उनीहरूको दृष्टिकोण तथा जिज्ञासालाईसमेत सम्बोधन हुने गरी रेड अवधारणा किन आयो, कसरी आयो, कसरी काम गर्छ, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा के-कस्ता पहलहरू भइरहेका छन् र आदिवासी जनजाति समुदायले रेडबारे जान्नु किन आवश्यक छ भन्ने सम्बन्धमा प्रस्तुती गर्ने ।<br>• प्रस्तुतीपछि छलफल चलाउने । प्रस्तुतीका क्रममा पोष्टर तथा तस्वीरहरू देखाउने । प्रस्तुतीको बीचमा बीचमै पनि उठेको सवालहरूको सम्बोधन गर्ने । |
| कक्षा ३<br>१.३० घण्टा | रेडको संभावित प्रभावबारेमा समुहगत छलफल<br>• समुदायमा रेडले पार्नसक्ने सकारात्मक र नकारात्मक प्रभावहरू पत्ता लगाउने ।<br>• रेड अवधारणामा रहेका कमजोरी र सवल पक्षहरू खोजी गर्ने ।<br>• रेडलाई आदिवासी जनजातिको अधिकारहरू कुण्ठित नहुने गरी कार्यान्वयनका लागि आवश्यक उपायहरू सुझाउने । | • सहभागीहरूलाई ३ देखि ५ वटा समुहमा विभाजन गर्ने ।<br>• रेडले पार्नसक्ने संभावित सकारात्मक प्रभाव, नकारात्मक प्रभाव, रेडको कमजोरी, सवल पक्ष र रेड अवधारणा आदिवासी जनजाति समुदायको लागि फाइदाजनक बनाउन के गर्नुपर्छ भन्ने उपायहरू बुंदागत रूपमा सुझाउनका लागि समय दिने ।<br>• पाँचै समुहका टोली नेतालाई बढीमा १० मिनेटको समय दिएर प्रस्तुती गर्न दिने र प्रस्तुतीको अन्त्यमा छोटो छलफल चलाउने । |
| कक्षा ४<br>१.३० घण्टा | नाटक (रेडअन्तर्गत हुने कार्वन व्यापारका सम्बन्धमा)<br>• यो नाटकबाट कार्वन व्यापारी, बहुराष्ट्रिय कम्पनी तथा उत्सर्जनकर्ताहरू के-कस्ता प्रलोभनहरू लिएर कसरी आउनेछन् भन्ने कुराको अनुभूति गराउन सकिने । | • सहभागीहरूलाई सुरूमा तीन समुहमा बाँड्ने । त्यसमा कार्वन व्यापारी वा बहुर्राष्ट्रिय कम्पनी वा विश्व बैंकलगायतका प्रतिनिधिको रूपमा ३ जना व्यक्तिलाई छान्ने । सरकारी प्रतिनिधिको रूपमा अन्य ३ जनालाई छान्ने, बाँकी सहभागीहरूलाई समुदायको प्रतिनिधिको रूपमा राख्ने । |

| | | |
|---|---|---|
| | • सरकारले कार्वन व्यापारको अवस्थामा के-कस्ता भूमिका निर्वाह गर्नेछन् र के-कस्ता कुराहरू भन्नेछन् भन्ने कुराको अनुभूति गराउने ।<br>• आदिवासी जनजाति समुदायका सदस्यहरूलाई आफ्ना कुराहरू कसरी राख्ने र के-कस्ता अडानहरू नछाड्ने भन्ने विषयमा सचेत हुन मद्दत पुग्ने । | • कार्वन व्यापारका लागि आएकाहरूलाई सरकारका प्रतिनिधिहरूले साथ दिनेछन् ।<br>• कार्वन व्यापारी (विदेशी प्रतिनिधि) हरूले विभिन्न किसिमका प्रलोभनहरू दिनेछन् । जस्तैः कार्वनबाट धेरै रकम आउने, त्यसले बाटोघाटो, पुलपुलेसा बन्ने अनि देशको आर्थिक उन्नती हुने जस्ता प्रलोभन उसले दिनेछ ।<br>• सरकारी प्रतिनिधिले पनि मुलुकको गरिवी, अशिक्षा र अविकासका कुराहरू गरेर कार्वनको व्यापारबाट देशको विकास हुने कुरा गर्नेछन् । साथै देशको संविधान र कानुनको कुरा गरेर आदिवासी जनजातिहरूको सम्बन्धमा अस्पष्टता रहेको र यसरी वनजंगललाई कब्जा गर्नु गैरकानुनी रहेको उल्लेख गर्दै कार्वन व्यापारको लागि सरकारले तयारी गरिसकेको उल्लेख गर्नेछन् ।<br>• समुदायका प्रतिनिधिहरूले भने रेडका सम्बन्धमा आफ्ना अवधारणाहरू राख्नेछन् । पहिलो कुरा उनीहरूले आफ्नो जीविकासँग जोडिएको वनजंगलमा निरन्तर उपभोगको कुरा गर्नेछ ।<br>• कार्वन व्यापारमा जाने वा नजाने र कार्वनको व्यापार कोसँग कसरी गर्ने भन्ने सम्बन्धमा निर्णय गर्ने अधिकार समुदायसँग रहेको कुरा बताउनेछन् ।<br>• सरकारले निर्णय गर्दा अख्तियार गरेको प्रक्रियाहरूको आलोचना गर्नेछ ।<br>• आदिवासी जनजातिहरूको परम्परागत ज्ञान, जीवन पद्धती, प्रथाजन्य न्यायिक व्यवस्थाको निरन्तरतामा जोड दिनेछन् ।<br>• सदियौंदेखि आफ्नो समुदायले वनजंगलको संरक्षण गर्दै आएको उल्लेख गर्दै अब हुने जुनसुकै सम्झौताले पनि हालसम्म हुँदै आएको भोगचलन, स्वामित्व र नियन्त्रणसम्बन्धी कुनै पनि व्यवस्थामा बन्देज आफुहरूको लागि अमान्य हुने कुरा बताउने छ ।<br>• के हो वन फडानी तथा वन विनासबाट हुने कार्वन उत्सर्जनको कटौती (रेड) ? पुस्तकमा उल्लेख गरिएको रूजु सूचीको आधारमा थप कुराहरू राख्नेछन् । **(पुस्तकको पेज नं. ९६ देखि ९९ सम्म हेर्नुहोला)** |

**कार्ययोजना २ अनुसार आवश्यक पाठ्य सामग्री**: के हो वन फडानी तथा वन विनासबाट हुने उत्सर्जन कटौती (रेड) पुस्तकको पेज नं. ३५ देखि ६८ तथा ९६ देखि ९९ सम्म पढ्नुहोला ।

## जलवायु परिवर्तनका लागि वनजंगलको महत्व के छ ?

यदि वन फडानी र वन क्षेत्रको विनास भयो भने यसले विश्वव्यापी तापक्रम बढाउने ग्यासहरू ठूलो मात्रामा वायुमण्डलमा उत्सर्जन गर्दछ । यस्ता ग्यासहरूमध्ये सबैभन्दा महत्वपूर्ण कार्बन डाइअक्साइड ($CO_2$) हो । यो ग्यास रूख, वनजंगल, जनावर र प्रकृतिमा उच्च मात्रामा हुन्छ । जुन रूख बढ्छ, ती रूखले कार्बन डाइअक्साइडलाई वायुमण्डलबाट सोस्छ र आफैमा र आफ्ना जराहरूमा साँचेर राख्छ । जब रूख मर्दछ तब यी ग्यासहरू फेरि वायुमण्डलमै गएर मिसिन्छ ।

पुराना वनजंगलमा यस्ता ग्यासहरू सोस्ने र छाड्ने काम भइरहने हुनाले समग्रमा एक प्रकारको सन्तुलन कायम रहेको हुन्छ । तैपनि यस्ता पुराना वनजंगलको ठूलो भाग फडानी गरेमा वा खेतीका लागि प्रयोग गरेमा वा पातलो बनाएमा कार्वन डाइअक्साइडको ठूलो मात्रा वायुमण्डलमा उत्सर्जन हुन्छ । तर, फेरि प्रशस्त मात्रामा सोस्ने काम हुन सक्दैन । एउटा अनुमानअनुसार विश्वमा कार्वन डाइअक्साइडको उत्सर्जनमध्ये १८ प्रतिशत यस्तै वन फडानी र वनको विनासबाट हुने गरेको छ । यसको अर्थ यसको मात्रा औद्योगिक र उर्जा उत्पादन जस्तो ठूलो मात्रामा नभएतापनि जलवायु परिवर्तनको प्रमुख कारकतत्व वन फडानी र वन क्षेत्रको विनास पनि हो ।

जलवायु परिवर्तनको शिकार वनजंगल पनि हो । कम पानी परेको खण्डमा वा तापक्रम बढेको खण्डमा वनजंगलको स्वास्थ्य पनि बिग्रन्छ । मौसमको भर पर्न नसकिएमा र बढी उग्र भएको खण्डमा जलवायु परिवर्तनले गर्दा वनजंगलमा डढेलो लाग्न सक्छ । त्यसैले जलवायु परिवर्तनले वनजंगलको अवस्था झनै खराब बनाउँछ ।

वनको विनास (Degraded Forest) भन्नाले रूखले ढाकेको क्षेत्र घट्दो, अस्वस्थ र क्षतिग्रस्त वनलाई जनाउँछ । काठको वा खेती वा खेतीपातीका लागि वनफडानी गरेमा वन बिग्रन सक्छ । अस्वस्थ र क्षतिग्रस्त वनले धेरैजसो पर्यावरणीय पद्दती सेवाहरू दिन सक्दैन । विश्वका धेरै मानिसहरू अझ विशेष गरेर वन नजिक जीविकोपोर्जन गर्नेहरू यस्ता सेवाहरूमा निर्भर छन् । उदाहरण लागि :

- भू-स्खलन नियन्त्रण गर्ने,
- स्वच्छ पानी दिने,
- आदिवासी जनजातिको जीविकोपार्जनको महत्वपूर्ण आधार भएको जंगली जीवजन्तु र बिरूवाहरूलाई प्राकृतिक बासस्थान प्रदान गर्ने,
- हाम्रो सांस्कृतिक र आध्यात्मिक भूमिकालगायत हाम्रो जीवनका लागि महत्वपूर्ण धेरै अन्य सेवाहरू र भूमिकाहरू ।
- वनजंगल हाम्रो पर्यावरणीय पद्दती र भू-दृश्यहरूको एउटा महत्वपूर्ण अङ्ग हो । पृथ्वीमा भएको वनजंगल संरक्षणलाई निरन्तरता दिनु भनेको पृथ्वी, पर्यावरण पद्दती, जनावर र रूख तथा मान्छे सबैले जलवायु परिवर्तन हुँदा पनि अनुकूलन गर्न र प्रतिक्रिया गर्न बढी

सवल हुनेछन् भन्ने हो । ठूला वनजंगलले खास गरेर पहाडी र हिमाली क्षेत्रमा बोटविरूवा र जनावरहरूलाई बढ्दो तापक्रम र परिवर्तनशील वर्षाको ढाँचासँग अनुकूलन गर्न मद्दत गर्दछ । उनीहरू जहाँ सितल छ त्यहाँ बसाई सर्न सक्दछ, गर्मी जलवायुमा अनुकूलन हुने जातकाहरूले तल्लो कम उचाईका क्षेत्रमा उनीहरूको ठाउँ लिन सक्नेछन् ।

- पुरानो र नयाँ वन क्षेत्रको संरक्षणले जलवायु परिवर्तनलाई ढिलो गराउँछ किनभने वनलाई जस्ताको तस्तै राखेर ठूलो मात्रामा उत्सर्जन हुने कार्बन डाइअक्साइडलाई रोक्न सकिन्छ ।

## रेड् (REDD) को अर्थ के हो ?

वनजंगलले हाम्रो जीवनमा महत्वपूर्ण भूमिका खेल्छ, जलवायु परिवर्तनको प्रभावलाई कम गर्छ भने वन विनासले उत्सर्जन बढाउने काम गर्छ । त्यसैले वनजंगलको फडानी र वनको विनासलाई ढिला गर्नु तथा पुरानो वन व्यवस्थाको स्वस्थ वृद्धि कायम राख्नु अहिलेको आवश्यकता हो ।

त्यसैले 'वन फडानी र वनको विनासबाट हुने कार्वन उत्सर्जनको कटौती' भन्नु नै वनमा रूख काट्न वा विनास हुनबाट रोकेर वायुमण्डलमा कार्वन डाइअक्साइडको मात्रा कटौती गर्ने सामान्य प्रयास हो । सरल भाषामा यसैलाई हामी 'रेड्' भन्दछौं ।

यस तरिकालाई सरकारहरू, अन्तर-सरकारी निकायहरू र अन्य निकायहरूले अपनाइसकेका छन् । विशेष गरेर ती राष्ट्रहरूमा वनफडानी र वन विनासलाई रोक्ने सम्वन्धमा विभिन्न नीति र परियोजनाहरू कार्यान्वयन गर्न विकसित राष्ट्रहरूले विकासशील राष्ट्रहरूलाई धेरै रकम तिरिरहेका छन् । यस्तो केही प्रस्तावहरूमा उनीहरूले पैसा तिरेको भरमा विकसित राष्ट्रहरूले आफूले उत्खनन् गरेर निकालिएको इन्धन बाल्ने अधिकार भएकोभन्दा झन् धेरै बाल्ने गरेका छन् भने केहीमा त्यस्तो गरेको छैन । यो समुच्च विशेष नीतिलाई विकासशील देशहरूमा वन फडानी र वनको विनासबाट हुने उत्सर्जन कटौती (रेड्) भनिएको हो ।

रेड् एउटा नयाँ सोच हो । यो सोचलाई कैयन विकसित अर्थात उत्तर र विकासशील अर्थात दक्षिणका सरकारहरूले र संरक्षणका क्षेत्रमा काम गर्ने ठूला गैरसरकारी संस्थाहरूले प्रवर्द्धन गरिरहेका छन् । रेड् संयन्त्रका सम्वन्धमा कैयन फरक प्रस्तावहरू छन् र यस्तो फरक मूलतः रेड्मा कसरी लगानी गर्ने र रेड् परियोजना राष्ट्रिय र क्षेत्रीय तहमा कसरी सञ्चालन गर्ने भन्नेमा रहेको छ । यी सबै प्रस्तावहरूमा आधारभूत सोच उही रहँदैआएको छ । विकसित राष्ट्रहरूले विकासशील राष्ट्रहरूलाई वन फडानी र विनास कटौती गर्नका लागि पैसा तिर्नु पर्दछ र विकासशील राष्ट्रहरूलाई वन संरक्षण गर्नका लागि पैसा तिरेवापत विकसित राष्ट्रहरूले आफ्नो उत्सर्जन भने कटौती गर्न पर्दैन ।

के कस्ता कामहरूमा पैसा तिरिनेछ र वन फडानी र वन क्षेत्रको विनास के कति मात्रामा कटौती हुनेछ भन्ने कुरामा भने अझै पनि सहमति भइसकेको छैन । धेरै प्रस्तावहरूमध्ये एउटा प्रस्ताव रेड् प्लस

(रेड्+) पनि हो । यो प्रस्तावमा सम्भवतः 'दिगो वन व्यवस्थापन' (काठ काट्ने लगायत), रूख रोप्ने र वनमा फेरि रूख रोप्नेलगायतका अतिरिक्त कार्यहरूका लागि पनि पैसाको व्यवस्था गर्ने कुरा छ । आदिवासी जनजातिका लागि रेड् प्लसको त्यसबाहेकका पनि अन्य अर्थ राख्दछ । जो यस प्रकार छन् :

रेड् अझै पनि जलवायु परिवर्तनसम्वन्धी विश्व सहमतिको अंग भइसकेको छैन । तर, सन् २०१० मा मेक्सिकोमा हुने संयुक्त राष्ट्रसंघीय जलवायु परिवर्तनसम्वन्धी खाका महासन्धिको १६औं सम्मेलनमा यसलाई स्वीकार गरिने संभावना रहेको छ । यद्यपि रेड्का सम्वन्धमा नमुना परियोजनाहरू सञ्चालन गर्न थालिएको छ । यसका लागि कोषको व्यवस्था गर्ने संयन्त्र संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (UNDP), संयुक्त राष्ट्रसंघीय वातावरणीय कार्यक्रम

(UNEP), खाद्य तथा कृषि संगठन (FAO), विश्व बैंक (World Bank) जस्ता अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरू र निजी कम्पनीहरू, सरकारहरू र वातावरण संरक्षण समुहहरू मिलेर स्थापना गरेका हुन् । उनीहरू सबैले जलवायु परिवर्तनसम्वन्धी सहमतिको कुनै बुँदामा रेड्लाई समावेश गरिने आशा राखेका छन् ।

## रेड्ले साँच्चै कसरी काम गर्छ ?

जुन देशहरूले कोष पाउंछन्, उनीहरूले नै वन फडानी र वनको विनास कटौती गर्न नीति तथा कार्यक्रमहरू कार्यान्वयन गर्नु पर्दछ । सिद्धान्ततः वन फडानी र वनको विनास कटौती गर्ने कुनै पनि तरिका वा दृष्टिकोणलाई व्यवहारिक रूप दिन सकिने छ । यस्ता केही उपायका उदाहरण यस प्रकार छन् : सरकारले कानुन कार्यान्वयन सुदृढ गर्ने, डढेलो व्यवस्थापन राम्रो राख्ने, दिगो वन व्यवस्थापनलाई व्यवहारमा प्रयोग गर्ने वा ठूलो मात्रामा काठ काट्ने कामलाई रोक्न कानुन परिवर्तन गर्ने वा वृक्षारोपन जस्ता वन संरक्षण कार्यहरू गर्ने ।

यसको अर्थ रेड्अन्तर्गत वनको ठूलो भूभाग ओगटेर नयाँ 'कार्वन संरक्षित क्षेत्रहरू' बनाएर यी वनहरूमा वन फडानी र वनको विनास हुन नदिएर कार्वन डाइअक्साइडको उत्सर्जन कटौती गर्ने मूल उद्देश्य हासिल गर्ने हो । अहिलेसम्म उत्तर नपाएको ठूलो प्रश्न रेड्मा कसरी लगानी गरिने छ ? यो अहिले बहसको तातो विषय भएको छ ।

## कसले कसरी पैसा तिर्छ ?

मूलतः यो बहसमा दुईवटा अडान छन् र यी दुवै रेड्अन्तर्गत वन संरक्षणका लागि तिर्नुपर्ने पैसा कसरी उठाउने भन्ने कुरासँग सम्वन्धित छ । एउटा प्रस्तावअनुसार यो कार्य कोष स्थापित गरेर गर्ने हो र अर्को प्रस्तावअनुसार कार्वन अनुमतिपत्र र श्रेय (Carbon Credit) का लागि 'बजार'को प्रयोग गर्ने अर्थात कटौती भएको उत्सर्जनको श्रेय

(Carbon Credit) को खरिद बिक्री गरी औद्योगिक राष्ट्रहरूलाई आफूले कटौती गर्नुपर्ने उत्सर्जन कम कटौती गरे हुन्छ भन्ने हो । अझै पनि सरकारहरू यूएनएफसीसीसीअन्तर्गत यस विषयमा सहमतिमा पुग्न बाँकी नै छ । यद्यपि दुवै किसिमको प्रस्ताव रेड्मा उपयोगी हुने

संभावना भने रहेको छ । त्यसैले यी दुवै संयन्त्रको विशेष असर आदिवासी जनजातिलाई पर्ने भएकोले यस बारेमा यहाँ व्याख्या गरिएको छ ।

### १. बजार संयन्त्र माध्यम लगानी (Financing Through Market Mechanism)

पहिलेको खण्डमा तपाईहरूलाई जानकारी गराएअनुसार, क्योटो प्रोटोकलमा सही गर्ने राष्ट्रहरूले जलवायु परिवर्तनको प्रभाव घटाउन प्रयोग गर्ने मुख्य संयन्त्र कार्वन बजार हो । तपाईलाई सम्फना छ यसले कसरी काम गर्छ भनेर ? सरल तरिकाले भन्नुपर्दा : प्रत्येक राष्ट्रले निश्चित मात्रामा कार्वन उत्सर्जन गर्न पाउँछ । यदि उनीहरूले कम उत्सर्जन गरेको खण्डमा उनीहरूसँग 'थप कार्वन अनुमतिपत्र' हुन्छ जुन उनीहरूले अन्य देशलाई बेच्न सक्दछन् । यदि उनीहरूले धेरै उत्सर्जन गरेको खण्डमा बढी कार्वन उत्सर्जन गरेको क्षतिपूर्ति गर्नका लागि अन्य राष्ट्रहरूबाट कार्वन अनुमतिपत्र किन्नु पर्दछ । अथवा उनीहरूले आफ्नो उत्सर्जन घटाउन अफ्रसम्म उत्सर्जनको सीमा नतोकिएका विकासशील राष्ट्रहरूलाई उनीहरूले पैसा तिर्नु पर्दछ । यसले कार्वन श्रेय (Carbon Credit) बनाउँछ । जसले जलवायु परिवर्तनसम्वन्धी अन्तर्राष्ट्रिय सहमतिले दिएकोभन्दा बढी उत्खनन् गरेर निकालिएको इन्धन बाल्न अवसर दिन्छ । एक कार्वन अनुमतिपत्र वा श्रेय (Carbon Credit) बराबर एक टन कार्वन हुन्छ । यो दुवै 'किन्ने' राष्ट्रहरू वा कम्पनीहरू र 'बेच्ने' राष्ट्र वा कम्पनीहरूबीच खरिद बिक्री हुन सक्दछ । केहीले कार्वन बजारलाई संयुक्त राष्ट्रसंघअन्तर्गत नियमित गर्नुपर्ने बताएका छन् भने अन्यले आफ्नै मापदण्ड र आफ्नै नियमसहितको स्वेच्छिक कार्वन बजारमार्फत हुनुपर्ने प्रस्ताव राखेका छन् । निकै धेरै कम्पनीहरू कार्वन व्यापारका लागि भनेर स्थापना भइसकेका छन् र उनीहरूले कार्वन श्रेय (Carbon Credit) बाट पैसा कमाउन थालिसकेका छन् ।

कुनै राष्ट्र वा कम्पनीले कार्वन उत्सर्जन गर्नुको सट्टा रोक्ने कार्य गर्दा पनि कार्वन श्रेय (Carbon Credit) बनाउन सकिन्छ । यदि उनीहरूले काठ काट्ने कामबाट विनास भएको वा वृक्षारोपन भएको वनलाई संरक्षण गरेको खण्डमा कार्वन श्रेय (Carbon Credit) बन्छ । त्यसैले 'बजार समाधान' को प्रस्ताव पछाडिको सोच भनेको वन संरक्षण गरेर बनाएको कार्वन श्रेय (Carbon Credit) लाई बेचेर रेड् परियोजनामा लगानी गर्ने हो ।

स्वेच्छिक बजारमा खरिदबिक्री हुने कार्वनमध्ये ३६ प्रतिशत पुनः वृक्षारोपन र नयाँ वृक्षारोपनबाट आउँछ । तर, वनविनास हुनबाट जोगाएर खरिदबिक्री हुने श्रेय (Carbon Credit) तीन प्रतिशत मात्र छ ।

आदिवासी जनजातिका लागि बजार पद्दतीको धेरै अर्थ छ । यो बजारबाट लगानी भएको परियोजनामा सम्मिलित हुने सोच राख्नु भएको छ भने यसले आदिवासी जनजातिलाई पार्ने सम्भावित सकारात्मक र नकारात्मक प्रभावहरूका बारेमा विचार गर्नु अत्यावश्यक छ ।

## २. कोषको माध्यमबाट लगानी गर्ने (Financing Through Funds)

कुनै परियोजना, व्यवसाय वा संस्थामा (जस्तैः विद्यालय वा बृद्धाश्रममा) संयुक्त लगानी गर्नका लागि विभिन्न व्यक्ति, कम्पनी वा सरकारहरूले पैसा एकै ठाउँ जम्मा गर्नुलाई कोष संयन्त्र भनिन्छ । कोषको रकम बैंकको खातामा राखिन्छ । यस्तो कोष सञ्चालन गर्ने केही मानिसहरूलाई जिम्मा दिइएको हुन्छ । जुन उद्देश्यका लागि कोष बनाएको हो सोही उद्देश्य पूरा गर्नु उनीहरूको जिम्मेवारी हो । कोष सार्वजनिक रकम (विश्व बैंक वा राष्ट्रिय सरकारहरू) वा व्यक्तिगत रकम (बैंक वा प्रतिष्ठान वा कम्पनी) को हुन सक्दछ ।

रेड्का लागि कोष विश्वव्यापी रूपमा वा क्षेत्रीय तहमा (जस्तै एसिया, अफ्रिका आदिका लागि) उठाउन सकिन्छ । उदाहरणका लागिः प्रशान्त महासागरमा भएको एउटा टापु देश तुभालुको सरकारले अन्तर्राष्ट्रिय वन वचाव प्रतिष्ठानका लागि एउटा कोषको प्रस्ताव राखेको छ । सरकारले जलवायुलाई हानिकारक कामहरू (जस्तैः वायुसेवा, पानीजहाज र हवाई जहाजको इञ्जिन चलाउन लाग्ने इन्धन आदि) मा कर उठाएर यो कोषलाई दिन सक्छ । यो कोषको रकम वन संरक्षण कार्यका लागि खर्च गर्न सकिन्छ । यो प्रस्तावमा वनलाई दिगो रूपमा संरक्षण गरिरहेका सुमदायहरूलई क्षतिपूर्ति दिने कुरा समावेश छ । प्रत्येक वर्ष जलवायु परिवर्तनसम्वन्धी संयुक्त राष्ट्रसंघीय खाका महासन्धिअन्तर्गतको कोप अर्थात पक्षहरूको सम्मेलन वा महासन्धिका पक्ष सदस्य-राज्यहरूलाई यो कोषबाट रकम प्राप्त गर्ने सरकारहरूले वन संरक्षण कार्यमा के कति प्रगति भयो सोको प्रतिवेदन पेश गर्नुपर्छ ।

### सार्वजनिक कोष (Public Funds)

रेड्लाई सहयोग गर्ने उद्देश्य राखेर विभिन्न अन्तर्राष्ट्रिय संस्थाहरूले कोष वा कार्यक्रमहरू सुरू गरिसकेका छन् । विश्व बैंकले 'वन कार्वन साझेदारी सुविधा' [Forest Carban Partnership Facility (FCPF)] र 'वन लगानी कार्यक्रम' [Forest Investment Programme (FIP)] सुरू गरिसकेको छ । संयुक्त राष्ट्रसंघले रेड् अथवा यूएन्-रेड्का सम्वन्धमा संयुक्त राष्ट्रसंघीय साझेदारी कार्यक्रम सञ्चालनमा ल्याएको छ । यो कार्यक्रममा खाद्य तथा कृषि संगठन, संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम र संयुक्त राष्ट्रसंघीय वातावरण कार्यक्रमको सहकार्य छ ।

केही औद्योगिक राष्ट्रहरूले पनि रेड्का लागि कोष स्थापना गरेका छन् । उदहारणका लागि, नर्वेले अन्तर्राष्ट्रिय जलवायु र वन पहल सुरू गरेको छ र नर्वेले संयुक्त राष्ट्रसंघीय रेड् कार्यक्रम र अन्य परियोजनाहरू (विश्व बैंकको वन लगानी कार्यक्रमसमेत) लाई वार्षिक ६० करोड डलर (करिव ४२ अरव रूपैया) आउने ६ वर्षसम्ममा सहयोग गर्नेछ ।

नर्वेले रेड्का लागि बजार र कोषमा आधारित दृष्टिकोण दुवै आवश्यक छ भन्नेमा विश्वास गर्दछ । अर्को उदाहरण, अष्ट्रेलियाले आउँदो ५ वर्षका लागि १८ करोड ५० लाख डलर (करिव १३ अरव

रूपैया) दिन प्रतिबद्धता जनाएको छ । यो रकम मुख्यतः इण्डोनेसिया, पपुवा न्यू गिनी र विश्व बैंकको 'वन कार्वन साझेदारी सुविधा'का लागि दिइने छ । जलवायु परिवर्तनसम्वन्धी संयुक्त राष्ट्रसंघीय खाका महासन्धिको पक्ष भएका राष्ट्रहरूले यी कार्यक्रमहरूको निरन्तरताका लागि माग नगरेसम्म यी घोषित सार्वजनिक कोषहरूको काम वि.सं. २०६८/०६९ (सन् २०१२) सम्ममा अन्त्य हुनेछन् । उनीहरूले जलवायु परिवर्तनसम्वन्धी संयुक्त राष्ट्रसंघीय खाका महासन्धिले रेड्को अन्तर्राष्ट्रिय नियमहरू के हुने र रेड्मा कसरी लगानी गर्ने भन्ने कुरा निश्चित गरिनसकेकाले यसरी पैसा दिएका हुन् । यी विषयहरू जलवायु परिवर्तनसम्वन्धी संयुक्त राष्ट्रसंघीय खाका महासन्धिको सम्झौताका दौरान अचेल बहसमा रहेको अप्ठ्यारा विषयहरू हुन् ।

## निजी कोषहरू (Private Funds)

अन्तर्राष्ट्रिय संस्थाहरू र सरकारहरूले स्थापना गरेको कोषको अतिरिक्त प्रकृति संरक्षणका निकायहरू (जस्तैः प्रकृति संरक्षण, संरक्षण अन्तर्राष्ट्रिय, विश्व वन्यजन्तु कोष, अन्तर्राष्ट्रिय वन अनुसन्धानका लागि अमेरिकी केन्द्र आदि)ले मात्र नभएर व्यक्तिगत प्रतिष्ठान र कम्पनीहरूले समेत व्यक्तिगत कोषहरू निरन्तर रूपमा बढाउँदै स्थापना गर्दै आएका छन् ।

निजी प्रतिष्ठानको सहयोगमा रेड्मा कार्यरत परियोजनाको एउटा उदाहरण वर्षावन (Rainforest) परियोजना हो । यो कार्यक्रम बेलायतको युवराज चार्ल्स्ले स्थापना गरेका थिए । यो परियोजनालाई रियो टिण्टोको खानी कम्पनी, मोर्गान स्टान्ले, गोल्डम्यान स्याक्स, डुएच बैंक जस्ता १२ वाट कम्पनीले आर्थिक सहयोग गरेका छन् । ठूलो संयुक्त पहलको अर्को उदाहरण बोलीभीयाको नोइल केम्फ जलवायु परिवर्तन परियोजना हो । यसमा प्रकृति संरक्षण (Nature Conservency), फण्डासियो एमीगोस डी ला नेचरालेजा (Fundancion Amigos de la Naturaliza), बोलीभीयाली सरकार र तीन वटा उर्जा कम्पनीहरू (अमेरिकी विद्युतीय शक्ति, प्रशान्त क्षेत्रीय निगम र बिपी एम्को)को संयुक्त प्रयास रहेको छ ।

इण्डोनेसियाको सुमात्रामा मेरील लिञ्च नामक अमेरिकी बैंकले उलु मेसेन परियोजनालाई आर्थिक सहयोग गरिरहेको छ । कैयन प्रतिष्ठानहरूसँग वनविनास रोक्ने कार्यक्रमहरू पहिले पनि थियो र अहिले पनि छ । तिनीहरूले पनि रेड्सँग सन्वन्धित कामहरूलाई सहयोग गरिरहेका छन् । यीमध्ये अमेजनमा कार्यरत गोर्डन, बेट्टीमोर फाउण्डेशन (प्रतिष्ठान), ब्राजिलमा कार्यरत डेभीड्, लुसिल प्याकर्ड फाण्डेशन र उष्णप्रदेशीय (ट्रपिकल) वनमा वन विकास गर्ने क्लीन्टन जलवायु पहललाई सहयोग गरिरहेको रकफेलर प्रतिष्ठान (फाउण्डेशन) प्रमुख छन् ।

यी सबै परियोजनाहरूमध्ये धेरैजसो भर्खरै सुरू भएका हुन् । केहीले उत्सर्जन कटौती साँच्चै गर्न सक्यौं कि सकेन भनेर अहिले नै थुप्रै आलोचना खेपिरहेका छन् । उदाहरणका लागि बोलीभियाको नोयल केम्फ् जलवायु कार्य कार्यक्रम (Climate Action Programme) लाई ग्रीनपीसले आलोचना गर्दै भनेको छ 'यसले दावी गरेअनुसार उत्सर्जन

स्थायी वा प्रभावकारी तरिकाले कटौती गर्न सकिरहेको छैन ।'

निजी कोषहरू स्वेच्छिक भएकोले उनीहरू भविष्यमा रेड्मा लगानी गर्ने अन्तर्राष्ट्रिय सहमतिमा निर्भर हुँदैनन् ।

## भावी लगानीको व्यवस्था

रेड्मा के कसरी लगानी गर्ने भन्ने सम्वन्धमा जलवायु परिवर्तनसम्वन्धी संयुक्त राष्ट्रसंघीय खाका महासन्धिले निर्णय गर्न अझै बाँकी भएकोले रेड्मा विद्यमान कार्यक्रम विभिन्न किसिमको लगानीको प्रयास धेरै महत्वपूर्ण र प्रभावशाली छ । यी कार्यक्रमहरू प्रभावशाली हुनुको समान्य कारण यिनीहरू गर्न सकिने खालका उपलब्ध खाकाहरू हुन् । हाल सञ्चालनमा रहेका कार्यक्रमहरूमा सबैभन्दा प्रभावशाली कार्यक्रम संयुक्त राष्ट्रसंघीय रेड् र विश्व बैंकको वन कार्वन साझेदारी सुविधा र वन लगानी कार्यक्रम हो ।

## विश्व बैंक र रेड् (The World Bank & REDD)

रेड्लाई प्रवर्द्धन गर्न र आकार दिन विश्व बैंक नेतृत्वदायी भूमिका निभाउन चाहन्छ । जलवायु परिवर्तनसम्वन्धी सफा प्रविधि र अन्य कार्यका विकासका लागि सहयोग गर्न विश्व बैंकले 'जलवायु लगानी कोष' (Climate Investment Fund) र 'रणनीतिक जलवायु कोष' (Strategic Climate Fund) गरी दुईवटा ठूलो कोषको स्थापना गरिसकेको छ । रणनीतिक जलवायु कोष भनेको वन लगानी कार्यक्रम हो जसले रेड्लाई प्रत्यक्ष सम्वोधन गर्दछ । वन कार्वन साझेदारी सुविधा यी कोषहरूसँग अलग हो । तर, उनीहरूले गरेका कामसँग निकट सम्वन्ध राख्दछ । यसैलाई नजिकबाट नियालेर हेरौं ।

## वन कार्वन साझेदारी सुविधा (FCPF)

रेड्लाई प्रवर्द्धन गर्ने विश्व बैंकको मुख्य संयन्त्र वन कार्वन साझेदारी सुविधा परिकल्पना हो । यसले विकासशील राष्ट्रहरूलाई वन फडानी र वन क्षेत्रको विनासबाट हुने उत्सर्जनलाई कटौती गर्ने आकांक्षा राख्दछ । यो दुईवटा कोषको माध्यम गर्न खोजेको छ :

## १. तयारी संयन्त्र (The Readiness Mechanism)

रेड्को क्षमता बढाउने उद्देश्य राख्दछ । यसको सोच के हो भने रेड् कार्यक्रम सञ्चालन गर्न चाहने राष्ट्रहरूले यस्तो गर्नुअघि आवश्यक ज्ञान र प्राविधिक सीप हुनु आवश्यक छ । वन कार्वन साझेदारी सुविधाले विश्वको उष्ण र उप-उष्ण क्षेत्रका ३७ राष्ट्रहरूलाई भविष्यको ठूला रेड् कार्यक्रमहरूको तयारीका लागि सहयोग गर्दछ । वन कार्वन साझेदारी सुविधाले ठोस रूपमा निम्न काम गर्दछ :

क. आफ्नो वनमा विद्यमान कार्वनको अनुमान गर्न राष्ट्रहरूलाई सहयोग गर्ने (राष्ट्रिय वनजन्य कार्वन भण्डार) र वनबाट उत्सर्जन हुने कार्वनको स्रोतको पहिचान ।

ख. 'सन्दर्भ दृश्य' लाई परिभाषित गर्न राष्ट्रहरूलाई सहयोग गर्ने । यदि हामीले विशेष गरेर प्रत्येक वर्ष हुने वन फडानीलाई कटौती गरेर कार्वन उत्सर्जन के कति कटौती गर्न सकियो भनेर थाहा पाउनलाई रेड् कार्यक्रम सुरू हुनुअघि कार्वन उत्सर्जन के कति भइराखेको थियो सो थाहा हुन अत्यावश्यक छ । रेड् कार्यक्रम सुरू हुनुअघि वन फडानी र वन क्षेत्रको विनासबाट के कति कार्वन उत्सर्जन भएको सोको अनुमान नै 'सन्दर्भ दृश्य' हो । सरकारहरूले आफूले के कति उत्सर्जन कटौती गर्न सक्यो सोका बारेमा प्रतिवेदन प्रस्तुत गर्दा यसैमा आधारित हुनु पर्दछ । वन फडानी र वन क्षेत्रको विनासलाई कटौती गर्ने विभिन्न उपायहरूको हिसावकिताव र खर्चहरू दाँज्नका लागि यी देशहरूलाई प्राविधिक सहयोग विश्व बैंकले दिनेछ । उनीहरूले यसैमा आधारित गरेर रेड्को रणनीति बनाउने छन् ।

विश्व बैंकबाट नेपालले पनि तयारी योजनाका लागि केही सहयोग पाइसकेको छ ।

## २. कार्वन लगानी संयन्त्र

**(The Carbon Finance Mechanism)**

तयारी संयन्त्रमा (Readiness Mechanism) सफलतापूर्वक भाग लिएका थोरै देशहरूलाई रेड्लाई परीक्षण गर्न नमूना (Pilot) कार्यक्रममा निमन्त्रणा दिइने छ । स्मरणहोस्, रेड्को आधारभूत सोच भनेको वन संरक्षण गर्न आर्थिक क्षतिपूर्ति दिएर कार्वन उत्सर्जन कटौती गर्नु हो । व्यापक रूपमा रूख काट्ने र खेती-कमान भने होइन । यस्तो आर्थिक सहयोगको उपहार दिनुको उद्देश्य सरकारहरूले वन फडानी र वन क्षेत्रको विनास कटौती गर्नु हो र यसलाई 'सकारात्मक प्रोत्साहनहरूको निर्माण' भनिन्छ । उनीहरूले उत्सर्जनको मात्रा यसअघि उल्लेख गरिएको 'सन्दर्भ दृश्यावली'को तहभन्दा तलसम्म कटौती गर्न समर्थ भएको खण्डमा उनीहरूले क्षतीपूर्तिको रकम पाउने छन् ।

यो तयारी संयन्त्र र कार्वन लगानी संयन्त्रहरूले भविष्यमा रेड्का लागि लगानी गर्न धेरै ठूलो व्यवस्थाको स्थापना गर्न डोऱ्याउने छ । विश्व बैंक आफैले आफ्नो वेबसाइटमा उल्लेख गरेअनुसार 'वन फडानीलाई सम्बोधन गर्नका लागि यथार्थमा आधारित र खर्च-प्रभावकारी ठूला नयाँ दस्तावेज विकास गर्न र पृथ्वीको जलवायु सुरक्षित राख्न, गरिवी घटाउन, ताजा जलको स्रोतहरू व्यवस्थापन गर्न तथा जैविक विविधता संरक्षण गर्न सहयोग गर्ने हो ।

यो सुन्दा त साऱ्है राम्रो जस्तो लाग्छ, होइन र ? तर, धेरै मानिसहरू र अझ हामी आदिवासी जनजातिहरू वन कार्वन साझेदारी सुविधाबाट एकरत्ती पनि खुशी छैनौं । हामीले बेला मौकामा विश्व बैंकको आलोचना गरिसकेका छौं । सबैभन्दा पहिलो, विश्व बैंकले वनमा बसोवास गर्ने जनतासँग उचित तरिकाले परामर्श गरेको छैन । यसो गर्दा विश्व बैंकले आफ्नै आन्तरिक सुरक्षा नीति र वन कार्वन साझेदारी सुविधाको नियमहरूलाई आँखा चिम्लेको देखिन्छ । यी नीतिहरू अनुसार वनमा निर्भर आदिवासी जनजातिहरू र वनमा बसोवास गर्नेहरूलाई प्रभाव पार्ने कुनै पनि निर्णयहरूमा उनीहरूको प्रभावकारी

सहभागिता सुनिश्चित गर्ने आवश्यकतालाई मनन् गर्नु विश्व बैंकको जिम्मेवारी हो । राष्ट्रिय र अन्तर्राष्ट्रिय कानुनहरूले ग्यारेन्टी गरेका आदिवासी जनजातिका अधिकारलाई दृष्टिगत गर्नु विश्व बैंकको दायित्व हो ।

जुन राष्ट्रहरूले राष्ट्रिय रेड् रणनीति र प्रस्तावहरू बुझाए र बिश्व बैंकले सुरूको रकम दिन स्वीकृतिसमेत दिइसकेका छन्, त्यसमा पनि आदिवासी जनजातिहरूसँग उपयुक्त तरिकाले परामर्श गरेको पाइएन । निर्णय गर्ने काममा सहभागी सुनिश्चित गरेको पनि पाइएन । इण्डोनेसिया, पानामा र गुयनाले विश्व बैंकलाई तयारी संयन्त्रअन्तर्गतको रकमहरू भूमिको अधिकार र उपयुक्त परामर्श जस्ता महत्वपूर्ण सवालहरूलाई सम्वोधन नगर्दासम्म रोक्न अनुरोध गरेको छ । मानवअधिकार उल्लंघन नगर्नका लागि विश्व बैंकका कैयन नीति र कार्यविधिहरू छन् । आदिवासी जनजातिसम्वन्धी कार्यान्वयन नीति ४.१० ले आदिवासी जनजातिलाई केही संरक्षण गर्छ । तर, यो आदिवासी जनजातिको अधिकारसम्वन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्रमा भएको स्तरको भने छैन । कम्तीमा पनि यो कार्यविधिले विश्व बैंकबाट ऋण वा सहयोग रकम प्राप्तगर्ने राष्ट्रहरूलाई आदिवासी जनजातिहरूसँग परामर्श गर्न बाध्य बनाउँछ । यस्तो परामर्श आदिवासी जनजातिका भूमिमा असर गर्ने भयो र बैंकले परियोजना वा कामका लागि रकम दिनुअघि आदिवासी जनजातिहरूको 'समुदायको व्यापक समर्थन' छ भनेर सुनिश्चित गर्नु पर्दछ ।

विश्व बैंकको सुरक्षा नीति अस्पष्ट र कमजोर मात्र नभएर यसमा वन कार्वन साझेदारी सुविधाको तयारी संयन्त्रअन्तर्गत योजनामा राखेका कामहरूमा आदिवासी जनजातिसम्वन्धी नीति र कार्यविधि प्रक्रियाहरू कसरी लागु हुन्छ भन्ने बारेमा अन्यौल र अस्पष्टता छ । मंसिर २०६६ (सेप्टेम्बर २००९) सम्ममा वन कार्वन साझेदारी सुविधाअन्तर्गत तयार गरिएको कुनै पनि राष्ट्रिय योजनामा विश्व बैंकको नीति तथा कार्यविधि प्रक्रियाहरूसँग मेल खायो कि खाएन भनेर कहिल्यै पनि हेर्ने काम गरिएन ।

वन कार्वन साझेदारी सुविधासँग आफ्नै बडापत्र छ । यो दस्तावेजमा सबै कार्यक्रमहरूमा अनिवार्य रूपमा पालना गर्नुपर्ने नियमहरू उल्लेख गरिएको छ । बडापत्रअनुसार सुविधाअन्तर्गत दिइएको रकमबाट सञ्चालित कार्यक्रमहरूमा ऋण लिइएको देशको अन्तर्राष्ट्रिय दायित्वलाई पुरा गर्नु पर्दछ । यसले विभिन्न देशहरूले हस्ताक्षर गरेको अन्तर्राष्ट्रिय सहमति (जस्तैः महासन्धि वा प्रतिज्ञापत्रहरू) हरूलाई जनाउँदछ । वन कार्वन साझेदारी सुविधा २०६४/०६५ (सन् २००८) देखि भइरहेपनि यो महत्वपूर्ण मापदण्डलाई पुरा गर्ने स्पष्ट छाँट देखाएको छैन ।

## वन लगानी कार्यक्रम

**(The Forest Investment Programme-FIP)**

वन लगानी कार्यक्रम (FIP) अन्तर्गत विश्व बैंकले वि.सं. २०६६/०६७ (सन् २०१०) मा रकम दिन सुरू गर्नेछ । यो कार्यक्रममार्फत् विश्व बैंकले रेड्लगायतका 'दिगो वन व्यवस्थापन' र वृक्षारोपन कार्यहरूका

लागि करिव ७ अरब रूपैयाँदेखि १४ अरब रूपैयाँ (१० देखि २० करोड डलर) रकम दिने आशा राखिएको छ । यो कार्यक्रम हामी आदिवासी जनजाति र अन्य वनमा निर्भर जनताका लागि विशेष चासोको विषय हो किनभने यस कार्यक्रमले आदिवासी जनजातिका लागि महत्व राख्ने चारवटा उद्देश्यहरू हासिल गर्न खोजिएको छ ।

१. कोषको बढोत्तरी, वनसम्वन्धी कानुनको कार्यान्वयनका लागि सहयोग, वन विनासको कारक तत्वको सम्वोधन र अन्य कार्यहरू बढाएर विकासशील राष्ट्रहरूको वन नीतिहरूमा परिवर्तनकारी ढंगले प्रभाव पार्ने ।
२. रेड्लाई रकमको व्यवस्था गर्न प्रोत्साहित गर्ने ।
३. नीति तथा कानुनहरू र वन क्षेत्रको संरक्षण, प्रवर्द्धन र थमौती र कार्वनको भण्डारबीच सम्बन्ध देखाउन परीक्षण परियोजना सञ्चालन गर्ने ।
४. जलवायु परिवर्तनसम्वन्धी संयुक्त राष्ट्रसंघीय खाका महासन्धिअन्तर्गतका सम्झौताहरूका सम्बन्धमा आवश्यक पाठ पहिचान गर्ने ।

वन लगानी कार्यक्रमको एउटा प्रमुख उद्देश्य संलग्न राष्ट्रहरूको विद्यमान कानुन तथा नीतिहरू परिवर्तन गर्नु हो । यसले वनमा निर्भर आदिवासी जनजातिको जीवन र जीविकोपार्जनमा प्रत्यक्ष असर पार्दछ ।

आदिवासी जनजातिका प्रतिनिधिहरूले वन लगानी कार्यक्रमका कुनै पनि कार्यहरूले आदिवासी जनजाति र आदिवासी जनजातिका भूमिमा असर गर्ने कुनै पनि कार्यलाई स्वीकृति दिनुपूर्व स्वतन्त्र, पूर्वजानकार सहमति हुनैपर्ने सम्वन्धमा धेरै कडा संघर्ष गरेका थिए । यद्यपि यी सबै प्रयास बावजुद पनि अन्तिम रूप दिइएका दस्तावेजबाट स्वतन्त्र, पूर्वजानकार सहमतिलाई हटाएको छ । वन लगानी कार्यक्रमले आदिवासी जनजाति तथा वनमा बस्ने अन्य जनताहरूको अधिकारको मान्यता दिने किसिमले विकास र वन संरक्षणका लागि केही गर्दैन भन्ने डर जायज छ ।

वन लगानी कार्यक्रलाई परम्परागत ठूलाठूला वृक्षारोपन र काठ काट्ने कार्यहरूलाई सहयोग गर्नमा दुरूपयोग गर्लान् भनेर मानवअधिकारवादी र वातावारणवादी समुहहरूले चासो देखाइरहेका छन् । यस्ता चासोहरू उठाउनुको कारण के पनि हो भने वन लगानी कार्यक्रम प्रारूप दस्तावेजमा विश्व बैंकले 'विवेकशील भू–उपयोग योजना, र कृषि–वनलगायतको कृषिलाई बढावा दिने सन्दर्भमा कृषिमा लगानी प्रोत्साहित गरिने उल्लेख छ । त्यसैगरी विवेकशील भू–उपयोग योजना र कृषि–वनको अंगको रूपमा ठूलाठूला खेती–कमान र काठ काट्ने कार्यहरूलाई समावेस गर्ने सम्भावना पनि बढी छ ।

आदिवासी जनजातिहरूले कार्यक्रमको निर्माणमा प्रभावकारी सहभागिताका लागि बैंकलाई दवाव दिंदैआएको छ । आदिवासी जनजातिका प्रतिनिधिहरू कार्यक्रमको प्रारूप तयार पार्ने कार्यशालाहरूमा सहभागी थिए । उनीहरूले आदिवासी जनजातिको अधिकारसम्वन्धी राष्ट्रसंघीय घोषणापत्र र स्वतन्त्र, पूर्वजानकार सहमतिलाई सम्मान गर्न बारम्बार अनुरोध गर्दासमेत यी दस्तावेजहरूलाई अन्तिम रूप दिंदा अस्वीकार गरिएको छ । वन लगानी कार्यक्रमका कामहरू हेर्ने, मार्गदर्शन गर्न र

लगानी गर्नका लागि परियोजनाहरू स्वीकार गर्नका लागि एउटा 'उप-समिति' गठन गर्ने प्रक्रियामा छ ।

उक्त उप-समिति २०६६/०६७ (सन् २०१०) को पहिलो चौमासिकमा गठन हुने र त्यसमा कम्तीमा पनि दुईजना आदिवासी जनजाति प्रतिनिधि समावेश गरिने आशा राखिएको छ ।

विश्व बैकले यसअघि नै वन लगानी कार्यक्रमअन्तर्गत आदिवासी जनजाति र वनमा निर्भर जनताका लागि 'समर्पित पहल'को स्थापना गर्ने घोषणा गरिसकेको छ । यसले वन फडानी कटौती गर्ने आदिवासी जनजातिहरूकै आफनो प्रयासका लागि कोषमा सिधै पहुँच पुऱ्याउने र समर्थनमा प्राप्त हुनेछ । यद्यपि यो पहल योजना बन्ने चरणमै छ ।

## रेड्का लागि संयुक्त राष्ट्रसंघीय कार्यक्रम (UN-REDD)

संयुक्त राष्ट्रसंघीय रेड् कार्यक्रम वि.सं २०६५ असोज/कात्तिकमा (सेप्टेम्बर २००८) स्थापना भएको हो । यो संयुक्त राष्ट्रसंघको तीनवटा ठूला निकायले संयुक्त रूपमा सञ्चालन गरेको छ । ती हुन्, संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (UNDP), संयुक्त राष्ट्रसंघीय वातावरण कार्यक्रम (UNEP) र खाद्य तथा कृषि संगठन (FAO) ।

नर्वे सरकारले संयुक्त राष्ट्रसंघीय रेड् कार्यक्रमका लागि सुरूमा आर्थिक सहयोग गरेको थियो र अन्य सरकारहरूबाट महत्वपूर्ण आर्थिक सहयोग पाउने आशा राखिएको छ ।

संयुक्त राष्ट्रसंघीय रेड् कार्यक्रमको उद्देश्य विकासशील राष्ट्रहरू र अन्तर्राष्ट्रिय समुदायलाई रेड्का सम्बन्धमा भुक्तानीका विभिन्न उपायहरू र यसको जोखिमहरूलाई कसरी सम्बोधन गर्ने भन्ने सम्बन्धमा अनुभव दिलाउनु हो ।

संयुक्त राष्ट्रसंघीय रेड् कार्यक्रमले बजारमा आधारित रेड् र कथित 'पर्यावरण पद्दती सेवा' (Payments For Ecosystem Services-PES) को प्रवर्द्धन गरिरहेको छ । यी दुवै कार्यक्रमबीच महत्वपूर्ण विषयमा धेरै फरक छ । रेड्ले दैनिक रूपमा समस्या सिर्जना गर्ने प्रदूषणलाई जतातत‍ै निरन्तरता दिन्छ । तर, पर्यावरण पद्दती सेवाले त्यसो गर्दैन । संयुक्त राष्ट्रसंघीय रेड् कार्यक्रमले अहिले १० वटा राष्ट्रहरूमा परीक्षण परियोजनालाई सहयोग गरिरहेको छ । ती देशहरू बोलिभिया, कङ्गो, इण्डोनेसिया, पानामा, पपुवा न्यूगिनी, प्यारागुए, ताञ्जानिया, भियतनाम र जाम्बीया हुन् । विश्व बैंकको वन कार्वन साझेदारी सुविधा जस्ता परीक्षण परियोजनाका उद्देश्यहरू दुईवटा छन् :

१. यी परियोजनाहरूले राष्ट्रहरूलाई भावी राष्ट्रिय रेड् योजनाहरूमा सहयोग गर्नु हो । यसलाई 'तयारी कार्यहरू' भनिन्छ किनभने यसले रेड्का लागि तयार रहन सरकारहरूको क्षमता बढाउन खोज्छ ।

२. यसले विकास गरिएको रेड्को भुक्तानी पद्दतीको परीक्षण गर्दछ ।

यी परीक्षण परियोजनाहरूले संयुक्त राष्ट्रसंघीय रेड् कार्यक्रमले दिने गरेको प्राविधिक सहयोग र तयार गरेको भुक्तानी पद्दतीले स्पष्ट, नाप्न सकिने र दिगोरूपमा उत्सर्जनको कटौती सुनिश्चित गर्न सकेको छ कि छैन सोको आंकलन गर्दछ । यससँगै वनले दिने अन्य

NEFIN

पर्यावरणीय पद्दती सेवाहरू (जस्तैः जैविक विविधताको संरक्षण, स्वच्छ पानी आदि) लाई यथावत कायम राख्दै र सुधार गर्दै लानु पर्दछ ।

तपाईले थाहा पाउनुपर्ने कुरा भनेको संयुक्त राष्ट्रसंघीय रेड् कार्यक्रमले 'अधिकारमा आधारित दृष्टिकोण' अपनाउने घोषणा गरेको छ । यसको अर्थ यस कार्यक्रमले आफ्ना यी कार्यक्रमहरूबाट प्रभावित वा संलग्न सबै जनताको अधिकारलाई सहयोग, सम्मान र प्रवर्द्धन गर्नुपर्दछ भन्ने हो ।

संयुक्त राष्ट्रसंघीय रेड् कार्यक्रमले आफ्नो कार्यहरूलाई कसरी अनुगमन गर्ने र सबैले नियमलाई पालना गरेको सुनिश्चितता कसरी गर्ने भनेर योजना बनाएको छ । उदाहरणको लागि, यसले आदिवासी जनजातिको अधिकारसम्वन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्रका बारेमा सरकारहरूलई प्रशिक्षण दिने, परम्परागत ज्ञानका बारेमा चेतना तथा जागरण बढाउने र 'सह-फाइदा' मूल्यांकनका लागि दस्तावेजहरू विकास गर्ने (कार्वन उत्सर्जनको कटौती मात्र नभएर अन्य फाइदा पनि दिने) । तर, अनुगमन योजनामा धेरै महत्वपूर्ण कुराहरू पुगेको छैन । अनुगमनको आधार, सुचाङ्क र उपकरणहरू छैन साथै आदिवासी जनजातिको मानवअधिकारमा परेको प्रभावको स्वतन्त्र पुष्टि तथा संलग्न सरकारहरूले रेड् कार्यक्रम कति राम्ररी सञ्चालन गरिरहेको छ भनेर पनि हेर्दैन ।

अधिकारमा आधारित दृष्टिकोणलाई व्यवहारमा प्रयोग गर्न वा सबै कार्यहरूले आदिवासी जनजातिसम्वन्धी निर्देशिकाहरूलाई कडाइँका साथ पालनाको सुनिश्चित गर्न अनुगमन संयन्त्र विकास गरोस् भन्ने आदिवासी जनजातिको मागलाई संयुक्त राष्ट्रसंघले कसरी सुनिश्चित गर्छ भन्ने बारेमा अझै पनि स्पष्टता छैन ।

## आदिवासी जनजातिहरूले रेड्का बारेमा जानकारी राख्न किन आवश्यक छ ?

तपाईले अहिलेसम्म जे-जति थाहा पाउनुभयो त्यसका आधारमा कल्पना गर्न सक्नुहुन्छ कि रेड्ले तपाईको भूमि र स्रोतको प्रयोग, स्वामित्व र व्यवस्थापनको अधिकारलाई प्रभाव पार्ने प्रबल सम्भावना छ । यसले तपाईको सम्पूर्ण जीवनलाई राम्रो वा अति नराम्रो प्रभाव पार्न सक्नेछ । रेड् कार्यक्रम उष्ण र उप-उष्ण क्षेत्रका विकासशील राष्ट्रहरूमा कार्यान्वयन भइरहेको छ र त्यस्ता धेरैजसो वन क्षेत्रहरू आदिवासी जनजातिको परम्परागत पुर्ख्यौली भूमि हो । यी वनहरूमा आदिवासी जनजाति समुदायहरू सयौं वर्षदेखि बसोबास गर्दैआएका छन् । हामीले यी वनहरूलाई प्रयोग, व्यवस्थापन र आकार दिंदै आएका हौं । आदिवासी जनजातिका परम्परागत भू-उपयोग र व्यवस्थापनका प्रचलनहरूले वनलाई मास्नुको सट्टा भू-उपयोगमा विविधता ल्याएको छ र जैविक विविधता बढाएको छ ।

रेड्ले यस्ता वन संरक्षणका कार्यलाई सहयोग गर्ने उद्देश्य राखेको छ र यसका लागि औद्योगिक देशहरूबाट ठूलो रकम उपलब्ध गराउने छ । वन संरक्षण प्रत्येक व्यक्तिको हितमा छ र अझ जीविकोपार्जनका लागि वनमा निर्भर आदिवासी जनजाति समुदायको हितमा निश्चित

रूपमा छ भन्नेमा हामी सबै सहमत छौं । तापनि यी कार्यक्रमहरूले आदिवासी जनजातिहरूलाई अति धेरै नकारात्मक प्रभाव पार्नसक्ने सम्भावना पनि छ । रेड् परियोजनाले वनभित्र के हुनसक्छ, के हुन सक्दैन, खेतीपाती, सिकार, झाडीबाट प्राप्त हुने खाद्यवस्तुहरू संकलन गर्ने, औषधि, इन्धन र निर्माणका लागि काठ काट्ने वा वनका स्रोतहरूलाई अन्य कुनै प्रकारले प्रयोग गर्ने जस्ता कामहरू नियमसम्मत गराउन नियमहरू बनाउँछ । संरक्षित क्षेत्रले जस्तै रेड् परियोजनाले पनि आदिवासी जनजातिहरूलाई उस्तै प्रभाव पार्न सक्ने सम्भावना छ । वास्तवमा यो एक प्रकारले संरक्षित क्षेत्र जस्तै नै हो । यसलाई कार्वन संरक्षित क्षेत्रहरू भनिने छ ।

विश्वभरका आदिवासी जननजातिहरूलाई रेड् कार्यक्रमले चिन्ता बढाएको छ । विगतको अनुभवले सरकारहरू र निजी कम्पनीहरूले वन नीति तथा कार्यक्रमहरूको कार्यान्वयनमा आदिवासी जनजातिको अधिकार र चाहनाहरूलाई मान्यता दिन तयार छैनन् भन्ने कुरा स्पष्ट भएको छ ।

आदिवासी जनजातिको रेड् परियोजनाले भूमिको अधिकार वा भू-स्वामित्वका बारेमा के गर्ने भन्ने सम्वन्धमा चासो छ । रेड्का सम्वन्धमा बनेका नयाँ राष्ट्रिय कानुन र अन्तर्राष्ट्रिय रेड् कार्यक्रमहरूले भू-स्वामित्वको सुरक्षालाई आधारभूत पूर्वशर्त बनाएका छैनन् । सरकारहरूले खनिज उत्खनन् र काठ काट्न विशेष सुविधा दिए जस्तै ऐलानी जग्गाहरूमा परम्परागत जग्गा धनीहरूसँग त्यस्ता जग्गाका बारेमा परामर्श नगरी कार्वन अधिकार खरिद बिक्रीका लागि छनौट गर्नसक्ने सम्भावना देखिन्छ ।

यदि आदिवासी जनजातिका आधारभूत अधिकारहरूको सम्मान भयो र रेड् परियोजनाको निर्माण र व्यवस्थापन आदिवासी जनजातिको नियन्त्रणमा भयो भने आदिवासी जनजातिको संघर्षलाई नयाँ अवसरहरू दिएर मद्दत गर्न सक्नेछ । त्यसैले रेड्का सम्बन्धमा आदिवासी जनजातिका संस्थाहरूको धारणाहरू निकै फरकफरक छन् । कुनै समुहले वनलाई कार्वनको गोदाम देख्ने सोचको जोडदार बिरोध गर्दछ र कुनै पनि किसिमको कार्वन व्यापारलाई अस्वीकार गर्दछ । अन्य समुहले भने यसबाट केही फाइदा हुन सक्दछ भन्ने धारणा राख्दै राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रक्रियाहरूमा आदिवासी जनजातिको अडानलाई समावेश गरोस् भन्ने माग राख्दछ । जे गरे पनि, तपाई र तपाईको समुदायको लागि रेड् के हो ? सम्भावित फाइदाहरू के के छन् ? र सम्भावित नकारात्मक प्रभावहरू के के छन् ? भन्ने बारेमा थाहा हुनु महत्वपूर्ण छ । यस्तो थाहा भयो भने रेड्ले तपाईको भूमि र भू-क्षेत्रलाई ताकेर आएको खण्डमा तपाईले आफनो अधिकारका लागि सम्झौता गर्न वा सुरक्षा गर्न तयार रहन सक्नुहुन्छ ।

## रेड्ले आदिवासी जनजातिहरूलाई पार्नसक्ने सम्भावित प्रभाव के हो ?

### रेड्को समग्र समस्याहरू

रेड्लाई आजसम्म जुनरूपमा तयार पारिएको छ त्यसमा कमी कमजोरीहरू मात्र होइन खतराहरू समेत छन् भन्ने कुरा प्रष्ट भइसकेको छ । केही

समस्या प्राविधिक छन् भने धेरैजसो नैतिक छन् ।

## चुहावटको समस्या : यहाँ संरक्षण तर त्यहाँ कटान

भाँडामा प्वाल छ भने चुहिन्छ । रेड्को सन्दर्भमा रेड् कार्यक्रम वा परियोजनाहरूमा एउटा पनि खोट् हुनु हुँदैन । एक ठाउँमा वन फडानी रोक्ने तर अर्को ठाउँमा विनास गर्ने काम हुनु हुँदैन । उदाहरणका लागि, सरकारले कुनै एउटा कम्पनीलाई वन फडानी गरेर ताडीको खेती गर्न स्वीकृति दियो । तर, रेड् कार्यक्रमले क्षतिपूर्ति दिएपछि वन फडानी गरेन् र ताडीको खेती पनि गरेन् । तरपनि त्यो कम्पनी र सरकारले अर्को ठाउँमा वन फडानी गरेर ताडीको खेती गरेको छैन भनेर निश्चित हुने ठाउँ छैन । यो 'चुहावट'को समस्या हो ।

## 'थप' र 'विकृत प्रोत्साहन'को समस्या : गलत मान्छेलाई पैसा तिरेर वन फडानीको प्रोत्साहन

रेड् कार्यक्रममा समावेश हुन चाहने आफ्नो वनको मालिक कुनै पनि सरकार, कम्पनी वा समुदायले 'कार्वन फाइदा' प्रमाणित गर्नु पर्दछ । यसको अर्थ, कार्वनलाई वायुमण्डलमा जान नदिएर रूखमा सुरक्षित राख्ने काम क्षतिपूर्ति भुक्तानी नदिइकन हुँदैन । अर्को शब्दमा भन्दा उनीहरूले यो प्रमाणित गर्नु पर्दछ कि क्षतिपूर्तिको रकम नदिएको भए वन फडानी हुने थियो । यसलाई जनाउने प्राविधिक पदावली "थप" हो जसको अर्थ थप कार्वन श्रेय प्राप्त गर्‍यो भन्ने हो । यो महत्वपूर्ण यस अर्थमा छ कि बचत भएको कार्वन 'कार्वन श्रेय'का रूपमा विकासशील राष्ट्रका कसैलाई बेचिन्छ । यसरी बेच्दा उनीहरूले आफनो उत्सर्जनको तोकिएको सीमामा रहन सक्छ वा बढी जान सक्छ ।

जनताले कार्वनलाई रूखमा जोगाएर राख्न नभएर अन्य कुनै कारणले वन संरक्षण गरेको छ भने उनीहरूसँग क्षतिपूर्ति पाउने अधिकार छैन र रेड् कार्यक्रममा समावेश हुन सक्दैन । सरल रूपमा भन्दा रेड्मा पर्न त्यस्तो वन चाहिन्छ जुन तत्काल फडानी वा विनासको खतरामा छ ।

यसको अर्थ के हो भने रेड्ले अन्ततः गाईवस्तुको बथान पाल्नेहरू वा ताडीको तेल कम्पनी जस्ता वन विनासकर्ताहरूलाई फाइदा दिन्छ । तर, वन जोगाउने आदिवासी जनजाति समुदायहरूले भने फाइदा पाउँदैनन् । सबैभन्दा चिन्ताको विषय के हो भने रेड्ले यस्ता वन विनास गर्ने मान्छे वा कम्पनीहरूलाई रेड् कार्यक्रममा रहनका लागि र क्षतिपूर्तिको रकमबाट वन विनास गर्नेहरूलाई फाइदा दिन्छ । यस्तो "प्रोत्साहन" रेड्को घोषित सोचसँग अन्तरविरोधी भएकोले "विकृत प्रोत्साहन" भन्ने गरिन्छ ।

अहिले रेड्का सम्वन्धमा भइरहेको सम्झौताको चरणमा वन फडानीको खतरा धेरै छ । उदाहरणका लागि, गुयनाको सरकारले रेड्बाट क्षतिपूर्ति नपाएको खण्डमा वन फडानी बढाएर लाने धम्की दिएको छ ।

त्यसैगरी संयुक्त राष्ट्रसंघले दिएको वनको परिभाषामा प्राकृतिक वन र वृक्षारोपन गरेर उमारिएको वनबीच केही फरक छैन । यसको

अर्थ कुनै कम्पनीले वनको सट्टा वृक्षारोपन गरेर रेड् कार्यक्रमको सहयोग लिन सक्ने संभावना रहन्छ ।

अन्तमा, रेड् कार्यक्रम एक पटक स्थापित भइसकेपछि विकसित राष्ट्रहरूबाट विकासशील राष्ट्रहरूमा पैसाको खोला बग्ने छ । यसमध्ये धेरैजसो रकम विश्वका भ्रष्टाचारी सरकारहरूको हातमा पर्ने भएकोले ठूलो रकम भ्रष्टाचार भएर बिलाउने खतरा छ ।

## मापन र अनुगमन: मान्छे र वन फडानीको मूल कारणहरुलाई बिर्सनु

हाल बनेको रेड्को खाकाले जटिल कार्वन मापन (वनमा कति कार्वन छ ?), हिसाव र अनुगमन पद्दती (रेड् नभएको अवस्थासँगको तुलना गर्दै रेड्को पहलबाट कति कार्वन बचाउन सकिन्छ ?), नयाँ वनको लगत राख्ने (कहाँ कस्तो वन छ ?) र उत्सर्जनमा कटौती भएको छ भनेर प्रमाणित गर्ने विधि आदिमा जोड दिएको छ । तर, अहिलेसम्ममा समुदायहरूलाई भूमि र वनको स्वामित्व दिने तथा वनको संरक्षणका लागि उनीहरूको सशक्तीकरणका लागि कानुनी सुधारका लागि रकम तिर्ने सन्दर्भमा भने ध्यान दिन सकेको छैन । वनमा निर्भर समुदायका लागि रेड्ले पारेका प्रभाव तथा यी कार्यक्रमहरूका हर्ताकर्ताहरू (सरकारहरू र दातृसंस्थाहरू) ले आफ्नो काम के कसरी गरिरहेका छन् भन्ने सम्वन्धमा ज्यादै थोरै कार्यक्रमहरू मात्र रेड्को अनुगमनमा समावेश गरिएको छ ।

यी अन्तर्राष्ट्रिय निकायहरूले विकासशील राष्ट्रमा ध्यान केन्द्रित त गरेका छन् तर वन विनास गर्ने मुख्य कारकतत्वलाई भने सम्बोधन गरेका छैनन् । ती हुन्, कृषिजन्य वस्तुको विश्वव्यापी उपभोग, काठ र अन्य वन्यजन्य उत्पादनहरूको अन्तर्राष्ट्रिय व्यापार ।

अन्ततः भू-स्वामित्वमा असमानता, आदिवासी जनजातिविरूद्ध हुने विभेद, सरकार र कम्पनीहरूमा हुने भ्रष्टाचार, अति-उपभोग र अनियन्त्रित औद्योगिकरणमा भएका असमानतालाई प्रतिवद्धताका साथ सम्बोधन गरियो भने वन संरक्षण हुनेछ ।

## वन कार्वनको व्यापार : जलवायुलाई होइन, प्रदूषणकर्तालाई सहयोग

वनमा संरक्षित कार्वनको व्यापारले औद्योगिक राष्ट्रहरूका सबैभन्दा बढी प्रदूषणकर्ताहरूलाई हरितगृह ग्यास उत्सर्जनमा निरन्तरता दिन्छ । यदि वनमा रहेको कार्वनको व्यापार गर्न दियो भने कार्वन बजारमा कार्वन संकलनको मात्रा अति धेरै बढ्न जानेछ । स्वतन्त्र बजारमा खरिद बिक्री हुने जुनसुकै वस्तु जस्तै कार्वनको बजारमा पनि बिक्रीमा राखिएको कार्वनको मात्रा धेरै हुँदै गए यसको भाउ छिट्टै घटेर जानेछ । त्यसैले वनको कार्वनको खरिद बिक्री जलवायु परिवर्तनलाई सम्बोधन गर्न खासै मद्दत गर्न नसक्ने यथार्थता छ । उत्खनन् गरेर निकालिएको इन्धन बाल्न रोक्ने र प्रदूषकर्ताहरूले प्रदूषण गर्ने कामलाई निरन्तरता दिइरहने अवस्था आउनै नदिन अन्य उपायहरू खोज्न जरूरी छ ।

NEFIN

## हाम्रो समुदायहरूमा रेड्को नकारात्मक प्रभावहरू के छन् ?

रेड् कार्यक्रमअन्तर्गत जबसम्म आदिवासी जनजातिका अधिकारहरूको सम्मान र संरक्षण गर्ने ग्यारेण्टी हुँदैन तबसम्म तपाईको समुदायलाई अत्यन्त गम्भीर नकारात्मक असरहरू पर्ने खतरा वास्तविकरूपमा रहिरहन्छ ।

## आदिवासी जनजातिको अधिकारको बेवास्ता : पुनर्स्थापना र भूमि अधिकरण

विगतमा आदिवासी जनजाति र वनमा निर्भर अन्य जनताले समुदायमा आधारित वन संरक्षणलाई सम्मान र सहयोग गर्नका लागि धेरै कडा संघर्ष गर्दै आएको छ । धेरैजसो अवस्थामा यस्तो संघर्षबाट सफलता पनि मिलेको छ । तैपनि, रेड्का सन्दर्भमा हामीलाई प्राप्त उपलब्धीहरू गुम्ने र सरकारले फेरि पनि 'पर्खालहरू र दण्ड'को तरिका अपनाउने डर छ । यस्तो अवस्थामा वनमा बस्ने जनतालाई वन संरक्षणका कडा नियमहरू थोपरिने मात्र नभएर 'कार्वन संरक्षित क्षेत्रहरू'का नाममा हामीलाई विस्थापित गरिदिन सक्छ । विगतको अनुभवबाट 'कार्वन संरक्षित क्षेत्रहरू'ले वन विनास वा जैविक विविधता गुम्नबाट रोक्न नसक्ने कुरा स्पष्ट भइसकेको छ । आदिवासी जनजाति र वनमा बस्ने अन्य सुमदायका अधिकारले मान्यता नपाउनु भनेको हामीलाई वन संरक्षण गर्नबाट रोक्नु र अन्यलाई वन अतिक्रमण गर्न प्रोत्साहित गर्नु हो ।

रेड्का लागि काम गर्ने सरकार, कम्पनीहरू र गैरसरकारी संस्थाहरूको वनको 'क्षेत्र' बढेर जानेछ र रेड्को भुक्तानी पाउनका लागि संरक्षित क्षेत्रहरू, आरक्षित वन वा दिगो वन व्यवस्थापन क्षेत्रहरू (जहाँ काठ काट्न प्रमाणपत्र) बढेर जान सक्दछ । जस्तै, नेपाल सरकारले हालै बर्दिया राष्ट्रिय निकुञ्जलाई बाँकेसम्म बढाउने निर्णय गरेको छ । हाल विद्यमान विश्वका धेरैजसो 'वन क्षेत्रहरू' र 'भू-वर्गीकरण' कार्यक्रमहरूले आदिवासी जनजातिको भूमि र क्षेत्रहरूमा परम्परागत अधिकारलाई सम्मान गरेको छैन । रेड्को कारणले वनको मूल्य बढ्छ र यसले गर्दा आदिवासी जनजाति सुमदायले आफनो भूमि र क्षेत्रहरूको अधिकारको सम्मानका लागि राखेको मागको सरकारले सम्बोधन गर्लान् भनेर आशा राख्नु बेकार छ । वन संरक्षणका लागि क्षतिपूर्तिको भुक्तानीले पनि वनको जमिनमा लाभको कल्पना गर्दै लगानी वृद्धि गर्न सक्छ र रेड् कार्यक्रमले तपाईको सुमदायको परम्परागत भूमिको अधिकारको सुरक्षा र सम्मान नगर्दासम्म बसाइ सरी आउनेहरू र निजी कम्पनीहरूले धेरै वन लिइदिने गम्भीर खतरा छ ।

## फाइदाका लागि प्रतिस्पर्धा : बढ्दो असमानता र सामाजिक द्वन्दको खतरा

जब वनको मूल्य बढ्दै जान्छ तब बाहिरकाहरूबाट आदिवासी जनजातिका वनमा अतिक्रमण गर्ने काम पनि तीव्र हुन्छ । यसले सामाजिक द्वन्द पनि बढाउँछ । रेड्ले गर्दा तपाई र अन्य समुदायबीच मात्र नभएर तपाईकै समुदायभित्र पनि द्वन्द बढाउन सक्छ । वनको मूल्य बढ्नु र

रेड् कार्यक्रमबाट फाइदा पाउने भएपछि समुदायहरूबीच वा स्थानीय भूमिको स्वामित्व भएका र वनको स्वामित्व भएकाहरूबीच साँधसिमानाका लागि द्वन्द बढेर जानेमा कुनै शंका छैन । रेड्‌बाट प्राप्त हुने फाइदालाई विभिन्न समुदायले र यी समुदायका घरपरिवारहरूले बराबर फाइदा पाउने व्यवस्था होसियारीपूर्वक सुनिश्चित गर्नु पर्दछ । यसो गरिएनभने रेड्अन्तर्गतको क्षतिपूर्तिको रकम प्रवाह हुन थालेपछि विभिन्न समुदायबीच र समुदायभित्रै पनि नयाँ द्वन्दहरू सिर्जना हुन थाल्नेछन् ।

## आदिवासी जनजातिको भू-उपयोगका चलनहरू : जीवन पद्दतीमा निषेध

उष्ण र उप-उष्ण प्रदेशमा बसोबास गर्ने र नगर्ने धेरैजसो आदिवासी जनजातिका सन्दर्भमा आगो भू-उपयोग र वन व्यवस्थापनका लागि महत्वपूर्ण साधन हो । उदाहरणका लागि, अफ्रिकाको सभानामा पशुपालन तथा शिकारबाट जीविका चलाउनेहरूले हजारौं आगोलाई पशुपालन र शिकार (गेम)का लागि आवश्यक पर्यायवरण पद्दतीको उत्पादकत्व कायम प्रयोग गर्दै आएका छन् । आगो खोरिया फाडेर खेती किसान गर्ने २ खरव ३९ अरबदेखि ३ खरब ५० अरब (३३० मिलीयनदेखि ५०० मिलीयन डलर) मान्छेका लागि मुख्य प्रविधि हो । यस किसिमको खेतीप्रणाली गर्नेहरू प्रायः आदिवासी जनजाति नै छन् ।

आदिवासी जनजातिहरूले प्रयोग गर्ने आगोलगायतका स्रोत व्यवस्थापनको पद्दतीलाई बाहिरियाहरूले ठिक ढङ्‌गले बुझ्न सकिरहेका छैनन् । यसरी नबुझ्नेहरूमा फरेष्टरहरू, पार्क रेञ्जरहरू तथा वन र जैविक विविधताको व्यवस्थापन र संरक्षण गर्नका लागि जिम्मेवारी पाएका राज्यका अधिकारीहरू छन् । यस्तो प्रचलनलाई दुरूत्साहन गर्नु र कतिपय अवस्थामा अवैध घोषित गर्नु यसैको परिणाम हो ।

विश्वव्यापी जलवायु परिवर्तनको सन्दर्भमा आगोमा निर्भर स्रोतको उपयोग र व्यवस्थापन प्रविधि दवावमा छ । यसले खोरिया फाडेर खेती गर्ने तरिकालाई झनै जोखिममा पारेको छ । वन संरक्षणका नाममा विश्वभरीकै सरकारहरू, अझ विशेषरूपमा एसियामा यस्तो प्रकारको भू-उपयोग धेरै लामो समयदेखि निर्मूल पार्न खोजिएको छ । अचेल जलवायु परिवर्तनको बहसले उनीहरूलाई खोरिया फाड्ने कार्यलाई प्रतिवन्ध झनै सजिलो बनाएको छ । केही देशहरूले खोरिया फाड्ने आदिवासी जनजातिहरूलाई प्रत्येक वर्ष पक्राउ गरेर हिरासतमा लिने गरेका छन् । आदिवासी जनजातिले प्रचलनमा ल्याएका खोरिया फाड्ने र पशुपालनलाई आवश्यक चरणका लागि प्राकृतिक बासस्थानमा सुधार ल्याउन वनमा नियन्त्रित डढेलो लगाउने, दाउरा बटुल्ने, घर बनाउन र अन्य कामका लागि रूख काट्ने साथै गैर-काष्ठ पैदावरहरू संकलन गर्नेलगायतका अन्य भू-उपयोगका प्रचलनहरूलाई अब रेड् कार्यक्रमअन्तर्गत 'वन क्षेत्रको विनास'का रूपमा हेरिन थालिएको छ । रेड्ले वन फडानी र वनको विनास कटौती गर्ने उद्देश्य राखेकोले यस्ता कार्यक्रमहरूले आदिवासी जनजातिलाई तारो बनाइरहेको हो र भविष्यमा पनि तारो बनाइरहने छ । यसले प्रभावित समुदायको जीवन पद्दती र जीविकोपार्जनको सुरक्षामा अति नराम्रो प्रभाव पार्नेछ ।

## रेड्ले आदिवासी जनजातिलाई फाइदा पनि गर्न सक्छ त ?

रेड्बाट आदिवासी जनजातिलाई केही पनि फाइदा छैन भनेर धेरै आदिवासी जनजातिले विश्वास गर्दछन् । तर, केहीले भने रेड्ले आफ्ना समुदायलाई भूमि तथा स्रोतको अधिकार र आर्थिक फाइदा प्राप्त गर्न सहयोग गर्नसक्ने सम्भावना रहेको महशुस गर्दछन् । यस सम्वन्धमा आदिवासी जनजातिहरूबीच जे जति मत भिन्नता रहेको भएपनि रेड्को सम्बन्धमा एउटा आधारभूत अडानमा भने हामी ऐक्यबद्ध छौं । अलास्काको एन्कोरेजमा वि.सं. २०६६ (सन् २००९)मा सम्पन्न भएको आदिवासी जनजातिको विश्व शिखर सम्मेलनले उल्लेख गरेअनुसार आदिवासी जनजातिको अधिकारसम्वन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र लगायतका आदिवासी जनजातिको अधिकारलाई पूर्ण रूपमा सम्मान र यसैलाई आधार बनाएपछि मात्र रेड् अघि बढ्नुपर्छ ।

यदि रेड् आदिवासी जनजातिको अधिकारको मान्यतामा आधारित भयो भने यसले तपाईको सुमदायको पनि जीवन पद्दतीलाई सुरक्षा गर्न सक्नेछ :

- भूमि, वन र संरक्षित क्षेत्रसम्वन्धी कानुन र नीतिहरू सांस्कृतिक रूपमा उपयुक्त परामर्श र स्वतन्त्र, पूर्वजानकार सहमति लगायतका आदिवासी जनजातिका अधिकारहरूको पूर्ण सम्मान हुने गरी प्रगतिशील सुधार तथा प्रवर्द्धन गर्न रेड्लाई प्रयोग गर्न सकिन्छ ।
- विद्यमान भूमि र भूमिमा दावीको समस्यालाई समाधान कुनै पनि रेड् परियोजनाको पूर्वशर्त हुन सक्दछ । आदिवासी जनजातिहरूले भूमिको स्वामित्व र निर्धारणका नीतिहरूमा सुधार गर्न माग राख्न सक्दछ । यस्तो गर्दा परम्परागत उपभोग र प्रयोगका आधारमा भूमि र सिमानालाई मान्यता दिइनु पर्दछ ।
- आदिवासी जनजातिको संरक्षण र व्यवस्थापनको प्रचलनलाई सहयोग गर्न तथा समुदायले संरक्षित गरेको भू-क्षेत्रहरू वा संरक्षित वनहरूको मान्यता र सहयोगका लागि कोष प्राप्त गर्न रेड्को प्रयोग गर्न सकिने छ ।
- यदि राम्रोसँग खाका तयार गरेमा वनलाई बिघ्नबाधा नपार्ने परम्परागत खेतीपाती र अन्य परम्परागत प्रचलनहरूलाई (बाल्ने दाउरा काट्ने, घर बनाउन काठ् काट्ने आदि) रेड्ले मान्यता दिन सक्नेछ ।
- रेड्ले वन संरक्षणका लागि अतिसम्वेदनशील आदिवासी जनजातिको परम्परागत ज्ञानको मान्यता दिन सक्नेछ ।
- अन्तर्राष्ट्रिय रेड् कोष र सम्बन्धित लगानीमा प्रत्यक्ष पहुँचमा सक्षम बनाउन परम्परागत भू-क्षेत्रमा हक र स्वामित्व प्रवर्द्धन गर्न सक्नेछ ।
- भूमि र स्रोतहरूमा आदिवासी जनजातिका अधिकार पूर्णरूपमा मान्यता र संरक्षण भएमा आदिवासी जनजाति वा समुदायहरूले रेड्मा भाग लिन वा विभिन्न प्रतिष्ठानहरू, संरक्षण संस्थाहरू, निजी कम्पनीहरू वा वन संरक्षणको प्रयासलाई आर्थिक क्षतिपूर्ति दिन तयार जो कोहीसँग रेड् साझेदारी आफ्नै पहलबाट गर्न वा प्रवेश गर्न सोच बनाउन सक्नेछ । यस्तो सहमति अन्य वातावरण सेवा भुक्तानी (PES) सँग मिल्दोजुल्दो छ ।

## रेड् परियोजनामा भाग लिनुअघि समुदायले के विचार गर्न आवश्यक छ ?

कार्वन सहकार्य लगायतका वातावरणीय सेवाहरूका लागि भुक्तानी परियोजनालाई दुर्गम र माथिल्लो भेगको जनताका गरिवी घटाउने उपायका रूपमा अक्सर प्रवर्द्धन गर्ने गरिन्छ । कतिपय आदिवासी जनजातिहरूले कार्वन साझेदारीका लागि सोच बनाइरहेका वा तयारी गरिरहेका छन् । यसले वनमा पुनःवृक्षारोपन र वृक्षारोपन र रेड्का लागि क्षतिपूर्ति समेट्छ । यस्तो साझेदारीमा कार्वन व्यापार जस्तो सरल कुरा मात्र नभएर जैविक विविधताको संरक्षण लगायतका अन्य वातावरणीय सेवाहरूजस्तो बृहत् सहमतिहरू पनि स्पष्टरूपमा समावेश छ । समुदायहरूले वन संरक्षण गरेवापत आर्थिक क्षतिपूर्ति पाउने भएकाले यस्तो साझेदारीलाई वैकल्पिक आम्दानीका रूपमा पनि लिन सकिन्छ । तैपनि, यस्तो सहमति गर्नुअघि समुदायहरूले धेरै सम्वेदनशील सवालहरूलाई बिचार गर्नुपर्ने हुन्छ । यस्ता सवालहरूमध्ये केही यस प्रकार छन् :

- रेड् र अन्य कार्वन साझेदारी सहमतिहरू दीर्घकालीन हुन्छन् । यो कैयन दशकसम्म जान सक्छ । समुदायहरूका लागि यस्ता सहमतिहरू बाध्यात्मक हुन्छन् । जसले गर्दा सहमतिले समेट्ने क्षेत्रमा भू-उपयोग र व्यवस्थापन सम्वन्धमा कुनै परिवर्तन चाहेको खण्डमा त्यस्तो गर्न निकै अप्ठ्यारो हुने सम्भावना छ ।
- नाफा कमाउने उद्देश्य भएका निजी कम्पनीसँगको करार बढी जटिल र बिस्तृत हुन्छ । त्यसैले यस्ता कम्पनीका करार होसियारीका साथ अध्ययन गर्नु पर्दछ । त्यस्ता कुनै पनि प्रावधान मान्नु हुँदैन जसको परिणाम के हुन्छ भनेर थाहा छैन । आवश्यक परे वकिलको सेवा लिनुपर्ने हुनसक्छ ।
- यसमा कैयन प्राविधिक चुनौतीहरू पनि छन् : रेड् परियोजनाहरूमा कार्वनको भण्डारमा भएको परिवर्तनबारे निरन्तर अनुगमनको आवश्यकता छ । यदि अनुगमन गर्ने क्षेत्र धेरै ठूलो छैन भने समुदाय आफैसँग अनुगमन गर्ने क्षमता भएको उदाहरणहरू प्रशस्तै छन् । रेड्मा साझेदारी गर्ने धेरैजसो संस्थाहरूले करारमा ठूलो क्षेत्र समावेश गर्न चाहन्छन् । केहीको हकमा समुदायहरूसँग ठूलो वन क्षेत्र हुन सक्दछ र अनुगमनका लागि टाढाबाटै थाहा पाउनसक्ने यन्त्र (Remote Sensing) जस्ता आधुनिक प्रविधि प्रयोग गर्नुपर्ने हुनसक्छ । समुदायहरूसँग यसको प्रयोग गर्ने सीप र दक्षता नहुन सक्छ । यसका लागि बाहिरका वा करारका साझेदारसँग निर्भर हुनु पर्नेछ । यस्तो भएको खण्डमा समुदायहरूले यी सबै प्रक्रियाहरूमा आफ्नो नियन्त्रण गुमाउने छन् ।
- यदि ठूलो क्षेत्र समावेश भयो भने धेरै समुदायहरू संग्लन हुन्छन् । कुनै समुदायलाई इच्छा नहुन सक्छ । यदि सबैले सहमति जनायो भने पनि र सबै सहभागी भयो भने पनि समन्वय र सहयोग भने सुनिश्चित गर्नु पर्दछ । यस्तो गर्नका लागि समुदायहरूलाई प्रतिनिधित्व गर्ने संगठन वा संस्थाहरू पत्ता लगाउनु पर्दछ वा नयाँ स्थापना गर्नु पर्दछ । यदि उच्च तहमा परम्परागत सामाजिक वा राजनीतिक संस्थाहरू छैन भने परियोजनालाई राम्ररी र सुशासनसहित अघि

NEFIN

बढाउन निकै ठूलो चुनौती हुन सक्दछ ।

कार्वन साझेदारीमा प्रवेश गर्नुअघि समुदायहरूले सोध्नुपर्ने बिस्तृत प्रश्नहरू यो पथप्रदर्शक पुस्तकको अन्ततिर रूजु-सूची दिइएको छ । तपाईहरू आफैले पनि परियोजना स्थापना गर्न खोजेको कम्पनीले दिएको जानकारीमा मात्र निर्भर नभएर अन्य स्रोतहरूबाट धेरै जानकारी लिनु राम्रो हुन्छ ।

## समुदायका लागि कार्वन परियोजना रूजु सूची

यदि तपाईको समुदायलाई कार्वन बजार, कार्वन लगानी कोष वा कार्वन श्रेय (क्रेडिट) निर्माण गर्नेले लगानी गर्ने कुनै परियोजना वा कार्यक्रमको अंग हुनका लागि अनुरोध गरेको खण्डमा यस्तोमा सहमति गर्नुअघि आफूले सम्भव भएसम्म धेरै जानकारी लिनु राम्रो हुन्छ । यो रूजुसूचीले तपाईको मनमा भएको कतिपय प्रश्नहरूको उत्तर दिने प्रयास गरिएको छ । तपाईले हस्ताक्षर गर्नुअघि वकिलको सल्लाह लिनु राम्रो हुनेछ ।

## परियोजनाका बारेमा जानकारी

### आधारभूत

- परियोजना कहाँ छ, कति धेरै क्षेत्र ढाकेको छ, प्रभावित जनता वा समुदायहरू कति छन् र तिनीहरूको नामहरू के हुन् ?
- तपाईको भूमि र भू-क्षेत्रमा तपाईको जनता वा समुदायसँग भूमिको अधिकार के कस्तो छ ? के तपाईको भूमि प्रथाजन्य र दर्ताविहीन, प्रथाजन्य र दर्ता, व्यक्तिगत र दर्ता, व्यक्तिगत र दर्ताविहीन, साम्प्रदायिक वा अधिकारका अन्य किसिमका छन् ?
- के तपाईलाई कार्वन संकलन बेच्ने सम्झौता गर्नका लागि एउटा पक्षका रूपमा प्रस्ताव राखेको छ ? छ भने, बेच्नेको नाम के हो ? छैन भने, कुन कम्पनी, एजेन्सी वा अन्य पक्षलाई बेच्ने नाम भनेको छ ?
- परियोजनाको समयावधि कति हो ? परियोजनाको विभिन्न चरणहरू के के हुन् र प्रत्येक चरणको समयावधि कति हो ?

### वित्तीय संयन्त्र

- के परियोजना कार्वन सोधभर्ना (Offset) श्रेय (Credits) बाट वा अन्य कोषबाट वा दुवैको मिश्रणबाट लगानी भएको छ ?
- यदि परियोजना कार्वन सोधभर्ना श्रेयबाट लगानी गरिएको हो भने उनीहरू आफैले तपाईलाई के कस्तो जानकारी दिएका छन् र परियोजना र सम्झौताबारे वार्ता गर्दा समुदायले निम्न मध्ये के के जानकारीहरू मागेका छन् ?
- खरिदकर्ता को हो ? समुदायले बेच्न खोजेको कार्वनको कार्वन अधिकारको रकम कसले तिर्छ र त्यसको औसत मूल्य कति हो ? यस्तै तुलनात्मक परियोजनाको मूल्य कति छन् ?
- कार्वन सोधभर्ना सम्झौतामा हस्ताक्षर गरिसकेपछि यसको सम्भावित

कानुनी प्रभावहरू के हुनसक्छ र वनको कार्वनको स्वामित्वको अधिकारमा दीर्घकालमा वर्तमान र भावी पुस्तालाई यस्तो सम्झौताले के असर गर्ने सम्भावना छ ?

- खास परियोजनामा कार्वनको मूल्य घट्बढ् हुनुको सम्भावित असर के हुन सक्छ ? उदाहरणका लागि कार्वनको भाउ बढ्यो भने समुदायले फाइदा पाउँछ कि पाउँदैन वा सोधभर्ना कार्वन व्यापारमा भाउ बढेपनि वा घटेपनि तोकिएको निश्चित रकम पाइन्छ कि पाइदैन ? भाउ घटेको अवस्थामा समुदायलाई तिर्ने रकम कार्वनको अन्तर्राष्ट्रिय बजारसँग जोडिन्छ वा जोडिदैन ? के सम्झौताको दायित्व हस्ताक्षर गरिएको कार्वन सम्झौता अनुसारको भुक्तानी अनुसारको छ ?
- यदि कोषमार्फत् परियोजनामा लगानी भएको छ भने कोषको उद्देश्य, कोष कहाँ स्थापित भएको छ, कोषमा कसले पैसा दिएको छ र कोषमा पैसा दिनेहरूलाई पैसा दिएवापत कार्वन उत्सर्जन सोधभर्ना अधिकार पाएको छ कि छैन भन्ने बारेमा के उनीहरू आफैले जानकारीहरू दिएको छ वा परियोजनाका बारेमा कुरा गर्दा वा सहमति गर्दा अनुरोध गरेपछि मात्र दिएका छन् ?

## परामर्श र सम्झौताको प्रक्रिया

- सम्झौता गर्ने गराउने साझेदार छ कि छैन ? छ भने को हो ?
- तपाईहरूलाई सम्झौता गर्न कसले मद्दत गर्‍यो वा सम्झौता गर्नका लागि प्रस्ताव राखेको छ ? के तपाई आफै सम्झौता गर्न खोज्नु भएको छ ?
- तपाई वा तपाईको समुदायको तर्फबाट कसले सम्झौता गर्न लागेको छ ? यस्तो गर्ने निर्णय कसरी भएको थियो ?
- सम्झौताका बारेमा र यसले अधिकारमा पार्ने असरका सम्वन्धमा के तपाईले वकिलसँग कानुनी सल्लाह लिने वा छलफल गर्ने अवसर पाउनुभएको छ ?
- सम्झौता गर्दा वकिलले प्रतिनिधित्व गरेका वा वकिलको उपस्थिति थियो कि थिएन ?
- राष्ट्रिय कानुनले कार्वन सम्झौतालाई कसरी असर गर्छ भन्ने बारेमा छलफल भएको थियो कि थिएन ?
- सम्झौतापत्र तपाइको भाषामा वा तपाईको समुदायले बोल्ने भाषा वा कम्तीमा पनि तपाईको समुदायका केही सदस्यले बुझ्ने भाषामा लेखेर दिएको छ कि छैन ?
- परामर्श र नीति निर्णय गर्दा महिलाहरूलाई सहभागी गराएको थियो कि थिएन ?
- परामर्श प्रक्रियामा समुदायका सदस्यहरूले सुझाव दिने व्यवस्था थियो कि थिएन ? के समुदायका सबै जनताहरू एकमत हुँदा आफनो प्रथा र परम्पराअनुसार भएको थियो ? यदि थिएन भने किन नभएको ?
- कार्वन सोधभर्ना परियोजनाको सम्झौतापत्र र अन्य कागजात समुदायलाई दिएको छ कि छैन ?


- यदि वनको प्रयोगमा निषेध गरेको छ भने यसबारे तपाईको सुमदायसँग कसरी सम्झौता भएको थियो ?
- के प्रतिवन्धका प्रावधानले समुदायका सबै सदस्यहरूलाई बराबरी असर गर्दछ ? सबैभन्दा बढी को र सबैभन्दा कम को प्रभावित छन् ?
- असमान प्रभाव परेका खण्डमा त्यसलाई सम्बोधन गर्ने प्रक्रिया छ कि छैन ?
- के परियोजनाले नयाँ रोजगारी सिर्जना गर्छ ? गर्छ भने के कस्ता रोजगारी, र रोजगारी दिने प्रक्रिया के हो ?

## सम्झौताको विषयवस्तु सम्बन्धमा

- सम्झौताको समयावधि कति हो ? के यो परियोजनाको समयावधि र सम्झौताको समयावधि एउटै छ ?
- सम्झौताले तपाईको पहुँचको अधिकार र अन्य छिमेकीहरूको प्रयोग वा प्रयोगको अधिकार सीमित गर्छ वा प्रतिवन्ध नै लगाउँछ ? गर्छ र लगाउँछ भने, यसका बारेमा राम्रोसँग सम्झौता गरेर सम्झौताअन्तर्गत उचित मुआव्जा दिएको छ कि छैन ?
- रकमको भुक्तानी कसरी तय भएको छ ?
- यदि कार्वनको बिक्री सम्झौताको अंश हो भने यो श्रेय (क्रेडिट) के कति छ ?
- पाएको भुक्तानी कार्वनको मूल्यसँग सम्वन्धित छ ?
- भाउमा तपाईले सहमति गर्दा आफैले वित्तीय विश्लेषण गर्नु भएको थियो ? भुक्तानी गर्दा तोकिए बमोजिमको रकम हो कि सम्झौता नसकेसम्म निरन्तर रूपमा पाइराख्ने हो ? यस्तो नियम विनियमहरू कसले बनाएको हो ?
- सम्झौता अवधिभर वनमा कार्वन रहिरहन्छ भनेर निश्चित गर्ने नियम विनियम के कस्तो बनाएको छ ? यस्तो नियम विनियम कसले बनाएको हो ?
- वन वा रूखहरूलाई केही भयो भने खतरा कसले बेहोर्छ ? डढेलो जस्तो भवितव्य परेर वनमा डढेलो लागेर कार्वन सखाप भयो भने के हुन्छ ? के तपाईले सम्झौता गरेका अर्को पक्षलाई रकम फिर्ता गर्नुपर्छ ?
- सम्झौतामा उल्लेख भएबमोजिम जिम्मेवारी र फाइदाका सम्वन्धमा चाहिने जानकारी तपाईले बुझ्नका लागि दिएको छ वा तपाईले माग्नुभएको छ ?

## कार्यान्वयन र अनुगमन

- सम्झौता अनुसारको नियम विनियमको कार्यान्वयन गर्ने जिम्मेवारी कसको हो ? कार्यान्वयनको अनुगमन कसले गरिरहेको छ ?
- सम्झौता अनुसारको दायित्व पुरा गर्न गराउनका लागि कार्यान्वयन गर्ने संयन्त्र के छ ?



कार्ययोजना - ३

# आदिवासी जनजाति, भूमि र वन जंगलसम्बन्धी संवैधानिक, कानुनी र नीतिगत व्यवस्थाहरू

## उद्देश्य

आदिवासी जनजाति समुदायका अगुवाहरूलाई मुलुकको वर्तमान अवस्थामा रहेका भूमि, वन जंगल तथा प्राकृतिक स्रोत साधनसम्बन्धी कानुनी तथा नीतिगत व्यवस्थाको सम्बन्धमा जानकारी दिने यस तालिमको उद्देश्य रहेको छ ।

## आवश्यक सामग्रीहरू

- सेतो बोर्ड
- पोष्टर वा फ्लिप चार्ट
- रंगीन कार्ड
- मार्कर पेनहरू
- टेप
- पावर प्वाइन्ट प्रस्तुती गर्ने भए त्यस सम्बन्धी सामग्रीहरू (ल्यापटप, प्रोजेक्टर, बिजुलीलगायतका सामग्रीहरू)
- विषयसँग सम्बन्धित छोटा वृत्तचित्र, पोष्टर तथा तस्वीरहरू

| समय | विषयबस्तु | क्रियाकलाप |
|---|---|---|
| कक्षा १<br>१.३० घण्टा | आदिवासी जनजाति, भूमि र वन जंगलसम्बन्धी संवैधानिक, कानुनी र नीतिगत व्यवस्थाहरु<br>• आदिवासी जनजातिहरूको भूमिको अवस्था के-कस्तो छ ?<br>• आदिवासी जनजातिहरूको भूमि खोसिएको ऐतिहासिक घट्नाक्रमहरू के-कस्ता छन् ।<br>• आदिवासी जनजातिहरूका सम्बन्धमा कानुनी तथा नीतिगत व्यवस्थाहरू के-कस्ता छन् ?<br>• वनजंगलमा आदिवासी जनजातिहरूको अधिकारको व्यवस्था कस्तो छ ?<br>• के-कस्ता व्यवस्थाहरू भएमा आदिवासी जनजातिहरूले भूमि र वन-जंगलमा आफ्नो अधिकारहरू स्थापित गर्न सक्दछन् ?<br>• जलवायु परिवर्तन र रेड सम्बन्धमा कानुनी तथा नीतिगत व्यवस्था गर्दा आदिवासी जनजातिहरूको लागि के-कस्ता व्यवस्थाहरू गर्नुपर्ला ? | • आदिवासी जनजातिका भूमि र जंगल सम्बन्धी ऐन, कानुन तथा नीति विश्लेषण अनुसन्धान टोलीका सदस्यले प्रस्तुती गर्ने ।<br>• सहभागीहरूलाई छलफलका लागि समय दिने ।<br>• नेपालको आदिवासी आन्दोलनलाई समेटेर बनाएको वा कुनै समुदायको अधिकार भुमि र जंगलसँग सम्बन्धित वृत्तचित्र प्रस्तुत गर्ने र छलफल गर्ने । |

**कार्ययोजना ४ अनुसार आवश्यक पाठ्य सामग्री**ः नेपाल आदिवासी जनजाति महासंघको जलवायु परिवर्तन रेड साझेदारी कार्यक्रमले गरेको अनुसन्धान प्रतिवेदनको आधारमा तयार पारिएको सामग्री तल उल्लेख गरिएको छ । यसले मुलुकको आदिवासी जनजाति, भूमि र वनजंगलका सम्बन्धमा संवैधानिक तथा कानुनी व्यवस्थाहरूको विश्लेषण

गरेको छ । अन्त्यमा जलवायु परिवर्तन र रेड अवधारणाका सम्बन्धमा नेपाली आदिवासी जनजातिहरूले अपनाउनुपर्ने केही महत्वपूर्ण सुझावहरूसमेत दिइएको छ ।

## संवैधानिक व्यवस्था

- बहुभाषिक, बहुसांस्कृतिक, र बहुधार्मिक गणतन्त्र
- धर्म निरपेक्ष
- समानुपातिक समावेशीताको आधारमा राज्यका सबै तहहरूमा सहभागिताको व्यवस्था

## केही महत्वपूर्ण कानुनी व्यवस्था

- आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनद्वारा ५९ आदिवासी जनजातिको मान्यता
- संविधानसभा ऐन–२०६४ (मिश्रित निर्वाचन प्रणालीअनुसार समानुपातिकतर्फ जनसंख्याको अनुपातमा निर्वाचित भएर आउने व्यवस्था)
- निजामती कर्मचारी ऐनको संशोधन–२०६४ (४५ प्रतिशत आरक्षित कोटामा ३७ प्रतिशत आदिवासी जनजातिलाई आरक्षणको व्यवस्था)
- सशस्त्र प्रहरी बल र नेपाल प्रहरीको नियमावली परिमार्जन (४५ प्रतिशत आरक्षित कोटामा ३७ प्रतिशत आदिवासी जनजातिलाई आरक्षणको व्यवस्था)

## जमिन र वनजंगलमाथिको अधिकार

- व्यक्तिगत जग्गा
  –संस्था तथा औद्योगिक प्रतिष्ठानहरूसहित
- बाँकी जग्गा र वन जंगलको स्वामित्व सरकारको
- आदिवासी जनजातिहरूको पुर्ख्यौली थलो र क्षेत्रको पहिचान गरिएको छैन
- उनीहरूको सामुहिक अधिकार र स्वामित्वको व्यवस्था छैन । नेपाल एकीकरणपछि विस्तारै ती अधिकारहरूबाट आदिवासी जनजातिलाई विमुख पारियो ।
- सामुदायिक वन (समुदायलाई व्यवस्थापनको अधिकार दिइएको छ । तर, स्वामित्व होइन ।)

## सिधै प्रभाव पारेका भूमिसम्बन्धी कानुनहरू

- जग्गा नापजाँच ऐन २०१९
  यसले परम्परागत रूपमा भोगचलन गर्दै आएका जग्गाहरूलाई सरकारी र रैकरमा बदलिदियो
- भूमि सुधार ऐन २०२१
  जमिनको राष्ट्रियकरण गरियो, भूमिमाथिको सामुहिक अधिकार

प्रणालीलाई व्यक्तिगत स्वामित्वमा बदलियो । उदाहरणको रूपमा पूर्वका लिम्बुहरूको किपटलाई लिन सकिन्छ ।

- खर्क राष्ट्रियकरण ऐन २०३१

परम्परागत रूपमा व्यवस्थापन गरिँदै आएको खर्कहरूलाई राष्ट्रियकरण गरियो । त्यसले धेरै समुदायहरूको खर्क र वनजंगलसँग सम्बन्धित जीवनपद्धती मासियो ।

शेर्पाहरूको याक पाल्ने परम्परागत व्यवस्था हराउँदै गयो । गुरूङहरूको भेडापालन पनि लोप हुने अवस्थामा पुगेको छ ।

## जंगल फडानीका कारणहरू

- बसोबास क्षेत्रको बिस्तार
- गरिवीका कारण वनजंगलमा बढी निर्भरता
- जनसंख्याको वृद्धि र पुनर्वास
- बढी मात्रामा वन पैदावारको निकासी

## आदिवासी जनजातीय अवधारणा

- स्वामित्वको विवाद
- सरकारी नीति नियमहरू

\- भूमि र प्राकृतिक स्रोतमाथि आदिवासी जनजातिको अधिकार खोसिनु
\- उनीहरूले गर्दैआएको व्यवस्थापन विधिलाई बेवास्ता गरिनु
\- उनीहरूको सामुहिक स्वामित्वको भूमिलाई खोसेर अरूलाई वितरण गर्नु

## सिधै प्रभाव पारेका वनजंगल सम्बन्धी कानुनी व्यवस्थाहरू

- वन ऐन–२०१८

\- वनमाथिको सरकारी नियन्त्रणलाई थप मजबुत बनाउने काम गर्‍यो
\- गाउँ पञ्चायतलाई व्यवस्थापनको जिम्मेवारी
\- सरकारले जे गर्छ ठिक गर्छ भन्ने कुराको थप उदाहरण दिन खोजियो

- वन ऐन–२०४९

\- सामुदायिक वनको प्रवर्द्धनमा जोड
\- आदिवासी जनजातिहरूको भूमि र प्राकृतिक स्रोत तथा साधन माथिको अधिकार उल्लेख छैन सामुदायिक वन व्यवस्थापनको मोडलमा पनि असन्तुष्टि कायमै

- राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन–२०२९


\- वन क्षेत्रमा स्थानीय तथा आदिवासी जनजातिहरूको पहुँच र व्यवस्थापनलाई अन्त्य गरियो ।
\- आदिवासी जनजातिको पूर्वस्वतन्त्र सुसूचित मञ्जुरी लिने काम गरिएन (हालै गौरीशंकर संरक्षण क्षेत्रको विरोध भइरहेको छ)

## रेड प्रक्रियामा नेपाली आदिवासी जनजाति

- नेपाल आदिवासी जनजाति महासंघ रेड कार्य समूहको सदस्य
- सात वटा विभिन्न संघसंस्थाहरू रहेको कन्सोर्टियममा पनि महासंघ सदस्य
- आदिवासी जनजातिहरूको प्रभावकारी सहभागिताको व्यवस्था छैन
- आदिवासी जनजाति समुदायसँग परामर्श गरिएको छैन
- आदिवासी जनजातिहरूको आत्मनिर्णयको अधिकारलाई मान्यता छैन
- आदिवासी जनजातिहरूसँग पूर्वस्वतन्त्र सुसूचित मञ्जुरीको व्यवस्था छैन

## रेड प्रक्रियामा गर्नुपर्ने र हुनुपर्ने विषयहरू (सिफारिसहरू)

- आदिवासी जनजातिहरूको मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय श्रम संगठन (आइएलओ) महासन्धि नं. १६९ र आदिवासी जनजातिहरूको मानव अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्रलाई न्यूनतम मापदण्डको रूपमा लिइनु पर्दछ ।
- आदिवासी जनजातिहरूको आत्मनिर्णयको अधिकारको मान्यता तथा सम्मान दिइनु पर्दछ ।
- आदिवासी जनजातिहरूको भूमि तथा प्राकृतिक स्रोतमाथिको अधिकारको पुनर्वहाली गरिनु पर्दछ ।
- रेडसम्बन्धी नीति तथा कार्यक्रम र परियोजनाहरूको तर्जुमा, कार्यान्वयन र मूल्यांकनमा आदिवासी जनजातिहरूको प्रभावकारी सहभागिताको सुनिश्चितता गरिनु पर्दछ ।
- आदिवासी जनजातिहरूको पूर्वसुसूचित स्वतन्त्र मञ्जुरीको व्यवस्था गरिनु पर्दछ ।
- वन व्यवस्थापनको सम्बन्धमा उनीहरूको परम्परागत ज्ञान र सीपलाई मान्यता र सम्मान गरिनु पर्दछ ।
- आदिवासी जनजाति महिलाहरूको भूमिको मान्यता र उनीहरूको सहभागिता सुनिश्चित गरिनुपर्छ ।
- भूमि र प्राकृतिक स्रोतमाथिको उनीहरूको सामूहिक अधिकारलाई मान्यता र सम्मान गरिनुपर्छ ।



**कार्ययोजना - ४**

# युएनड्रिप र आइएलओ महासन्धि नं १६९

## उद्धेश्य

आदिवासी जनजाति समुदायका अगुवाहरूलाई संयुक्त राष्ट्रसंघीय आदिवासी जनजातिको अधिकारसम्बन्धी घोषणापत्र (युएनड्रिप) र आदिवासी जनजातिको अधिकारसम्बन्धी अन्तर्राष्टिय श्रम सगठनको महासन्धि नं १६९ ले व्यवस्था गरेका प्रावधानहरूको सम्बन्धमा गहिरिएर बुझ्नका लागि सहयोग पुऱ्याउने र यसलाई जलवायु परिवर्तन र रेड अवधारणाका सम्बन्धमा कसरी जोडेर हेर्न सकिन्छ भन्ने जानकारी दिने ।

NEFIN

## आवश्यक सामग्रीहरू

- सेतो बोर्ड
- पोष्टर वा फि्लप चार्ट
- रंगीन कार्ड
- मार्कर पेनहरू
- टेप
- पावर प्वाइन्ट प्रस्तुती गर्ने भए त्यससम्बन्धी सामग्रीहरू (ल्यापटप, प्रोजेक्टर, बिजुलीलगायतका सामग्रीहरू)
- विषय र सन्दर्भसँग मिल्ने खालका वृत्तचित्र, तस्वीर तथा पोष्टरहरू

| समय | विषयबस्तु | क्रियाकलाप |
|---|---|---|
| कक्षा १<br>१.३० घण्टा | आइएलओ नं. १६९<br>• आइएलओ नं. १६९ भनेको के हो ?<br>• यसलाई किन आदिवासी जनजातिहरूको न्यूनतम अधिकारको दस्तावेज भनिएको हो ?<br>• यस अन्तर्राष्ट्रिय दस्तावेजहरूले आदिवासी जनजातिका सवालमा के-कस्ता अधिकारहरू व्यवस्था गरेका छन् ?<br>• आइएलओ नं. १६९ को कुन-कुन व्यवस्थालाई जलवायु परिवर्तन र रेड अवधारणामा आदिवासी जनजातिहरूको अधिकारहरू सुरक्षित गराउने सम्बन्धमा सम्बन्धित बनाउन सकिन्छ ? | • आइएलओ नं. १६९ ले व्यवस्था गरेको अधिकारहरूमध्ये सहभागीलाई महत्वपूर्ण लागेको एउटा मात्र अधिकारको व्यवस्था लेख्नका लागि रंगिन कार्ड दिने ।<br>• सहभागीले लेखेर दिएको अधिकारको व्यवस्था उल्लेख गरिएको कार्डलाई विषय मिलाएर टास्ने ।<br>• छुटेको केही छ कि भनेर सोध्ने र छुटेको रहेछ भने त्यसलाई पनि लेखेर टाँस्ने ।<br>• सहभागीहरूले उठाएका विषयहरूसमेत समेटिने गरी युएनड्रिपका सम्बन्धमा प्रस्तुती गर्ने ।<br>• खास गरेर आइएलओ १६९ ले आदिवासी जनजातिहरूका अधिकारका सम्बन्धमा गरेको व्यवस्थाहरुको अर्थ लाग्ने गरी प्रस्तुती गर्ने ।<br>• प्रस्तुतीपछि छलफल गराउने । |
| कक्षा २<br>१.३० घण्टा | युएनड्रिप<br>• युएनडिप भनेको के हो ?<br>• यसलाई किन आदिवासी जनजातिहरुको न्यूनतम अधिकारको | • युएनड्रिपले व्यवस्था गरेको अधिकारहरूमध्ये सहभागीलाई महत्वपूर्ण लागेको एउटा मात्र अधिकारको व्यवस्था लेख्नका लागि रंगिन कार्ड दिने । |

| | | |
|---|---|---|
| | दस्तावेज भनिएको हो ?<br>• यस अन्तर्राष्ट्रिय दस्तावेजहरूले आदिवासी जनजातिका सवालमा के-कस्ता अधिकारहरू व्यवस्था गरेका छन् ?<br>• युएनड्रिपको कुन-कुन व्यवस्थालाई जलवायु परिवर्तन र रेड अवधारणामा आदिवासी जनजातिहरूको अधिकारहरू सुरक्षित गराउने सम्बन्धमा सम्बन्धित बनाउन सकिन्छ ? | • सहभागीले लेखेर दिएको अधिकारको व्यवस्था उल्लेख गरिएको कार्डलाई विषय मिलाएर टाँस्ने ।<br>• छुटेको केही छ कि भनेर सोध्ने र छुटेको रहेछ भने त्यसलाई पनि लेखेर टाँस्ने ।<br>• सहभागीहरूले उठाएका विषयहरूसमेत समेटिने गरी युएनड्रिपका सम्बन्धमा प्रस्तुती गर्ने ।<br>• खास गरेर युएनड्रिपले आदिवासी जनजातिहरूका अधिकारका सम्बन्धमा गरेको व्यवस्थाहरूको अर्थ लाग्ने गरी प्रस्तुती गर्ने ।<br>• प्रस्तुतीपछि छलफल गराउने । |

**कार्ययोजना २ अनुसार आवश्यक पाठ्य सामग्री**ः युएनड्रिप सम्बन्धी प्रस्तुतीका लागि के हो वन फडानी तथा वन विनासबाट हुने उत्सर्जन कटौती (रेड) पुस्तकको पेज नं. ७१ देखि ८४ सम्म पढ्नुहोला ।

## आइएलओ १६९

आदिवासी जनजातिहरूको लागि अन्तर्राष्ट्रिय श्रम संगठनको आदिवासी जनजातिसम्बन्धी महासन्धि नं. १६९ ज्यादै महत्वपूर्ण दस्तावेज हो । सन् १९८९ मा अन्तर्राष्ट्रिय श्रम संगठनले पारित गरेको यो महासन्धि नेपाल सरकारले २०६४ साल भदौ ५ गते अनुमोदन गरेको हो । नेपालको सन्धि ऐन अनुसार नेपाल सरकारले अनुमोदन गरेको अन्तर्राष्ट्रिय सन्धि, महासन्धि तथा कानुनी दस्तावेजहरू नेपालको कानुनसरह लागु हुने हुँदा नेपाल सरकारलाई यो महासन्धि लागु गर्न बाध्यात्मक अवस्था छ । यस महासन्धिसँग बाझिएका सबै घरेलु कानुनी व्यवस्थाहरूलाई परिमार्जन गर्नु पर्दछ ।

महासन्धिमा सामान्य नीति धारा १ देखि १२ सम्म रहेका छन् । आधारभूत विषयहरूमा धारा १३ देखि ३२ सम्मका २५ धारा रहेका छन् र बाँकी प्रशासन र प्रक्रियागत प्रावधानहरू रहेका छन् । कूल गरेर यसका ४४ वटा धारा रहेका छन् ।

## महासन्धिका महात्वपूर्ण व्यवस्थाहरूः
## परामर्श

धारा ६.१
महासन्धिको यो धारा लागु गर्दा सरकारहरूले सम्बन्धित जनताहरूलाई उचित प्रक्रियाद्वारा, खासगरी उनीहरूको प्रतिनिधिमूलक संस्थाहरूसँग परामर्श गर्नेछन् ।

धारा ६.१
यो महासन्धि लागु गर्दा गरिने परामर्श उचित स्थिति र आपसी विश्वासमा गरिनु पर्दछ, जसले गर्दा प्रस्तावित उपायहरूको उद्देश्य प्राप्ति गर्न साझा सहमति बनोस् ।

## परामर्श

यस महासन्धिले आदिवासी जनजातिहरूलाई दिएको महत्वपूर्ण व्यवस्थामध्ये एक हो । आदिवासी जनजातिहरूलाई प्रभाव पार्ने जुनसुकै नियम कानुन बनाउँदा वा संशोधन गर्दा वा परियोजनाहरू सञ्चालन गर्दा सरकारलाई आदिवासी जनजातिहरूसँग अर्थपूर्ण र हित चिताएर उनीहरूको आफ्नै प्रतिनिधिमूलक संस्थाहरूसँग परामर्श गर्नु पर्दछ ।

महासन्धिले आदिवासी जनजातिहरूलाई कुनै किसिमको विशेषाधिकार भने प्रदान गर्दैन । तर, आदिवासी जनजातिहरूको इच्छा विपरित कुनै किसिमको काम गरिनु हुन्न भनेर महासन्धिले जोड दिन्छ । परामर्श सहमतिमा पुग्नका लागि पूर्वजानकारी दिने व्यवस्थाको रूपमा रहेको छ ।

## सरोकारवाला समुदाय

यसमा भनिएको सरोकारवाला समुदाय भनेको ऐन, कानुन, नियम वा परियोजनाले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा प्रभावित बनाउने आदिवासी जनजाति समुदाय भन्ने बुझ्नु पर्दछ । परियोजना सञ्चालन वा ऐन कानुनहरूको निर्माण वा संशोधनका लागि पनि उनीहरूसँग परामर्श गरिनु पर्दछ । परामर्शलाई सामान्य ढंगको छलफलको रूपमा मात्र लिनु हुँदैन । यो सामान्य छलफलभन्दा पनि विशिष्ट खालको हुनुपर्दछ ।

## उचित प्रक्रिया

आदिवासी जनजातिहरूको आफ्नै परम्परा, रितीरिवाज तथा सामाजिक, आर्थिक, सांस्कृतिक तथा राजनीतिक व्यवस्था भएको कुरालाई हामीले स्वीकार गरिसकेका छौं । त्यसैले उनीहरूसँगको परामर्श उनीहरूको आफ्नै प्रक्रियासँग समन्वय हुने खालको प्रक्रिया हुनुपर्दछ । उनीहरूले नै निर्धारण गरेको प्रक्रिया मार्फत हुनुपर्दछ ।

## प्रतिनिधिमूलक संस्थाहरू

जुन ढंगबाट अन्य समुदायको प्रतिनिधित्वको व्यवस्था हुन्छ । आदिवासी जनजातिहरूको त्यो किसिमको व्यवस्थाले उचित प्रतिनिधि नहुन सक्छ । उनीहरूको परम्परागत रूपमै प्रतिनिधित्व गर्दै आएको त्यस्ता संस्थाहरू वा उनीहरू आफैले छानेको प्रतिनिधि संस्थाहरूसँग गरिने परामर्श मात्र आदिवासी जनजातिहरूको लागि मान्य हुनसक्छ । उदाहरणको लागि गाउँ विकास समितिका पदाधिकारीहरूसँग गरेको परामर्शले थकाली समुदाय वा गुरूङ समुदायलाई प्रत्यक्ष असर पार्ने व्यवस्थाका लागि गरिएको परामर्शको उचित प्रक्रिया मान्न सकिन्न ।

## सहभागिता

धारा ७

सम्बन्धित जनतालाई आफ्ना विकासका प्राथमिकताहरू आफै निर्धारण गर्ने अधिकार हुनेछ । किनकि यसले उनीहरूको जीवन, विश्वास, संगठन र आध्यात्मिक समृद्धि तथा उनीहरूले ओगटेको वा प्रयोग गरेको भूमिमाथि प्रभाव पार्दछ र आफ्नो आर्थिक, सामाजिक र सांस्कृतिक विकासमाथि यथासम्भव नियन्त्रण कायम राख्ने अधिकार हुनेछ । यसको अलवा उनीहरूलाई प्रभावित पार्ने क्षेत्रीय तथा राष्ट्रिय विकास योजनाको तर्जुमा, कार्यान्वयन तथा मूल्यांकनमा उनीहरूको सहभागिता रहनेछ ।

यस महासन्धिको महत्वपूर्ण सिद्धान्तहरूमध्ये सहभागिता पनि एक हो । आदिवासी जनजातिहरूसँग सरोकार राख्ने जुनसुकै किसिमको विकास कार्यहरूमा सहभागिताको अधिकार सुनिश्चित गरेको छ । त्यति मात्र होइन, आफ्ना विकासका प्राथमिकताहरू आफै निर्धारण गर्ने अधिकार प्रदान गरेको छ । यसको मूल लक्ष्य नै आदिवासी जनजातिहरूको जीवनपद्धती, सांस्कृतिक, सामाजिक, आर्थिकलगायतका व्यवस्थाहरूलाई विकास कार्यहरूले बिनास गर्नुको सट्टा विकास र संरक्षणमा सघाउ पुगोस् भन्ने रहेको छ । यसमा आदिवासी जनजातिहरूको सुरूदेखि अन्त्यसम्म नै पूर्ण र प्रभावकारी सहभागिताको व्यवस्था गरेको छ । यसले सरोकारवालाहरूको स्वामित्वमा जोड दिन्छ । जसले गर्दा उपलब्धीहरू सरोकारवालाहरूसम्म पुगोस् भन्ने उद्देश्य रहेको छ ।

## विकास

धारा २.२

यो महासन्धि लागू गर्ने सरकारी कार्यले सम्बन्धित समुदायका सदस्यहरू र अन्य समुदायका सदस्यहरूबीच रहेको सामाजिक आर्थिक खाडल हटाउने कुरामा मद्दत गर्दा उनीहरूको जीवन पद्धति र भावना अनुकूल हुने गरी मद्दत गर्नुपर्दछ । सरकारहरूले सम्बन्धित समुदायको सहभागिता र सहयोगमा उनीहरूको जीवनस्तर, रोजगार, स्वास्थ्य तथा शिक्षाको स्तरमा सुधार गर्ने सरकारको समग्र आर्थिक विकास योजनाको प्राथमिकतामा हुनेछ । यसमा खास गरेर विकास कहिले र कसरी गर्ने भन्ने कुरामा केही मार्ग निर्देशक दिइएको छ । विकासका लागि निम्न प्रक्रियाहरू पुरा हुनुपर्दछ । यसले आदिवासी जनजातिहरूको हित गर्नेछ ।

## परामर्श

विकास कार्यक्रमका लागि आदिवासी जनजातिहरूसँग पर्याप्त र प्रभावकारी परामर्श गरी सहमतिमा पुग्नु पर्दछ ।

## सहभागिता

परियोजना बनाउँदा, कार्यान्वयन गर्दा र मूल्यांकन गर्दा समेत आदिवासी जनजातिहरूको पूर्ण र प्रभावकारी सहभागिता हुनुपर्दछ ।

## आवश्यकताको पहिचान

परियोजनाहरू सञ्चालन गर्दा आदिवासी जनजातिका परम्परा, सांस्कृतिक मूल्य मान्यताहरू र आवश्यकताहरूको राम्ररी ध्यान राख्नु पर्दछ ।

## प्रभाव मूल्यांकन

कुनै पनि परियोजना कार्यान्वयन गर्नुपूर्व नै उक्त परियोजनाबाट पर्नसक्ने संभावित प्रभाव (जस्तैः सामाजिक, सांस्कृतिक तथा वातावरणीय प्रभाव) बारेमा अध्ययन मूल्यांकन गरिनु पर्दछ ।

## लाभ

हरेक विकास परियोजना तथा कार्यक्रमहरूले आदिवासी जनजातिका आर्थिक तथा सामाजिक अवस्थामा फाइदा पुऱ्याउनै पर्दछ । त्यस्ता विकासे परियोजना तथा कार्यक्रमहरू समृद्धिमा हानिकारक हुनु हुँदैन ।

## परम्परागत कानुन

धारा ८

१. सम्बन्धित जनतामा राष्ट्रिय कानुन र नियमहरू लागु गर्दा तिनीहरूको प्रथा वा परम्परागत कानुनहरूप्रति यथोचित सम्मान हुने गरी लागु गरिनु पर्दछ ।
२. यी जनतालाई राष्ट्रिय कानुन पद्धतिद्वारा परिभाषित मौलिक अधिकार र अन्तर्राष्ट्रिय मान्यताप्राप्त मानव अधिकारहरूसँग नबाझिने हदसम्म आफ्ना रीतिरिवाज र संगठनहरू कायम राख्ने अधिकार हुनेछ । यस सिद्धान्तलाई लागु गर्दा सिर्जना हुनसक्ने विवादहरूलाई समाधान गर्न आवश्यक भएमा प्रक्रियागत उपायहरू अवलम्बन गरिने छ । महासन्धिले आदिवासी जनजातिहरूको आफ्नै संस्कार र परम्परागत कानुनहरूको प्रचलन गर्न पाउने अधिकारको मान्यता दिएको छ । महासन्धिमा राष्ट्रिय ऐन कानुनको कार्यान्वयन गर्दा आदिवासी जनजातिहरूको संस्कार र परम्परागत कानुनहरूलाई पनि ध्यानमा राख्नुपर्छ भनेर स्पष्ट भनिएको छ । साथै आदिवासी जनजातिहरूलाई दण्ड सजाय गर्दा न्यायाधीस, न्यायालय र सरकारी प्रशासकहरूले जेल सजायको ठाउँमा अन्य विकल्पहरूको खोजी गर्नुपर्दछ भन्ने कुराको उजागर हुन्छ ।

## भूमिमाथिको अधिकार

धारा १४

१. यी समुदायहरूले परम्परागत रूपमा ओगट्दै आएको भूमिमाथि तिनीहरूको कब्जा र स्वामित्वको अधिकारलाई मान्यता दिइने छ । यसका साथै तिनीहरूले एकलौटी रूपमा नओगटेका तर परम्परागत रूपमा उनीहहरूको जीविकोपार्जनका गतिविधिहरू गर्ने गरेको भूमिमाथि उनीहरूको अधिकार रक्षा गर्न आवश्यक पर्दा उचित कदमहरू चालिने छ । यस सन्दर्भमा फिरन्ते समुदाय वा खोरिया फाँड्ने

NEFIN

कृषकहरूको अवस्थामा विशेष ध्यान दिइने छ ।

२. सरकारले ती जनताले परम्परागत रूपमा ओगटेको भूमिको पहिचान गर्न र तिनीहरूको कब्जा र स्वामित्वको प्रभावकारी रक्षाको सुनिश्चितता गर्न आवश्यक कदमहरू चाल्नेछ ।
३. यी समुदायका जनताको भूमिसम्बन्धी दावीलाई निरूपण गर्न राष्ट्रिय कानुन पद्धतीभित्र आवश्यक प्रक्रियाहरूको स्थापना गरिनेछ ।

धारा १७

१. सम्बन्धित समुदायले आफ्ना समुदायका सदस्यका लागि भूमि अधिकार स्थानान्तर गर्नका लागि बनाएका प्रक्रियाहरूको सम्मान गरिनेछ ।
२. यी समुदायहरूसँग असम्बन्धित व्यक्तिहरूलाई तिनीहरूको रीतिरिवाज वा यी समुदायका व्यक्तिहरूको अज्ञानताबाट फाइदा उठाएर तिनीहरूको भूमिमाथि स्वामित्व हासिल गर्ने कार्य गर्न दिइने छैन ।

धारा १८

यी समुदायका जनताको भूमिमाथि अनधिकृत अतिक्रमण वा प्रयोगलाई कानुनद्वारा पर्याप्त मात्रामा दण्डित गरिने छ र सरकारले यस्ता अपराधहरू रोक्न आवश्यक कदमहरू चाल्नेछ ।

## प्राकृतिक तथा खनिज स्रोतमाथिको अधिकार

धारा १५.१

१. सरोकारवाला जनसमुदायको भूमिमा उपलब्ध प्राकृतिक स्रोत संशासनमाथिको अधिकारको विशेष रूपले रक्षा गरिने छ । यी अधिकारहरूमा संशाधनको उपयोग, व्यवस्थापन तथा संरक्षण पर्दछन् ।
२. सरोकारवाला जनसमुदाय बसोबास गरेको क्षेत्रको वातावरण संरक्षण गर्न उनीहरूको सहयोगमा सरकारले आवश्यक उपायहरू अपनाउने छ ।

धारा १५.२

यस्तो मामिलामा जहाँ भूमिमा उपलब्ध खनिज पदार्थ वा अन्य भूमिगत संशाधनको स्वामित्व राज्ययसँग रहन्छ भने सरकारले यस्तो भूमिगत खनिज स्रोत तथा साधनको अन्वेषण तथा उपयोग कार्य गर्न गराउन निश्चित पक्रियाको स्थापना गर्नेछ । जसद्वारा सरोकारवाला समुदायसँग राय मस्यौदा गरी उनीहरूलाई कुनै भेदभावविना उनीहरूको हितको समुचित रक्षा गरिनेछ । संभव भएसम्म यी कार्यहरूको सम्बन्धित समुदायको सहभागिता कायम होस् र भएको क्षतिको उचित क्षतिपूर्ति प्राप्त गर्न सकुन ।

आदिवासी जनजातिहरूको भूमिमा उपलब्ध प्राकृतिक स्रोत साधनहरूको उपयोग, व्यवस्थापन तथा संरक्षणमा उनीहरूको परम्परागत ज्ञान र सीपको महत्वपूर्ण भूमिका रहेको छ । यस महासन्धिअनुसार आदिवासी जनजातिहरूलाई प्राकृतिक स्रोत साधनहरूमाथि निम्न अधिकारहरू रहनेछः

- प्राकृतिक स्रोतहरूको उपयोग, व्यवस्थापन, संरक्षण तथा बचावटका

लागि सहभागी हुने अधिकार ।

- उनीहरूको भूमिमा उपलब्ध स्रोतहरूको खोज तथा उत्खनन गर्नु अगावै उनीहरूसँग परामर्शको अधिकार ।
- उत्खनन कार्यबाट पर्नसक्ने नकारात्मक असरहरूबारेमा अध्ययन गर्ने अधिकार ।
- प्राकृतिक स्रोतहरूको उपयोगबाट हुनसक्ने लाभ बाँडफाँडको अधिकार ।
- त्यस्ता गतिविधिबाट पर्नसक्ने जुनसुकै हानी नोक्सानी र क्षतिको क्षतिपूर्ति पाउने अधिकार ।

  नेपालको कानुनअनुसार खानीहरूको स्वामित्वको अधिकार राज्यलाई दिएको छ । त्यसको अर्थ खनिजको उत्खननको अधिकार राज्यसँग छ । यद्यपि, यस महासन्धिले त्यस्ता खनिजहरूको उत्खनन गर्नुअघि आदिवासी जनजाति समुदायहरूसँग परामर्शको व्यवस्था गरेको छ ।
- परामर्श हित चिताएर (Good Faith) सही निष्कर्षमा पुग्नको लागि हुनुपर्नेछ ।
- आदिवासी जनजाति समुदाय आफ्नो सरोकारका विषयहरू राख्न समर्थ हुनुपर्छ ।
- सम्बन्धित समुदायलाई त्यहाँ के हुन लागेको हो भन्ने सम्बन्धमा पूर्वजानकारी हुनुपर्‍यो ।
- दिइएको जानकारी उनीहरूले बुझेको र त्यसका साथै उनीहरूले अभिव्यक्त गरेको विषयहरू जानीबुझी दिएको स्पष्ट हुनुपर्‍यो ।
- आदिवासी जनजाति समुदायलाई उत्खनन गरिएका उत्पादनबाट हुने लाभ प्राप्त गर्ने र हानी नोक्सानीको क्षतिपूर्ति पाउने अधिकार रहेको छ ।

## विस्थापन

धारा १६.१
यस धाराको निम्न लिखित परिच्छेदहरूका आधारमा सम्बन्धित समुदायहरू जो आफ्नो भूमिमा बसोबास गरिरहेका छन् उनीहरूलाई आफ्नो भूमिबाट हटाइने छैन ।

धारा १६.२
आफ्नो भूमिमा बसोबास गर्ने समुदायलाई त्यहाँबाट विस्थापित गर्नैपर्ने असाधारण अवस्थामा उनीहरूको पुनर्वास गर्दा उनीहरूको स्वतन्त्र र पूर्वसुसूचित सहमति लिएर मात्र पुनर्वासको व्यवस्था गरिनेछ । जहाँ उनीहरूको सहमति प्राप्त हुन्न, त्यस्तो अवस्थामा राष्ट्रिय कानुन तथा नियमहरूबाट स्थापित उपयुक्त प्रक्रियाहरूमार्फत जहाँ सम्भव हुन्छ त्यहाँ सरोकारवालाहरूको प्रभावकारी र प्रतिनिधिमूलक उपस्थितिमा सार्वजनिक सोधखोज गरेर मात्र पुनर्वास गरिनेछ । विकासका नाममा आदिवासी जनजातिहरूलाई उनीहरूको थातथलोबाट हटाउने वा विस्थापित गर्ने पुरानै शैली हो । विशेष गरेको खानीहरूको उत्खनन, सडक, बिजुलीका लागि ठूला जलविद्युत परियोजनाहरूमा विस्थापनको कार्य हुने गर्दछ । यस किसिमको विस्थापनले आदिवासी जनजातिहरूको आर्थिक, सामाजिक र सांस्कृतिक जीवन पद्धती ज्यादै नै नकारात्मक असरहरू पर्ने गर्दछ ।

त्यसैले यस महासन्धिको एउटा महत्वपूर्ण सिद्धान्त भनेको आदिवासी जनजातिहरूलाई उनीहरूको भूमिबाट हटाइनु हुन्न भन्ने हो । तर, विस्थापन गर्नैपर्ने परिस्थितिमा अबलम्वन गर्नका लागि महासन्धिले प्रक्रियागत अवधारणा दिएको छ । जुन निम्न अनुसार छन्ः

## स्वतन्त्र र पूर्वसुसूचित सहमति

सम्बन्धित समुदायले परियोजना वा कार्यक्रम, त्यसबाट हुनसक्ने संभावित सकारात्मक र नकारात्मक असरहरूको बारेमा जानकारी लिएर सहमति दिनु नै यो व्यवस्था हो । यदि सहमति नदिएको अवस्थामा थप निम्न प्रक्रियाहरू पुरा गर्नुपर्ने हुन्छः

- सार्वजनिक सुनुवाई
- फिर्ता पाउने अधिकार
- पुनर्वासको व्यवस्था
- समान गुणको भूमिको व्यवस्था
- क्षतिपूर्तिको व्यवस्था

त्यसैगरी यस महासन्धिले निम्न अधिकारहरूको व्यवस्था गरेको छः

- परम्परागत अर्थ व्यवस्थालाई कायम राख्ने र विकास गर्ने अधिकार
- व्यावसायिक तालिमको अधिकार
- रोजगारीको अधिकार
- स्वास्थ्य
- शिक्षा
- सामाजिक सुरक्षा

## संयुक्त राष्ट्रसंघीय आदिवासी जनजाति सम्बन्धी घोषणापत्र

तपाई र तपाईको समुदाय : घोषणापत्रको माध्यमबाट रेडको सम्बोधन
तपाई आदिवासी जनजाति व्यक्ति हुनुहुन्छ । तपाई र तपाईको समुदाय सयौ वर्ष नभए पनि दशकौंदेखि त्यहीं ठाउँमा बसोबास गरिरहनु भएको छ । त्यसैले आफू बसेको भूमि र आफनो जीविकोपार्जनसँग गाँसिएको छलफलमा सहभागी हुनु उत्तिकै आवश्यक छ । रेड्लगायत जलवायु परिवर्तन सम्वन्धमा भइरहेका छलफल र निर्णयहरूका बारेमा तपाईलाई थाहा हुनु आवश्यक छ । छलफलहरू निर्णयमा पुग्नुअघि तपाईले आफनो मनको कुरा खोलेर राख्नुस् वा नबुझेको कुरामा प्रश्न गर्नुस् । यो तपाईको अधिकार हो । यो तपाईको मानव अधिकार हो । आदिवासी जनजाति व्यक्तिको रूपमा यो तपाईको अधिकार हो । आदिवासी जनजातिको अधिकारसम्वन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्रले भनेको छ ।

## आदिवासी जनजातिको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्रमा के भनेको छ ?

यो घोषणापत्र आदिवासी जनजातिका प्रतिनिधिहरू, सरकारहरू र विशेषज्ञहरूको २० वर्षभन्दा लामो प्रयासको प्रतिफल हो । विषयवस्तु

लेख्न र आफैबीच सम्झौता र सहमतिका लागि यति धेरै समय लागेको थियो । अन्ततः भदौ २७, २०६४ (सेप्टेम्बर १३, २००७) का दिन यो घोषणापत्रलाई संयुक्त राष्ट्रसंघको महासभाले पारित गऱ्यो । यो घोषणापत्रको मुख्य उद्देश्य सरकारहरूले आदिवासी जनजातिका अधिकारलाई मान्यता दिन स्तर निर्धारणको पहिचान गर्नु हो ।

यो घोषणापत्रले विश्वभरका आदिवासी जनजातिका अस्तित्व, सम्मान र सुख समृद्धिका लागि न्यूनतम स्तर निर्धारण गरेको छ । यो घोषणापत्र आफैमा कानुनी रूपमा बाध्यात्मक दस्तावेज होइन तापनि यसले आजसम्म भएका अन्तर्राष्ट्रिय मानवअधिकारका महासन्धिहरूमा पुनःप्रतिवद्धता जनाउने भएकोले अप्रत्यक्षरूपमा यसको बाध्यात्मक हैसियत छ । साथै, संयुक्त राष्ट्रसंघको बहुसंख्यक सदस्य-राष्ट्रहरूले यसको विषयवस्तुमा सहमति जनाइसकेकाले आदिवासी जनजातिहरूले सरकारहरूलाई हाम्रा अधिकारलाई मान्यता दिन र संरक्षण गर्ने दायित्व पुरा गर्न दबाव दिन सुरू गरिसकेका छन् ।

बोलिभियाले २०६४ सालमा (सन् २००७) घोषणापत्रलाई कानुनको रूपमा मान्यता दिइसकेको छ र २०६५/०६६ सालमा (सन् २००९) बनेको नयाँ संविधानमा यसलाई समावेश गरिएको छ । यो घोषणापत्रलाई कार्यान्वयन गर्ने विश्वको पहिलो राष्ट्रका रूपमा बोलिभियाले गर्व गर्दछ । बेलिजको कोनेजो र सान्ता क्रुजका गाउँहरूमा बसोबास गर्ने 'माया' आदिवासी जनजातिले २०६४ सालमा (सन् २००७) काठ काट्ने, तेल उत्पादन गर्ने र जलविद्युत कम्पनीहरूलाई आफ्ना भू-क्षेत्रमा परियोजना सञ्चालन गर्न अनुमति दिने सरकारी निर्णय र 'माया' किसानहरूलाई आफ्नो परम्परागत पुर्ख्यौली थलोमा पहुँच निषेध गरेको कार्यविरूद्ध अदालतमा रिट हालेको थियो । बेलिजको सर्वोच्च अदालतले मायाहरूको पक्षमा निर्णय गर्दै राष्ट्रिय सरकारलाई भूमिमा मायाहरूको परम्परागत अधिकारको मान्यता दिन र उनीहरूले आफनो भूमि प्रयोग गर्नबाट बञ्चित गर्ने कुनै पनि कार्यलाई रोक्न आदेश दिएको थियो । अदालतले आफ्नो आदेशमा घोषणापत्रलाई प्रष्टसँग उल्लेख गरेकाले विश्वका अन्य यस्तै मुद्दाहरूमा पनि सकारात्मक परिणाम ल्याउन प्रभाव पार्न सक्नेछ ।

## घोषणापत्रमा के छ ?

घोषणापत्रको प्रस्तावनामा २४ वटा अनुच्छेद र जम्मा ४६ वटा धाराहरू छन् । यी प्रस्तावना र धाराहरूले आदिवासी जनजातिको मानवअधिकारको सूची दिन्छ र व्याख्या पनि गर्छ । घोषणापत्रका महत्वपूर्ण बुँदाहरूले आदिवासी जनजातिको स्वःपरिभाषाको अधिकार, आत्मनिर्णयको अधिकार, भूमि, भू-क्षेत्र र प्राकृतिक स्रोतहरूमा अधिकार, आफ्नो भूमि र भू-क्षेत्रमा विकासका गतिविधि गर्दा स्वतन्त्र, पूर्वजानकार सहमतिको अधिकार र अन्य मानवअधिकारका दस्तावेजहरूमा सुनिश्चित भएका अधिकारहरूको व्यवस्था गरेको छ । यो घोषणापत्र विशेष घोषणापत्र हो किनभने यसले आदिवासी जनजातिको सामुहिक अधिकार सुनिश्चित गरेको छ । यो सामुहिक अधिकार आदिवासी जनजातिका लागि विशेष महत्व राख्दछ किनभने हामी आदिवासी जनजातिका जीवनका धेरैजसो पक्षहरू साझा वा साझेदारी छन् । जस्तैः भूमि र स्रोतहरूको स्वामित्व ।

तपाईले घोषणापत्रलाई नजिकबाट नियालेर हेरेको खण्डमा धेरैजसो अधिकारहरू अन्य अन्तर्राष्ट्रिय कानुनी दस्तावेजहरूमा लिपिवद्ध भइसकेको पाउनु हुनेछ । जस्तैः संयुक्त राष्ट्रसंघको बडापत्र, मानवअधिकारको विश्वव्यापी घोषणापत्र, बालअधिकार महासन्धि (CRC), महिलाविरूद्ध हुने सबै प्रकारका विभेदहरू उन्मूलन गर्ने महासन्धि (CEDAW), सबै प्रकारका जातीय विभेदहरू उन्मूलन गर्ने महासन्धि (CERD), अन्तर्राष्ट्रिय श्रम संगठन (ILO) को महासिन्ध नं. १६९ लगायतका मानवअधिकारका प्रतिज्ञापत्र र महासन्धिहरू ।

## आदिवासी जनजातिको अधिकारसम्वन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्रमा समेटिएका अधिकारको छोटकरीमा जानकारी

आत्मनिर्णयको अधिकार

आदिवासी जनजातिहरूलाई आत्मनिर्णयको अधिकार छ । यसको अर्थ आदिवासी जनजातिहरूले सामुहिकरूपमा राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक पद्दती र विकासको निर्धारण आफैले स्वतन्त्ररूपमा गर्न सक्दछन् भन्ने हो । आदिवासी जनजातिहरूलाई राज्यको हरेक निकायमा पूर्णरूपमा सहभागी हुने अधिकार छ र आफ्नो विशिष्ट राजनीतिक, कानूनी, आर्थिक, सामाजिक र सांस्कृतिकलगायतका विशिष्ट संस्थाहरूलाई कायम राखेर अझ सुदृढ गर्ने अधिकार पनि छ । आदिवासी जनजातिहरूलाई आफ्नो पहिचान र सदस्यता निर्धारण र आफनो प्रक्रिया, प्रथा र परम्पराअनुसार आफनो संस्थाको नेतृत्व छनौट गर्ने अधिकार छ ।

## भूमि, भू-क्षेत्र र स्रोतहरूमा अधिकार

आदिवासी जनजातिलाई भूमि, भू-क्षेत्र र स्रोतहरूमा अधिकार छ । आदिवासी जनजातिको भूमि व्यवस्थाका सम्वन्धमा प्रथा र परम्परालाई सम्मान गर्दै यी भूमि, भू-क्षेत्र र स्रोतहरूको कानुनी मान्यता र संरक्षण दिनु पर्दछ । आदिवासी जनजातिहरूलाई भूमि, भू-क्षेत्र र स्रोतहरूसँग आफनो विशिष्ट अध्यात्मिक सम्वन्ध कायम राख्न र सबल बनाउने र भावी पिंढीलाई यी सबै हस्तान्तरण गर्ने अधिकार छ ।

भूमि, भू-क्षेत्र र स्रोतहरूसँग सम्वन्धित विवादहरू समाधान गर्दा राज्यले सरोकारवाला आदिवासी जनजातिहरूसँग मिलेर खुला र पारदर्शी प्रक्रिया स्थापना र कार्यान्वयन गर्नेछ ।

## स्वतन्त्र, पूर्वसूसुचित सहमति

आदिवासी जनजातिलाई निम्न विषयमा स्वतन्त्र, पूर्वजानकार मञ्जुरीको अधिकार छ :

क) आफनो भूमि वा भू-क्षेत्रबाट बाध्यात्मक विस्थापन वा पुनर्स्थापनाको कुनै पनि कार्य ।

ख) आदिवासी जनजातिलाई प्रभाव पार्ने विद्यमान र नयाँ कानुन वा नियममा सरकारले गर्ने कुनै पनि परिवर्तनको काम ।

ग) कुनै पनि परियोजना जसले आदिवासी जनजातिको भूमि र भू-क्षेत्रको विकास, उपयोग वा खनिज, जल वा अन्य स्रोतको

दोहनमा प्रभाव पार्दछ ।

घ) आदिवासी जनजातिको भूमि वा भू-क्षेत्रमा विषादी वा खतराजन्य कुनै पनि बस्तु भण्डार गर्न वा फ्याक्न हुंदैन ।

स्वतन्त्र, पूर्वजानकार मञ्जुरी भन्नाले आदिवासी जनजातिको सामूहिक निर्णय प्रक्रियाका आधारमा परियोजना कार्यान्वयन अघि बढाउन सकिन्छ वा अस्वीकार गर्ने वा शर्त राख्ने भन्ने कुराको निर्धारण आदिवासी जनजाति आफैले गर्नु पर्नेछ ।

## विकासमा अधिकार

आदिवासी जनजातिहरूलाई आफ्ना राजनीतिक, आर्थिक र सामाजिक पद्दती र संस्थाहरू कायम राख्ने र विकास गर्ने र परम्परागत र अन्य आर्थिक गतिविधि स्वतन्त्रपूर्वक संलग्न हुने लगायतका आफ्नो जीविकोपार्जनको साधन हासिल र विकास गर्ने अधिकार छ । यस्तो साधनबाट बञ्चित भएकाहरूलाई न्यायपूर्ण र धाँधलीरहित उपचारको अधिकार छ । आदिवासी जनजातिहरूलाई आफ्नो विकासको प्राथमिकता र रणनीतिहरू निर्धारण गर्ने र सम्भव भएसम्म आफनै संस्थाहरूले चलाउने गरी स्वास्थ्य, आवास र अन्य आर्थिक तथा सामाजिक कार्यक्रमहरूमा सक्रियतापूर्वक संलग्न हुने अधिकार छ ।

आदिवासी जनजातिको आर्थिक तथा सामाजिक अवस्थामा सुधार ल्याउन राज्यले विशेष व्यवस्था गर्नेछ । यसोगर्दा आदिवासी जनजाति वृद्ध, वृद्धाहरू, महिला, युवा, बालबालिका र भिन्न प्रकारले सक्षम व्यक्तिका अधिकार र विशेष आवश्यकतालाई ध्यान दिनु पर्दछ । राज्यले आदिवासी जनजातिको बालबालिकालाई आर्थिक शोषण र सबै प्रकारको बाल श्रमबाट सुरक्षा गर्न विशेष व्यवस्था गर्नेछ ।

## संस्कृति र सांस्कृतिक सम्पदा

आदिवासी जनजातिहरू र व्यक्तिलाई आफ्नो संस्कृतिको बाध्यात्मक एकीकरण वा विनास हुनबाट जोगिने अधिकार छ र राज्यले बाध्यात्मक एकीकरण रोक्न र उपचार प्रदान गर्न प्रभावकारी संयन्त्र बनाउने छ ।

आदिवासी जनजातिहरूलाई विधिविधानका वस्तु र मानव अस्तुको स्वदेश फर्काउन पाउने अधिकारको प्रयोग र नियन्त्रणलगायत आध्यात्मिक र धार्मिक परम्परा, विधिविधानको प्रदर्शन, व्यापार, विकास र सिकाउने अधिकार छ । राज्यले सरोकारवाला आदिवासी जनजातिहरूसँग मिलेर यस्ता विषयमा आदिवासी जनजातिको पहुँच वा स्वदेश फर्काउन पाउने अधिकारका लागि संयन्त्र विकास गर्नेछ । आदिवासी जनजातिहरूलाई आफना सांस्कृतिक सम्पदा, परम्परागत ज्ञान, र परम्परागत सांस्कृतिक अभिव्यक्तिलाई कायम राख्ने, नियन्त्रण, संरक्षण र विकास गर्ने साथै आफना विज्ञान र प्रविधी र संस्कृति प्रवर्द्धन गर्ने अधिकार छ ।

## शिक्षा

आदिवासी जनजातिलाई आफ्नो शिक्षा पद्दती र संस्थाहरूमा आफ्नै मातृभाषा र विधी प्रयोग गरी स्थापना र नियन्त्रण गर्ने अधिकार छ ।

साथै, राज्यले प्रदान गर्ने सबै तह र प्रकारका शिक्षा पाउने पनि अधिकार छ । राज्यले सम्भव भएसम्म आदिवासी जनजाति व्यक्तिहरूलाई आफ्नै संस्कृतिअन्तर्गग आफ्नै मातृभाषामा शिक्षामा पहुँच बढाउन प्रभावकारी उपाय अवलम्वन गर्नेछ । आदिवासी जनजातिहरूलाई आफ्नो संस्कृति, परम्परा, इतिहास र चाहनाहरूको सम्मान र विविधताको अधिकार छ र यो शिक्षा र सार्वजनिक जानकारीहरूमा उपयुक्त तरिकाले प्रतिविम्वित भएको हुनु पर्दछ । राज्यले आदिवासी जनजाति र बाँकी अन्य समुदायबीच भएका गलत धारणा हटाउन र विभेद अन्त्य गर्न साथै सहनशीलता, बुझाइ र असल सम्बन्ध प्रवर्द्धन गर्न प्रभावकारी उपायहरू अवलम्वन गर्नेछ ।

### स्वास्थ्य

आदिवासी जनजातिहरूलाई आफ्नो परम्परागत औषधि, स्वास्थ्यका प्रचलनहरू कायम राख्ने र उच्च स्तरको शारीरिक र मानसिक स्वास्थ्य हासिल गर्ने अधिकार छ । यदि विषादी वा खतराजन्य वस्तुहरूबाट आदिवासी जनजातिलाई प्रभावित गर्दछ भने आदिवासी जनजातिको स्वास्थ्यमा सुधार ल्याउन वा सम्वोधन गर्न उपयुक्त कार्यक्रम सुनिश्चित गर्नु पर्दछ । यस्ता कार्यक्रमहरू प्रभावित आदिवासी जनजातिहरूले नै निर्माण गर्नु पर्दछ ।

### यो घोषणापत्रसँग जलवायु परिवर्तन र रेड्को के सम्बन्ध छ ?

आदिवासी जनजातिसँग सम्वन्ध राख्ने जलवायु परिवर्तनसम्वन्धी नीतिहरू निर्माण र कार्यान्वयन गर्दा यो घोषणापत्रको खाकाअनुसार तयार गर्न र यसअनुसार निर्देशित हुनु पर्दछ । आदिवासी जनजातिको भू-क्षेत्रमा कार्यान्वयन गरिने जलवायु परिवर्तनलगायत कुनै पनि नीति, कार्यक्रम वा परियोजनाहरू आदिवासी जनजातिहरूको स्वतन्त्र, पूर्वजानकार सहमतिबाट गरिनु पर्दछ । जलवायु परिवर्तनसम्वन्धी गतिविधिहरूका कारण आदिवासी जनजातिले भोग्नुपरेका धेरैजसो समस्याहरू यही सहमति नलिएको हुँदा उत्पन्न भएको हो ।

### के तपाईले मलाई स्वतन्त्र, पूर्वसुसूचित सहमति (FPIC) भनेको के हो बताइदिन सक्नुहुन्छ ?

स्वतन्त्र, पूर्वजानकार सहमति भन्नाले आदिवासी जनजातिहरूको एकमत वा सहमति हो जुन आदिवासी जनजातिहरूको परम्परागत कानुन र प्रचलनअनुसार आएको हुन्छ । यसको अर्थ यो होइन कि प्रत्येक व्यक्तिले सहमति दिनु पर्दछ । यसको अर्थ के हो भने परम्परागत कानुन र प्रचलनअनुसार सबैको एकमत भएको निर्धारण गर्नु हो । केही कुराहरूमा भने आदिवासी जनजातिहरूले परम्परागत कानुन र प्रचलनअनुसार औपचारिक वा पूर्णरूपमा आधारित नभएको प्रक्रिया र संस्थाहरूको माध्यम पनि अभिव्यक्त गर्न सक्दछन् । जस्तैः कानुनी परिषद्हरू र जातीय सरकारहरू । प्रक्रियाहरूको प्रकृति जे भएपनि प्रभावित आदिवासी

जनजातिहरूलाई सहमति अस्वीकार गर्ने वा शर्त पुरा नभएसम्म सहमतिलाई थाँती राख्ने अधिकार छ । सहमति प्राप्त गर्न बाध्य पार्न र जालझेल गर्न पाइदैन । 'स्वतन्त्र' सहमति हुनु पर्दछ । सहमति लिनुअघि परियोजनाको उद्देश्य, कार्यक्षेत्र तथा वातावरण र जनतामा पार्ने प्रभाव लगायतका सम्पूर्ण जानकारीहरू प्रभावित आदिवासी जनजातिहरूले बुझ्ने भाषामा उपलब्ध गराउनु पर्दछ । यसैलाई 'जानकार' सहमति भनिन्छ ।

आदिवासी जनजातिको अधिकारसम्वन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्रमा स्वतन्त्र, पूर्वजानकार सहमतिका सम्वन्धमा निम्न प्रावधानहरू छन् :

धारा १०

आदिवासी जनजातिलाई उनीहरूको भूमि वा क्षेत्रबाट बलपूर्वक हटाइने छैन । सम्वन्धित आदिवासी जनजातिको स्वतन्त्र, पूर्वजानकार सहमतिबिना तथा न्यायिक एवं उचित क्षतिपूर्ति दिने सहमति र सम्भव भएमा फिर्ता हुने विकल्प नभई कुनै पुनर्स्थापना कार्य गरिने छैन ।

धारा ११

आदिवासी जनजातिहरूको स्वतन्त्र, पूर्वजानकार सहमतिबिना वा उनीहरूको कानुन, परम्परा तथा प्रचलनहरूको उल्लंघन हुने गरी लिइएका उनीहरूको सांस्कृतिक, बौद्धिक, धार्मिक तथा आध्यात्मिक सम्पत्तिहरूका सम्बन्धमा प्रभावकारी संयन्त्रहरू आदिवासी जनजातिसँगको सहकार्यमा तयार गरिएको प्रत्यवस्थापन समेतका माध्यमबाट राज्यहरूले क्षतिपूर्ति उपलब्ध गराउने छन् ।

धारा १९

आदिवासी जनजातिलाई प्रभाव पार्ने कानुनी वा प्रशासनिक उपायहरू अवलम्वन वा कार्यान्वयन गर्नुपूर्व राज्यहरूले आदिवासी जनजातिको स्वतन्त्र, पूर्वजानकार सहमति प्राप्त गर्न सम्वन्धित आदिवासी जनजातिका आफ्नै प्रतिनिधिमूलक संस्थाहरूमार्फत् उनीहरूसँग असल नियतबाट परामर्श र सहयोग गर्नेछन् ।

धारा २८.१.

आदिवासी जनजातिलाई उनीहरूले परम्परागत रूपमै स्वामित्व हासिल गरेका वा अन्य ढङ्गबाट कब्जामा राख्दै आएका वा प्रयोग गर्दै आएका भूमि, क्षेत्र तथा संसाधनहरू आफ्नो स्वतन्त्र, पूर्वजानकार सहमतिबिना अधिग्रहण गरिए, लिइए, कब्जा गरिए, प्रयोग गरिए वा नष्ट गरिएमा प्रत्यवस्थापना लगायतका माध्यमबाट क्षतिपूर्ति प्राप्त गर्ने वा सम्भव नभएमा उचित, स्वच्छ र न्यायोचित क्षतिपूर्ति प्राप्त गर्ने अधिकार हुन्छ ।

धारा २८.२.

सम्बन्धित मानिसहरूले स्वतन्त्रतापूर्वक सहमति जनाएको अवस्थामा बाहेक क्षतिपूर्ति समान गुणस्तर, आकार र कानुनी हैसियतको भूमि, क्षेत्र र संसाधनका रूपमा वा वित्तीय क्षतिपूर्तिका रूपमा वा अन्य उपयुक्त क्षतिपूर्तिका रूपमा प्राप्त हुनेछ ।

धारा २९.
आदिवासी जनजातिको स्वतन्त्र, पूर्वजानकार सहमतिबिना उनीहरूको भूमि वा क्षेत्रमा जोखिमयुक्त पदार्थहरूको भण्डारण वा बिसर्जन गरिने छैन भन्ने कुरा सुनिश्चित गर्न राज्यहरूले प्रभावकारी उपायहरू अवलम्वन गर्नेछन् ।

धारा ३२.
आदिवासी जनजातिको भूमि वा क्षेत्र, विशेषगरी खनिज, जल वा अन्य संसाधनको विकास, उपयोग वा शोषणसँग सम्बन्धितलाई प्रभावित पार्ने कुनै आयोजना स्वीकृत गर्नुपूर्व राज्यहरूले आदिवासी जनजातिको स्वतन्त्र, पूर्वजानकार सहमति प्राप्त गर्नका लागि उनीहरूको आफ्नै प्रतिनिधिमूलक संस्थाहरूका माध्यमबाट सम्बन्धित आदिवासी जनजातिसँग असल नियतबाट परामर्श तथा सहयोग गर्नेछन् ।

## रेड्मा हाम्रा वन र स्रोतहरू संलग्न छ र म बसोवास गरेको भूमि पनि त्यसैभित्र पर्नसक्छ । यसबारे घोषणापत्रमा के छ ?

आफनो भूमि, भू–क्षेत्र र प्राकृतिक स्रोतहरूको अधिकारबाट बञ्चित गरिनु आदिवासी जनजातिहरूले भोग्ने गरेको एउटा साझा र महत्वपूर्ण समस्या हो । प्राकृतिक स्रोतहरूको दोहन गर्ने काम विकट क्षेत्रहरूमा समेत पुग्न थालेकोले यो समस्या झनै नाजुक हुँदैछ । आदिवासी जनजातिको अधिकारलाई कानुनी मान्यता नदिने राष्ट्रहरूमा यो अझ खराव छ । यत्तिमात्र नभएर धेरै राष्ट्रहरूको कानुन र नीतिहरूले आदिवासी जनजातिको अस्तित्वसम्म पनि स्वीकार गर्दैनन् । भूमि र प्राकृतिक स्रोतहरूमा अधिकार तथा यसको उपयोग र व्यवस्थापनको अधिकारलाई अस्वीकार गर्नु आदिवासी जनजातिहरूले जैविक विविधता गुमाउनु र यसबाट हाम्रा समुदायहरूले कठोर चुनौतीको सामना गर्नुपर्ने अवस्था सिर्जना हुनु हो ।

भूमि र स्रोतमा अधिकारका बारेमा घोषणापत्रमा भएका प्रावधानहरू यस प्रकार छन् :
धारा २५
आदिवासी जनजातिलाई परम्परादेखि नै आफूहरूको स्वामित्वमा राखेको वा अन्य किसिमबाट कब्जा गरी प्रयोग गर्दै आएको भूमि, भू–क्षेत्र, पानी र तटवर्तीय समुद्र तथा अन्य संसाधनसँगको आफ्नो पृथक आध्यात्मिक सम्वन्धलाई कायम राख्ने तथा सुदृढ पार्ने तथा यस सम्वन्धमा भावी पुस्ताप्रतिको आफ्नो उत्तरदायित्व बहन गर्ने अधिकार हुन्छ ।

धारा २६.१.
आदिवासी जनजातिलाई परम्परादेखि नै आफूहरूले स्वामित्वमा राखेको, कब्जा गरेको वा अन्य किसिमबाट प्रयोग गर्दै आएको वा हासिल गरेको भूमि, भू–क्षेत्र तथा संसाधनहरूमाथिको अधिकार हुन्छ ।

धारा २६.२.
आदिवासी जनजातिलाई परम्परागत स्वामित्व वा अन्य परम्परागत कब्जा वा प्रयोगका कारण आफूहरूसँग रहेको तथा आफूहरूले अन्य किसिमबाट हासिल गरेको भूमि, क्षेत्र तथा संसाधनहरूको स्वामित्व पाउने, तिनको प्रयोग गर्ने, विकास गर्ने तथा नियन्त्रण गर्ने अधिकार हुन्छ ।

धारा २६.३.
राज्यहरूले यी भूमि, क्षेत्र तथा संसाधनहरूलाई कानुनी मान्यता तथा संरक्षण दिनेछन् । त्यस्तो मान्यता सम्वन्धित आदिवासी जनजातिको प्रचलन, परम्परा तथा भूमिस्वामित्व प्रथालाई ध्यानमा राख्दै प्रदान गरिनेछ ।

## आदिवासी जनजातिको विकासमा अधिकारका बारेमा घोषणापत्रमा के व्यवस्था छ ?

घोषणापत्रले आत्मनिर्णयको अधिकार सहितको विकासमा जोड दिएको छ । घोषणापत्रको धारा ३ मा भनिएको छ, 'आदिवासी जनजातिलाई आत्मनिर्णयको अधिकार हुन्छ । त्यस अधिकारका कारण उनीहरू आफ्नो राजनीतिक स्थितिबारे स्वतन्त्ररूपमा निर्णय गर्दछन् र आफ्नो आर्थिक, सामाजिक तथा सांस्कृतिक विकासको खोजी गर्दछन् ।'

## आत्मनिर्णयको अधिकार सहितको विकास यसरी अभिव्यक्त भएको छ :

- आन्तरिक र स्थानीय मामला र स्वायत्त कार्यका लागि लगानी गर्ने साधन र उपायका सम्वन्धमा स्वायत्तता र स्वशासन ।
- आदिवासी जनजातिलाई प्रभाव पार्ने कुनै पनि कार्यमा स्वतन्त्र, पूर्वजानकार सहमतिको सिद्धान्तको सम्मान ।
- आदिवासी जनजातिलाई प्रत्यक्ष वा अप्रत्यक्षरूपमा प्रभाव पार्ने कुनै पनि कार्यको हरेक चरणमा पूर्ण र प्रभावकारी सहभागिता । आदिवासी जनजातिहरूले आफनो परम्परागत अधिकारी वा प्रतिनिधिमूलक संस्थाहरूमार्फत सहभागिता जनाउन सक्नेछन् । यस्तो सहभागिता सहव्यवस्थापनका रूपमा समेत हुन सक्नेछ (परियोजना, कार्यक्रम, संरक्षित क्षेत्र आदिको सरकारी र गैर-सरकारी संस्थाले संयुक्तरूपमा व्यवस्थापन) ।
- आदिवासी जनजातिहरूको परम्परागत सामाजिक-राजनीतिक संस्थाहरू, न्याय र द्वन्द समाधानको औपचारिक मान्यता ।
- आफ्ना आर्थिक, सामाजिक तथा सांस्कृतिक विकासलाई स्वतन्त्र रूपले परिभाषित गर्न र प्राप्तगर्ने अधिकारको मान्यता ।

अब मसँग यी सबै जानकारी छ र आदिवासी जनजातिको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्रका सन्दर्भमा हाम्रो समुदायले के गर्न सक्छ ?

आदिवासी जनजातिले जलवायु परिवर्तनको न्यूनीकरणमा महत्वपूर्ण भूमिका खेल्ने भएकोले हामीलाई प्रभाव पार्ने नीति तथा कार्यक्रमका सबै

NEFIN

तहहरूमा हाम्रो अर्थपूर्ण र प्रभावकारी सहभागिता सुनिश्चित हुनु महत्वपूर्ण छ । आदिवासी जनजातिलाई प्रभावित गर्ने नीति तथा कार्यक्रमहरू कस्तो हुनु पर्दछ भन्ने सम्वन्धमा घोषणापत्रले खाकाको काम गर्दछ ।

एन्कोरेज घोषणापत्रले यिनै कुरालाई जोड दिंदै उल्लेख गरेको छः 'जलवायु परिवर्तनसम्वन्धी सबै नीति निर्णय प्रक्रिया र कार्यहरूमा घोषणापत्रमा उल्लेख भएका आदिवासी जनजातिका नैसर्गिक अधिकारहरूलाई सम्मान गर्नु पर्दछ ।' जलवायु परिवर्तनका प्रक्रियाहरूमा आदिवासी जनजातिलाई संलग्न राख्न घोषणापत्रले खाकाको रूपमा काम गर्दछ । आदिवासी जनजाति र समुदायहरूका लागि अबको बाटो यस प्रकार भएको पहिचान गरेको छ :

- हाम्रा भूमि र भू-क्षेत्रमा प्रभावकारी र उपयुक्त न्यूनीकरण र अनुकूलनका उपायहरू कार्यान्वयनका लागि जलवायु परिवर्तनका बारेमा हामीले गहिरो जानकारी बढाउने । हामीले हाम्रा समुदायमा शिक्षा र चेतना जगाउने अभियान सञ्चालन गर्नु पर्दछ ।
- अन्य आदिवासी जनजाति र समुदायहरू तथा सरकार र गैर-सरकारी संस्थाहरूसँग हाम्रो संलग्नता र सम्वन्ध बलियो बनाउनु पर्दछ ।
- हाम्रा परम्परागत ज्ञान र दिगो वन व्यवस्थापनका प्रचलनहरू प्रयोग गरेर, आत्मनिर्णित विकास कार्यान्वयन गरेर न्यूनीकरण र अनुकूलनका सम्बन्धमा हाम्रो क्षमता अभिवृद्धि गर्नु पर्दछ ।
- युवा र महिला लगायतका आदिवासी जनजातिहरूलाई जलवायु परिवर्तनले कसरी प्रभाव पारिहेको छ र स्थानीय तहमा न्यूनीकरण र अनुकूलनका रणनीतिहरूमा आदिवासी जनजातिहरूको के योगदान छ भनेर दस्तावेज तयार गर्नुपर्दछ ।
- जलवायु परिवर्तनका न्यूनीकरण र अनुकूलनका रणनीतिहरू विकास गर्दा परम्परागत ज्ञान, आविष्कार र प्रचलनहरूका जानकारी अन्य समुदायहरूसँग बाँडचुड गर्नुपर्दछ । यसअन्तर्गत भूमि, जल र समुद्र आदि, परम्परागत खेतीपाती, कृषि वनस्पतिमा विविधता, पशुपालन र जडिबुटी आदि सम्वन्धी ज्ञान र उपयोग समेत पर्दछ । यी सबैमा हामीले हाम्रा बौद्धिक सम्पत्तिमाथिको अधिकारलाई स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय तहहरूमा संरक्षित र सम्मानित गर्नु पर्दछ ।
- विभिन्न (स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय) तहमा हुने जलवायु परिवर्तन सम्वन्धी बैठकहरूमा भाग लिने, बोल्ने र सम्भव भएसम्म हाम्रा अधिकार सुरक्षा गर्ने र अडान प्रस्तुत गर्ने गर्नु पर्दछ । यी प्रक्रियाहरूमा महिला र बालबालिकाको सहभागिता सुनिश्चित गर्नु पर्दछ ।
- रेड्को रणनीतिपत्र लेख्ने र प्रविधि, वित्तीय, अनुकूलन र न्यूनीकरण तथा क्षमता अभिवृद्धिका सवालहरू समेट्नु पर्दछ । रेड्अन्तर्गतका सबै पहलहरूले परम्परागत प्रचलन र प्रथाजन्य कानुन लगायतका आदिवासी जनजातिका अधिकारहरूलाई मान्यता र संरक्षणको सुनिश्चत गर्न मद्दत गर्नु पर्दछ ।

- घोषणापत्रको कार्यान्वयनका लागि गरिने अभियानलाई समर्थन गर्नु पर्दछ ।
- जहाँ हाम्रा अधिकारलाई मान्यता दिएको छैन, त्यहाँ शिकार तथा वनस्पति र जनावरहरूको संकलन गरी हाम्रो परम्परागत प्रयोगलाई कायम राख्ने अधिकारको मान्यताका लागि अभियान चलाउनु पर्दछ ।
- हाम्रा भू-क्षेत्रमा परम्परागत ज्ञान, वातावरण–मैत्री प्रविधिहरू, सांस्कृतिक विविधता र जैविक विविधताको प्रवर्द्धन र विकास गर्नु पर्दछ ।
- जलवायु परिवर्तनलाई खराव गर्ने र हाम्रा अधिकारहरू उल्लंघन गर्ने परियोजना र नीतिहरूका (खानी उत्खनन्, काठ्, बाँध आदि) विरूद्ध आदिवासी जनजातिको अभियानलाई समर्थन गर्नु पर्दछ ।
- जलवायु परिवर्तनमा हाम्रो प्रभावकारी र अर्थपूर्ण सहभागिताको अधिकार सुनिश्चिगत गर्न तथा हाम्रो दृष्टिकोण र प्रस्तावहरूलाई सम्मान र कार्यान्वयन गर्न जलवायु परिवर्तनको संयुक्त राष्ट्रसंघीय खाका महासन्धिका प्रक्रियाहरूअन्तर्गत खास गरेर संयुक्त राष्ट्रसंघीय निकायहरू र बहुपक्षीय संस्थाहरूमा दिगो दबाव र जनवकालतका कार्यहरू गर्नु पर्दछ ।
- जलवायु परिवर्तनका राष्ट्रिय नीति निर्माण गर्ने काममा सक्रिय सहभागिता जनाउनु पर्दछ ।



## कार्ययोजना - ५

# जन–वकालत

## उद्देश्य

आदिवासी जनजाति समुदायका अगुवाहरूलाई जनवकालतका बारेमा थप बुझ्नका लागि मद्दत पुऱ्याउने । प्रभावकारी जनवकालतका लागि आवश्यक ज्ञान दिने ।

NEFIN

## आवश्यक सामग्रीहरू

- सेतो बोर्ड
- पोष्टर वा फ्लिप चार्ट
- रंगीन कार्ड
- मार्कर पेनहरू
- टेप
- पावर प्वाइन्ट प्रस्तुती गर्ने भए त्यस सम्बन्धी सामग्रीहरू (ल्यापटप, प्रोजेक्टरलगायतका सामग्रीहरू)
- विषयसँग सम्बन्धित छोटा वृत्तचित्र, पोष्टर तथा तस्वीरहरू

| समय | विषयबस्तु | क्रियाकलाप |
|---|---|---|
| कक्षा १<br>१.३० घण्टा | जनवकालत<br>• जनवकालत भनेको के हो ?<br>• जनवकालतका के–कस्ता प्रक्रियाहरू हुन्छन् ?<br>• जनवकालतमा ध्यान दिनुपर्ने विषयहरू के-के हुन् ?<br>• सञ्चार अभियान भनेको के हो ?<br>• जनवकालतले कसरी जलवायु परिवर्तन र रेडमा आदिवासी जनजातिहरूको अधिकार सुनिश्चित गर्न सघाउ पुऱ्याउन सकिन्छ ? | • जनवकालतका के-कस्ता उपायहरू अबलम्वन गर्दै आएका छन् भन्ने सम्बन्धमा सहभागीहरूबाट राय लिने ।<br>• जनवकालतसम्वन्धी बुझाइका बारेमा सहभागीहरूको भनाइलाई लिएर छलफल गराउने<br>• सहभागीहरूबाट उठेको विषयहरूसमेत समेटिने गरी जनवकालतको महत्व, यसका प्रकारहरू तथा त्यसका लागि अति जरूरी विषयहरूका सम्बन्धमा एउटा प्रस्तुती गर्ने ।<br>• **अभिनय (सञ्चार अभियान)**<br>एउटा पत्रकार सम्मेलनको आयोजना गर्ने । यसका लागि एकजनाले सहभागी समुदायको अगुवाको रूपमा प्रस्तुत हुने । बाँकी सहभागीहरूले पत्रकारको भूमिका निभाउने । यसका लागि समुदायको अगुवा बनेका सहभागीले आफ्नो तर्फबाट पत्रकार सम्मेलनमा जानकारी दिन चाहेको एउटा सन्देश (प्रेस विज्ञप्ति) को तयारी गर्ने र पत्रकार सम्मेलनको आयोजना गर्ने । पत्रकारको भूमिकामा प्रस्तुत हुने सहभागीहरूले पत्रकारले जस्तै आफुलाई लागेको जिज्ञासाहरू राख्ने र समुदायको अगुवाबाट जवाफ प्राप्त गर्ने । यो अभिनय वनजंगल, जलवायु परिवर्तन र रेड प्रक्रियासँग सम्बन्धित हुनेछ । |

## कार्ययोजना ४ अनुसार आवश्यक पाठ्य सामग्री

**जन–वकालतको परिभाषा**

जन-वकालतको अर्थ कुनै निश्चित उद्देश्य लिएर आम मानिसहरूबाट समर्थन प्राप्त गर्नको लागि गरिने प्रयास हो । यसलाई अंग्रेजीमा Advocacy भनिन्छ ।

## जन–वकालतले निम्न कुराहरूलाई बुझाउँदछ

- आफुले समर्थन गर्ने र अरूलाई पनि समर्थनका लागि उत्प्रेरित गर्ने
- आफुले समर्थन गर्ने विषयमा सार्वजनिक रूपमा बोल्ने, लेख्ने वा अरूको ध्यान खिच्ने
- आफुले समर्थन गरेको विषयमा नीति निर्माताहरूको ध्यान तान्ने र उनीहरू पनि त्यही अनुरूप काम गर्नका लागि दवाव दिने
- सरकारी तथा गैरसरकारी संस्थाहरूको नीति नियमहरूमा परिवर्तनका लागि दवाव दिने
- समस्याहरूको समाधानका लागि उपायहरू सुझाउने
- आमजनतालाई सहभागी गराउने
- आफु सहमत भएको जुनसुकै विचारको पक्ष वा बचाउका लागि उत्प्रेरित गर्ने

## जन-वकालतका तरिकाहरू

**सूचना संकलन**

जनवकालतका लागि सूचनाको संकलन अति आवश्यक कुरा हो । त्यसैले गर्दा आवश्यक तथ्य तथ्यांक तथा अनुसन्धानबाट आएका विवरणहरू तथा अरूले लेखेका, भनेको कुराहरूलाई संयोजन गरेर राख्नु आवश्यक छ । यही सूचनाको आधारमा हामीले कसरी अघि बढ्ने भन्ने सम्बन्धमा योजनाहरू बनाउन सकिन्छ ।

## सूचनाको प्रवाह

संकलन गरेको सूचना आफुसँग राख्नका लागि मात्र होइन । त्यसलाई प्रवाह गर्नका लागि पनि हो । तर, सूचना प्रवाह कसरी र कहिले गर्ने भन्ने सम्बन्धमा ख्याल गर्नु जरूरी हुन्छ । समुदायमा धेरै सूचनाहरू हुन्छ । त्यसो भन्दैमा त्यसका बारेमा बोलेर वा लेखेर मात्र त्यसको प्रवाह राम्रोसँग हुन सक्दैन । त्यसैले ठिक समयमा ठिक जानकारीहरू दिन सक्नुपर्छ । यसमा सन्देश कस्तो बनाउने र के भन्ने कुराको पनि महत्वपूर्ण भूमिका हुन्छ । निम्न ढंगले सूचना प्रवाह गर्न सकिन्छ । पोष्टर, पम्प्लेट छापेर, पुस्तक आदि लेखेर प्रकाशित गरेर, अन्तर्वार्ताहरू दिएर वा लेख लेखेर पनि सूचनाहरू प्रवाह गर्न सकिन्छ । त्यसैगरी भाषण गरेर पनि प्रवाह गर्न सकिन्छ ।

NEFIN

## सञ्चार अभियान

पत्रकार सम्मेलन, प्रेस विज्ञप्ति जारी गर्ने, अन्तर्वार्ता दिनेलगायतका कार्यहरूलाई हामी सञ्चार अभियान भन्न सक्छौं । यसका लागि हामीले पत्रपत्रिका, टेलिभिजनहरू तथा रेडियोहरूको प्रयोग गर्न सक्छौं । टेलिभिजन र रेडियोमा कार्यक्रमहरूसमेत गर्न सकिन्छ । पछिल्लो समयमा सामुदायिक रेडियोहरूले महत्वपूर्ण भूमिका खेल्दै आएको छ । कतिपय सामुदायिक रेडियोहरू आदिवासी जनजाति समुदायका व्यक्तिहरूले स्थापना गरेका पनि छन् ।

## सहकार्यका लागि गठबन्धन निर्माण

एक्लै हिंडेर कही पनि पुगिन्न । त्यसैले जन-वकालतको लागि सबैभन्दा महत्वपूर्ण कार्य भनेको गठबन्धनको निर्माण गर्नु हो । यसका लागि स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय तहसम्म गठबन्धन तयार गर्नु पर्दछ । यसका लागि आदिवासी जनजातिहरूले आफ्नो सवालहरूमा सहमति राख्ने जो सुकैसँग पनि गठबन्धन बनाउनुपर्ने हुन्छ । यसका लागि विभिन्न संघसंस्थाहरू हुन सक्छन् । जो आदिवासी जनजातिकै वा गैरआदिवासी जनजातिहरूको पनि हुन सक्छन् । त्यसैगरी, वकिल, पत्रकार, मानव अधिकारकर्मी जस्ता व्यक्ति वा संस्थाहरूसँग पनि गठबन्धन तयार पार्नुपर्ने हुन्छ ।

## सरकारी निर्णयहरूमा सहभागिता वा दवाव

आदिवासी जनजातिहरूले सरकारी अधिकारीहरूसँग काम गर्न सक्नु पर्दछ अर्थात सरकारका विभिन्न निकायहरूमा सहभागिता जनाउनु पर्दछ । यसो गर्दा त्यहाँ के भइरहेको छ र के कस्ता प्रक्रियाहरू अपनाएका छन् भन्ने कुराको जानकारी प्राप्त गर्न सकिन्छ । जसले गर्दा समुदायले आफुलाई नकारात्मक असर पर्ने निर्णयहरू तथा नीति नियमहरू बनाउनबाट रोक्न सक्षम हुनेछन् । यदि हामीले सहभागिता जनाएनौ भने त्यस्ता निर्णयहरू वा नीति नियमहरू बनेको थाहै पाउने छैनौं र एकैचोटी त्यसले समुदायमा नकारात्मक असरहरू देखाउन थालेपछि मात्र थाहा पाउने छौं । त्यसबेला हामीले धेरै कुरा गुमाइसकेको हुनेछ ।

## संवाद र छलफलहरू

समुदायका सदस्यहरूले सरकारी अधिकारी वा आफ्नो सवालहरूसँग सहमति नराख्ने समुहहरूसँगसमेत निरन्तर रूपमा संवाद र छलफलहरू गर्नु पर्दछ । यो पनि जन-वकालतको एउटा पाटो हो । यसले एकअर्काका कुराहरू बुझ्न, अडानहरू थाहा पाउन सघाउ पुग्दछ र सही अर्थमा भएको संवाद र छलफलहरूले सही र सकारात्मक परिणाम दिन सक्छ ।

NEFIN

## जनपरिचालन तथा प्रदर्शनहरू

जन-वकालतको सबैभन्दा महत्वपूर्ण चरण भनेको जनपरिचलान तथा प्रदर्शनहरू पनि हो । यसमा समर्थकहरू परिचालिन हुने गर्छन् । उनीहरूले भौतिक रूपमै आफ्नो उपस्थिति देखाउने छ । यसले आफ्नो समर्थकहरूको बलसमेत देखाउने छ । कतिपय अवस्थामा संवाद, छलफलहरूबाट पनि नतिजा निस्कन सकेन भने त्यस्तो अवस्थामा शक्ति प्रदर्शनका रूपमा समेत जनपरिचालन र प्रदर्शनहरूलाई लिने गरिन्छ ।

## जन-वकालतका लागि ध्यान दिनुपर्ने कुराहरू

- संभाव्य उद्देश्यको छनौट
- उपलब्ध तथ्य, तथ्यांक र अनुसन्धानहरूको उपयोग
- लक्षित समुहको पहिचान
- सन्देशको तयारी
- गठबन्धन निर्माण
- प्रभावशाली प्रस्तुती
- आर्थिक व्यवस्था
- आवधिक मूल्यांकन